# प्राचीन नेपाल

पुरातत्व विभागको मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या २०
श्रावण २०२९

Number 20
July 1972

सम्पादक
रमेशजङ्ग थापा

*Edited by*
**Ramesh Jung Thapa**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा मन्त्रालय, पुरातत्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्तिस्थान:-
साझा प्रकाशन
पुलचोक, ललितपुर

To be had of:-
Sajha Prakashan
Pulchok Lalitpur

मूल्य रु. ५।-

Price Rs. 5/-

Printed at Matribhoomi Press, Ghantaghar

प्राचीन नेपाल
संख्या २०
श्रावण २०२९

# Ancient Nepal

Number 20
July 1972



सम्पादक
रमेशजङ्ग थापा

*Editor*
**Ramesh Jung Thapa**

सहायक सम्पादक
रामचन्द्र ढुङ्गाना

*Assistant Editor*
**Ram Chandra Dhungana**

# Contents

# विषय-सूची


| | पृष्ठ | Page |
|---|---|---|
| नेपाल देशको इतिहास | १ | 1 |
| ऐतिहासिक पत्रस्तम्भ | २५ | 25 |
| लिस्तीको आड | | |
| *मोहनप्रसाद खनाल* | ३२ | 32 |
| नेपालमा सौर्यसंप्रदाय तथा नवग्रहमूर्ति | | |
| *तारानन्द मिश्र* | ३४ | 34 |
| भक्तपुरको मल्लकालको ऐतिहासिक ताडपत्र | | |
| *शंकरमान राजवंशी* | ४२ | 42 |
| नेपालमा कार्तिकेय एक अध्ययन | | |
| *हरिराम जोशी* | ४५ | 45 |
| Newar Marriage Customs | | |
| *Purna Harsha Bajracharya* | ५३ | 53 |

# नेपाल देशको इतिहास

(गताङ्कको बाँकी)

## शाहकाल

श्री श्री श्री श्री श्री ५ गोरखेश बडामहाराज पृथ्वी-नारायण शाहका प्रसंगले यिनका पुरखाहरूको अघिदेखिको पुस्तावारी वंशावलि संक्षेपले लेखिन्छ :-

अघि सूर्यवंशी र सोमवंशी राजाहरूलाई वीर विक्रमादित्य शालीवाहन राजाबाट दखल गरी आफू बडा महाराज हुँदा सूर्यवंशी र चन्द्रवंशी राजाहरू आआफ्ना राज्य छाडी यत्रतत्र लागेका थिए। त्यसै अवस्थामा ती शालीवाहन राजाले संपूर्ण क्षत्रियहरूलाई खोजेर जाँचबुझ गरी बुद्धिवर्गतअनुसार सुहाउँदो किसिमको राज्य दिँदै राजा थापना गर्दा ८०० राजा पुगे। ती मध्येमा ऋषिराज राणाजी नामक चन्द्रवंशीलाई राजपुतानाका मेवाड जिल्ला अन्तर्गत गढ चितवरमा राज्याभिषेक दिई भट्टारक पदले विभूषितसमेत गरे। पछि शालीवाहन राजा परलोक हुँदा मौन यवन जातले शालीवाहनको राज्य अंबल गर्दा मौन यवनको हुकुम चल्यो। तर गढ चितवरमा भने मौन र यवनको हुकुम नचली यी ऋषिराज राणाजीले आफ्नै हुकुम चलाई राज्य गरेका थिए। गढ चितवरमा राज्य गर्ने राजाहरू यी थिए:-

श्री राजा ऋषिराज भट्टारक
यिनका पुत्र राजा शिव भट्टारक
यिनका पुत्र राजा पद्म भट्टारक
यिनका पुत्र राजा दिलराम भट्टारक
यिनका पुत्र राजा श्याम भट्टारक
यिनका पुत्र राजा गोवर्धन भट्टारक
यिनका पुत्र राजा हरि भट्टारक
यिनका पुत्र राजा निधि भट्टारक
यिनका पुत्र राजा भास्कर भट्टारक
यिनका पुत्र राजा लीला भट्टारक
यिनका पुत्र राजा अभय भट्टारक
यिनका पुत्र राजा नामजान भट्टारक
यिनका पुत्र राजा देवशर्म भट्टारक

यति १३ पुस्तासम्मका राजाले आफ्ना राज्य कायमै राखी भोग गरेका थिए। यी देवशर्म भट्टारकका पालामा यवनको फौजले चढाई गरी त्यस गढ चितवरको राज्य अंबल गरे तापनि आखिर यिनै राजालाई राज्य सुम्पेको थियो। अनि यी राजाले आफ्ना राज्यमा अर्काको हुकुम चलेपछि भट्टारक पदवीले के गर्नु भनी आफ्ना जातको राणाजी भन्ने कहलाई उक्त गढ चितवरमा राज्य गरे।

श्री राजा अयुतबम राणाजी
तिनका पुत्र राजा शिवराम राणाजी
तिनका पुत्र राजा कनकबम राणाजी
तिनका पुत्र राजा यशोबम राणाजी

यति ४ पुस्तासम्म राणाजी कहलाई राज्य भोग गरे। त्यसपछि यिनका छोरा औदुम्बर राणाजीले बादशाहसंग सवालजवाफ र तरवारका कामबाट पनि सबै तरहले रिझाउँदा राव पदवी पाए। त्यस दिनदेखि औदुम्बर राणाजी राव कहलाए।

राजा औदुम्बर राणाजी राव
तिनका पुत्र राजा भट्टारकबम राणाजी राव
तिनका पुत्र राजा बीरविक्रम राणाजी राव

यिनका सन्ततिहरूमा झगडा पर्दा गढ चितवरदेखि फुटी कोही उत्तर पहाडी देशमा गए।

राजा बीरविक्रमका पुत्र जिल्लहरा राणाजी राव

तिनका पुत्र राजा अजिल्लहुरा राणाजी राव
तिनका पुत्र अतल राणाजी राव
तिनका पुत्र तुथा राणाजी राव
तिनका पुत्र दीपिका राणाजी राव
तिनका पुत्र हरि राणाजी राव
तिनका पुत्र ब्रह्म राणाजी राव
तिनका पुत्र बखान राणाजी राव
तिनका पुत्र मनोरथ राणाजी राव
तिनका पुत्र जय राणाजी राव
तिनका पुत्र जगत् राणाजी राव
तिनका पुत्र भोज राणाजी राव
तिनका पुत्र भूपति राणाजी राव

यिनका भैयाद फत्यसिंह राणाजी रावका सनदरबेटी भन्ने एक छोरी बहुतै राम्री थिइन् । ती बराबरको स्त्रीरत्न पृथ्वीभरमा अर्को कोही थिएन । त्यो खबर अकबर बादशाहले सुन्दा ती राणाजीलाई डाकी "तिम्री कन्या बहुतै खूबसूरत रहिछिन् । जाँचबुझ गर्दा ती बराबर स्त्रीरत्न अर्को ठहरिएन । जुन वस्तु तोफा ठहरिन्छ त्यो वस्तु बादशाहको हुन्छ । तसर्थ तिमीले कन्या दिनुपर्छ" भनी माग्दा ती राणाजी घरसल्लाह गर्छु भनी फर्के । अनि गड चितवरमा गई आफ्ना भाइभतिजाहरूसंग सल्लाह गरी यस्तो बेहोराको अर्जीपत्र लेखी पठाए :– "आआफ्ना जातमा आफू आफू बडा हुन्छन् । आफ्नै जातको शादी विवाह योग्य हुन्छ । बादशाहका उपर कुनै दुश्मन मनसुबा राख्दछन् भने रजपूतहरू ज्यान दिन तत्पर छन् । दौलत चाहियो भने हाम्रो जो दौलत छ त्यो बादशाहको हो । छोरी दिनका हकमा हाम्रो ज्यानमा बूंद छउंजेल जातमा फिरा पार्नेछैनौं ।" यस्तो जवाफ पाउँदा अकबरले आफ्नो हुकुम मानेनन् भनी फौज पठाई चढाई गर्दा ठूलो लडाई भयो । राजा भूपति राणाजी राव र भैयाद फत्य सिंह राणाजी रावप्रभृति धेरै रजपूतहरू खति भए । ती रजपूतहरूका रानी १३ जना सती गए । ती कन्याले पनि पाकेको तेलको कराहीमा फाल हाली प्राण त्याग गरिन् । त्यसपछि बादशाहले यिनीहरू जमीमर्द रहेछन् भनी बाँकी रहेका लश्करलाई त्यसै छोडी आफ्नो तख्ततिर फर्के । त्यसपछि त्यो गढ छाडी राजा भूपति राणाजीका जेठा छोरा उदयबम राणाजीले आफैंले उदयपुर शहर बसाई राज्य गरे ।

भूपतिका कान्छा पुत्र मन्मथ राणाजी राव उज्जयिनी शहरमा गए ।

उनका पुत्र विक्रम राणाजी राव

उनका पुत्र ब्रह्मणिका राणाजी राव र भूपाल राणाजी राव दुइ थिए । यी दुइ भाइको आफूसमा विरोध हुँदा जेठा ब्रह्मणिका उज्जयिनीमै बसे । कान्छा भूपाल राणाजी रावचाहीं त्यहाँबाट आफ्ना कुलदेवता साथमा लिई हिंडे । 'मलाई जुन ठाउँको खाली जमीनमा राखौला त्यहीं बस्नेछु' भनी कुलदेवताले भनेको हुनाले रिडीको बाटो गरी शके १४१७ मा सर्घामा आइपुग्दा ती भूपाल राणाजीले त्यहीं देवतालाई भूईंमा राखे । त्यसपछि इष्टदेवताले त्यहीं वास गरे । आफू पनि केही दिन त्यहीं बसेपछि अब यस डंवलले निर्बाह हुँदैन केही बन्दोबस्त गर्नुपर्ला भन्ने ठानी शाके १४१७ मा भीरकोटको खिलुङ भन्ने ठाउँमा पुगे । त्यहीं बाँकी कालाबन्जार जग्गा आबाद गरेर बसे । भूपाल राणाजी राव (३६) का जेठा हरिहरसिंह र कान्छा अजयसिंह दुबैको मध्येसबाट रघुवंशी रजपूतकी कन्या झिकाई विवाह गरे । अनि जेठा हरिहरसिंह रानी साथमा लिई ढोरतिर लागे । त्यहाँ मगरात मुलुकका ढोर, सतौं, गह्रौं, भीरकोट यी चार प्रदेश जिती त्यहाँको राजा भएर राज्य गरे । कान्छा अजयसिंहले आफ्ना रानीसमेत भई गुरु परमानन्द भट्टाचार्यलाई गुरुदक्षिणाको रूपमा आफू बसेको खिलुङ भन्ने जग्गा बितलब दिई पल्लो नुवाकोटमा गएर राजा भई रजाइं गरे । त्यसपछि यिनीहरूले खान भन्ने पदवी पाए ।

अजयसिंह खान
तिनका पुत्र जयन्त खान
तिनका पुत्र सूर्य खान
तिनका पुत्र सिम खान
तिनका पुत्र विचित्र खान
तिनका पुत्र जयदेव खान
तिनका पुत्र कुलमदन खान

यी कुलमदन खानले कास्कीमा आई रजाइं गर्दा केही कुरामा बादशाहलाई रिझाएर शाह पदवी पाए । त्यसपछि शाह कहलाए । राजा कुलमदन शाह ।

यिनका ७ छोरामध्ये जेठाले कास्कीमै रजाइं गरे ।

माहिला कालु शाहलाई लमजुङ दुरांडाँडाका पञ्चले राजा कुलमदन शाहसंग मागी लमजुङमा राजा थापे। यिनलाई लमजुङे शेषालीले शिकार खेल्ने निहुँ गरी वनमा पुऱ्याए। अग्ला ठाउँबाट सबै देखिन्छ भन्ने बहाना गरी अग्ला ठाउँमा राखेर धनुकाँड लिई चारैतिरबाट घेरेर मृगलाई हानेको बहाना गरी शेषालीहरूले राजालाई धोका दिएर मारे। अनि केही दिन त्यहाँ अराजकता चल्यो। यस्तो अराजकताले निर्वाह भएन भन्ने ठानी लमजुङेहरूले फेरि कुलमदन शाहकहाँ आइ बिन्ति गरे। "तिमी लमजुङेहरूले मेरा अर्का छोरालाई पनि मृगको बहाना गरी मार्नलाई लैजान आयौ?" भनी रिसाएर कुलमदन शाहले जवाफ दिए। सबै लमजुङे गैह्र पञ्च मिली हात जोडेर धरीधर्म गर्दै फेरि निवेदन गरे। 'महाराज, त्यो कर्म गरेको हामीले होइन, शेषाली जातिले हो। जसका पेटमा गाईको सास, त्यसको के विश्वास! ती पापी शेशालीहरूका दंगामा पर्दा त्यसो भएको हो। हामीलाई एउटा राजा नभई भएन, अब त्यस्तो हुनेछैन' भनी धरोधर्म गरी साह्रै जिद्दी गरे। यसबाट चित्त बुझ्दा राजाले भने "लौ तं जा भनी म कुनै छोरालाई पनि पठाउन्न। जेठाबाहेक ५ छोरालाई एकै बिच्छ्याउनामा सुताइदिन्छु, तिमीहरूका जुनचाहिँलाई रुचि लाग्छ, उसलाई खुशी गराई लैजान सक्छौ भने लैजाऊ।" यति भनी बेलुका ५ छोरालाई एकै बिच्छ्याउनामा सुताएका थिए। अनि लमजुङेहरूले कान्छा यशोबम शाहको सिह्रान अरूको भन्दा माथि सरेको देखी निद्रामा सिह्रान माथि सर्ने मानिस भाग्यमानी हुन्छ भन्ने सम्झी यिनैलाइ लैलाऊं भन्ने सम्मत गरे। त्यसपछि राजा कुलमदन शाहका कान्छा छोरा यशोबम शाहलाई ल्याई लमजुङमा राजा थापे।

## द्रव्य शाह

राजा यशोयम शाहका २ छोरा थिए। जेठा नरहरि शाह लमजुङमा राजा भए। कान्छा द्रव्य शाह गोठमा बसेका थिए। बालक छँदैमा एक दिन द्रव्य शाह दूध तताउन लागेका बखतमा श्री गोरखनाथ आई अलख जगाए। उनले दूध भिक्षा दिदा खुशी हुँदै गोरखनाथले भने "तेरा जीउले तपस्या गरेको छैन, तँलाइ गोरखाको राज्य मात्र भयो। तँदेखि चारौं राजा जो होला त्यो बडो ताप्यावान् हुनेछ। उसले धेरै देवताबाट वर पाई सिद्धहरूको संगत गर्दै राज्यको स्थिति र न्यायनिसाफ गरी सकल प्रजाहरूको पालना गर्ला। त्यसका सातौं राजाका पालादेखि नेपालको भोगसमेत गर्नेछन्।" यस्तो बरदान पाउँदा द्रव्य शाहले सोधे" न मेरो तपस्या, न मेरो ब्राह्मणहरूको सेवा। केबाट मसंग प्रसन्न भई दर्शन दिएर वरदान दिनुभयो?" श्री गोरखनाथले जवाफ दिए "अघि कुनै कालमा म नेपाल जाँदा त्यहांका मानिसहरूले मेरो अनादर गरेका हुनाले मलाई रिस उठी मृगस्थलीमा गएर सम्पूर्ण मेघमण्डल खिचेर तमाम नागहरूको आसन बाँधें। त्यस बखत बाह्र वर्षसम्म अनावृष्टि हुंदा प्रजाहरूले खूब दु:ख पाए। राजा नरेन्द्रदेवका पालामा बन्धुदत्त आचार्यले ध्यानदृष्टिले हेर्दा मलाइँ कुपित भएको ठह्राए। यिनै आचार्यका संमतले कामाक्षाबाट मेरा गुरु मत्स्येन्द्रनाथलाई धेरै भारत गरी नेपालमा ल्याए। त्यसपछि सब काम क्रोध छोडी त्यस आसनबाट उठी गुरुलाई प्रणाम गरें। त्यही मौका छोपी नाग र मेघहरू आआपना स्थानमा गए। त्यसपछि बराबर बृष्टि हुन थाल्यो। त्यो अनादर गरेको रिस अझ नछुटेको हुनाले बिनातपस्यैमा मैले तँलाई दर्शन दिएं। तँदेखि ११ पुस्ताका राजालाई नेपालको भोग अवश्य हुनेछ।" यति भनी श्री गोरखनाथ फर्के।

त्यसपछि द्रव्य शाहले दरवारमा आई "जुन काम हुकुम हुन्छ त्यो काम म गर्न सक्छु" भनी मुमासंग विन्ति गरे। "गर्न सके असल हो, काम लगाउँला" भन्ने जवाफ पाए। त्यसै राति नरहरि शाहसंग मुमाको सल्लाह हुँदा मुमाबाट "कान्छा मेरा गर्भमा छँदा मैले सपनामा जलपान गरी सूर्यलाइ निलेथें। अब यो सामान्य पुरुष हुनेछैन, तिमीहरूभन्दा धेरै पराक्रमी हुनेछ। सब मेरा जीउ छँदैमा तिमीहरू दुइ भाइको विरोध नपर्ने गर्छु" भनी "माहिला छोरा नरहरि शाहले नूनका मोहडाको कामकाज गर्नू, कान्छा द्रव्य शाहले रागीनासकोटमा रही उहीको कामकाज गर्नू" भनी काम छुट्याइदिइन्। त्यसैअनुसार द्रव्य शाह रागीनासआई बसेका थिए। त्यस अवस्थामा गणेश पाण्डे राजा मुकुन्द सेनसंग आई गोरखा छोराक बेलवासमा वास गरिरहेका थिए। त्यस जिल्लामा खड्का भन्ने थर भएका खस राजा थिए। ती राजाको अन्याय अनरीत पनि धेरै बढेको थियो। कुजात राजा भएको देख्दा गणेश पाण्डेले यहाँ क्षत्रिय राजा नभइ तरहले हुनन् भनी लमजुङ तार्कुका पन्तकी छोरी मागी विवाह गरेर सम्बन्ध बाँधे। अनि द्रव्य शाहसंग आउजाउ गर्न लागे।

एक दिन द्रव्य शाहको मनसुवा बुझी गणेश पाण्डेले भने 'क्षत्रियहरूको आफ्नो बलपराक्रम र न्यायबलले पृथ्वीको आर्जन गरी पालना गर्ने धर्म हो । यस बखत गोरखामा खड्का भन्ने नीच जाति राजा भइरहेछन् । हजुरले गोरखाको राज्य गर्ने उद्योग गरे बढिया होला ।" यस्तो विन्ति सुनेपछि 'बढिया भन्यौ, मेरो पनि मनसुवा छ, तर कस्तो तरहले उद्योग गरूँ" भनी द्रव्य शाहले भने । 'हजुरबाट केही देवताको भक्तिभावना गरिबक्सियोस्, म पनि गोरखाका मानिसहरूसंग सल्लाह गर्छु' भनी गणेश पाण्डे गोरखातिर लागे । अनि गोरखाका मगर, थापा प्रभृति सबै भलामानिससंग मतो गर्न लागे ।

उता रागीनासमा द्रव्य शाहले नारायणदत्त अर्ज्याललाई चेपेघाटमा गई पुरश्चरण गर भनी अह्राए । अर्ज्यालले चेपेघाटमा पुरश्चरण सिद्ध गरी गोरखा पुगे । 'बल नभई एकैपल्ट यहाँ आउनु ठीक हुँदैन । अहिले लिगलिगमा घले राजा आफ्ना बलले राजा भएको छ । त्यहाँको रीत कस्तो छ भने टीकाका दिनमा गादीमा बस्न जसले उछिन्छ, उही राजा हुन्छ । अघिका राजा त एकदुइ वर्ष मात्र हुन्थे, अहिलेको राजा त बलियो रहेछ, दश बाह्र वर्ष भयो त्यही राजा छँदैछ । पहिले त्यहाँ टीकाका दिनमा छलबल गरी कोट उछिन्नू र लिगलिग हात लाग्छ । त्यो हात लागेपछि धेरै बल बढ्छ । त्यसपछि यहाँ आउन सजिलो हुन्छ ।' गणेश पाण्डेले यस्तो सल्लाह दिए । अनि नारायणदत्त रागीनासमा आई द्रव्य शाहलाई सबै कुरा बताए । द्रव्य शाहले पनि त्यहीअनुसारको उद्योग गरी टीकाका दिन लिगलिगकोट उछिनेर गादीमा बसी लिगलिग हात लगाए ।

त्यसपछि गोरखामा गई १५ दिनसम्म लडाईं गर्दा पनि खड्का राजा वशमा आउन सकेनन् । गादीमा बस्ने साइत नजीकै आएको हुनाले गणेश पांडेले हात लिएका भगीरथ पन्त, अर्ज्याल, खनाल, बोहरा, मुरली खवास, मगर र थापाहरू सब जम्मा भई द्रव्य शाहलाई तल्लोकोटमा ल्याई राखे । अनि पांडे, पन्त, अर्ज्याल, मगरहरू खड्का राजासंग गई कुरा गर्दा कुरा मिलेन । त्यसपछि साइत आयो भनी गोरखाका पञ्चहरू सबै जनाले एकैमुख गरेर हमला गर्दा पनि खड्का राजालाई वशमा गर्न सकेनन् । त्यही मौकामा द्रव्य शाहले तरवार चलाई खड्का राजालाई मारे । अनि चाहिँदो सरादाम तयार गरी शास्त्रको मर्यादासित गणेशपूजा र मंगलपूर्वक यस चितवरमा रजाइँ गर्ने ऋषिराज भट्टारकदेखि ४५ पुस्ताका राजकुमार द्रव्य शाहलाई सिंहासनमा बसाले । शाके १४८१ साल सहकाल भाद्र वदि ८ रोज ४ रोहिणी नक्षत्रका दिन श्री नारायण पण्डितले राज्याभिषेक दिई तिलकपाती चढाए । त्यसपछि उपल्लाकोटका घले राजालाई पनि मारी निष्कण्टक राज्य गरे ।

यो समाचार लमजुङ पुग्यो । त्यहाँका राजा नरहरि शाहले अब द्रव्य शाह हाम्रा सल्लाहमा आउँदैनन् भन्ने तर्कवितर्कका कुरा गर्न लागे । उनकी मुमाले थाहा पाएर लमजुङबाट चम्पावती (चेपे) नदीमा आइन् । पछि छोराहरूमा झगडा नहोओस् भन्नाका निमित्त आफ्ना स्तनबाट दूध निकाली चम्पावती नदीमा बहाइन् । 'अब उप्रान्त कान्छा द्रव्य शाहले चेपे तरी दाजुसंग लडाइँ गर्न लमजुङतर्फ नआउनू, जेठा नरहरि शाहले पनि भाइसंग लडाईं गर्न चेपे नतर्नू । जो तर्ला उसलाई मेरो दूध लंघन भएको पातक लाग्ला' भनी मुमाबाट बन्देज भयो ।

त्यसपछि सोही साल आश्विन शुदि ८ का दिन तिनै नारायण पण्डितबाट श्री ५ द्रव्य शाहले आफ्ना कुलमा हिजोदेखि पुरखाले उपासना गरिआएकी श्री कालिकादेवीको महामन्त्र सुनी दीक्षा लिए । लमजुङमा रहेकी श्री कालिकादेवीलाई पनि गोरखामा ल्याउँछु भनी पुरश्चरण गर्दा 'मलाई गोरखामा लैजान्छौ भने मेरा स्थानदेखि बत्ती बाली ननिभाईकन लैजाऊ । ननिभाई पुऱ्यायौ भने म त्यसैको ज्वालामा आउँला' भन्ने सपना भयो । सोहीमाफिक लमजुङका राजा भारदारहरूले थाह नपाउने गरी दुइ जना ब्राह्मण गई देवीका स्थानदेखि बत्ती बाली ल्याउँदा दुइ फेरा बाटैमा निभ्यो । तेस्रो पल्टमा गोरखादरबारमा ल्याई माथि पूजाकोठामा लगेर राखे । त्यहीं बत्तीको पूजा गरेर ढोका बन्द गरी आए । भोलिपल्ट बिहान महाराज र पुरोहित गई हेर्दा साक्षात् शिलामय मूर्ति भई बिराजमान भएकी देखे । आश्चर्य मानी धन्य मेरो भाग्य भन्दै पूजा गरे । यसै सालका वडादशैंमा लमजुङदेखि सतार रांगो भागी गोरखामा आइपुग्यो । जुन कुरा श्री कालीमाइबाट स्वप्नमा आज्ञा भएथ्यो सोहीबमोजिम पूजाको र सुसारेको बन्दोबस्त गरी श्री कालीमाइलाई प्रसन्न गराए । यी राजाको विवाह सुभद्रादेवीसंग भएको थियो ।

उता लमजुङमा मुमा स्वर्ग भएपछि उहाँका भारदार-

हरू बसी रातीनासकोटबाट लिएको लिगलिगकोट कसरी उनले पाउँछन् भनी खेल गरी दगा गर्ने मनसुवा गरे। त्यसपछि नरहरि शाहले द्रव्य शाहलाइ 'यसपाला बुबाको श्राद्ध तिमी र म संगै बसी गरौं। मेरो प्रतीत नमाने धर्म गरी शंका फालेर संगै बसी श्राद्ध गरौंला।' भन्ने चिठी पठाए। गोरखाबाट पनि द्रव्य शाहले सबै भारदारहरूसंग सल्लाह गरी धर्म भनेपछि माग्नैपर्छ। तर अर्को राजा भए-पछि आफ्नै भए पनि शंका मान्नुपर्छ। 'हातहतियार त्यता-बाट पनि नल्याउनू, यताबाट परि हामीहरू ल्याउँदैनौं। दुबै भाइ संगै बसी श्राद्ध गरौंला' भन्ने जवाफ गोरखाबाट गयो। नरहरि शाहका भारदारहरूले भने 'द्रव्य शाहलाई मारेपछि गोरखा पनि हाम्रो हात लागिहाल्छ, तसर्थ हति-यारहरू नल्याउनू भने पनि अघेरै लगी लुकाइराखौंला र पछि खाली हात जाउँला। श्राद्ध भइसकेपछि भान्साका बखतमा द्रव्य शाहलाई मारी कार्यसिद्ध गरौंला' भनी मतो बाँधे। श्राद्धको दिन आएपछि लमजुङबाट नरहरि शाह छलसंग हतियार लुकाई लश्करका साथ चेपेनदीका तीरमा श्राद्ध गर्ने ठाउँमा आए। गोरखाबाट द्रव्य शाह पनि हात-हतियार केही नलिई शुद्ध मनले धेरै मानिसहरू, निमन्त्रित ब्राह्मणहरू र आवश्यक सरजाम लिई आइपुगे। सबै लश्कर वारि चेपेका तीरमा राखे। अनि दुबै भाइले श्रद्धाभक्ति-संग श्राद्ध पूरा गरे। दुबैतर्फका ब्राह्मणहरूले पनि प्रसाद चढाए। भान्साको वेला हुँदा द्रव्य शाहकी धाईकी छोरीले द्रव्य शाहतिर हेरी आँखाबाट आँसु खसालिन्। द्रव्य शाहले हेर्दा ती धाइकी छोरीले आँखैले जानुहोस् भन्ने इसारा दिइन्। द्रव्य शाहले उत्तिखेर 'दिशा जान मन लाग्यो, चाँडो लोटामा पानी ले' भनी केटालाई अह्राए। लोटा लिएर अलि टाढा गई नदेखिने ठाउँबाट चेपे तरी आफ्ना लश्कर बसेका ठाउँमा पुगे। हामीमाथि कपट गरी आएका रहेछन्, यी अधर्मी हुन्। अब चाँडो दरबार जाऔं भनी हर्मीको बाटो गरी दरबारतिर लागे।

उता नरहरि शाहले 'यिनीहरूले हतियार लिएका छैनन्, पछेडा लागी पक्रौं, नत्र चम्काउनु मात्र भयो' भनी पछेडा लागी गोरखा गुरूङथोकसम्म आइपुगे। द्रव्य शाह गोरखा दरबारमा भित्रिएपछि सब लश्करले हातहतियार लिई लडाईं गरेर गुरूङथोकदेखि हटाउँदै लगे। लमजुङे-हरूलाई लगार्दै हर्मीभंज्याङको बाटो गरेर चेपे तारी लश्कर फिरे। अनि लिगलिगकोटमा आई आड गरेर बसे। त्यसपछि द्रव्य शाहले नरहरि शाहलाई 'श्री मुखबाट धर्म गरिबक्सनुभएका कुरामा तिमीले धर्म फाल्यौ, अब हामी धर्मदेखि फराक भयौं' भनी चिठी लेखी पठाए। त्यसपछि यी दुइ राजाको बराबर लडाईं हुँदै रहन्थ्यो। यस्ता प्रका-रले महाराज द्रव्य शाहले लिगलिगको आडपयर बलियो गरी ११ वर्षसम्म राज्यको भोग गरेर अन्त्यमा दानपुण्य गरी स्वर्गधाम भए।

शाके १९४२ मा द्रव्य शाहका पुत्र पुरन्दर शाह गादी-मा बसे। यी राजाका सन्तोषवतीदेवी र अम्बावतीदेवी भन्ने दुइ महारानी थिए। यिनका पालामा लमजुङसंग बरा बर लडाई भइरहन्थ्यो। लमजुङेहरू लपेट्दै कहिले धर्मनदी तरेर गोरखा छेपेटार बोहराबेंसीसम्म पनि आइपुग्थे। गोरखाका पञ्चहरूका बाँधा कमाराहरू दिनमा खेत जोती राति शिखरमा आएर वैरी जाउँछन् कि भनी कुर्दथे। त्यस ठाउँको नाम आजसम्म पनि हलिथुम भन्ने रहेको छ। फेरि वारिपारिका चाँगा सुरतानहरूसंग पनि लडाईं हुँदा मुलुक लिन सकेका थिनन्। ती चाँगा सुरतानले भोटबाट आउने चीज, नून र पाखीहरू बन्द गरिदिए। यिनीहरू-लाई हाल जिन्न नसके पनि पछि युक्तिसंग जितौंला, अहिले सन्धि गर्नुपर्‍यो भन्ने विचार गरी पुरन्दर शाहले 'तिमी र हामी बाझे पश्चिमका राजाहरू उठी दुःख दिनन्, तिम्रो हाम्रो सल्लाह मिलेदेखि अरू राजाहरूले केही गर्न सक्ने-छैनन्' भन्ने कुराको घा बाँधी दोस्तानी गरेका थिए।

उता तनहुँमा पनि लमजुङले दुःख दिंदा गोरखासंग सलतनत गर्नुपर्‍यो भनी तनहुँका राजाले हात्ती सौगात पठाए। यता पुरन्दर शाहले चाँगा सुरतानलाई झिकाई हात्ती देखाउँदा आश्चर्य भए। यो के खान्छ भनी सोद्धा हाम्रा मुलुकमा नहुने चीज नून खान्छ भन्ने जवाफ दिए। यो बढिया चीज रहेछ, यसलाई खान नून मुरी २१ पठाइ-दिन्छु भनी चाँगा सुरतानले भने। त्यसपछि सालबसाल नून मुरी २१ पठाउन थाले। साथै भोटको बाटो पनि खुल्यो।

यी पुरन्दर शाहकी मन परेकी महारानीतर्फ साहेबज्यू क्षेत्र शाह पैदा भए। मन नपरेकी महारानीको पनि गर्भ रहेको थियो। त्यसै वेला सौतासौतामा झगडा हुँदा महा-रानीका चित्तमा म महारानीकी मन नपरेकी गर्भवती छु

मैले यहाँ बस्नु ठीक छैन भनी आफ्ना तर्फका केटाकेटी साथमा लिएर सल्ल्यान ( आफ्नो माइती ) मा आई बसिन् । त्यहीं साहेबज्यू राम शाह पैदा भए । यी राजाले सल्यान र धादिङ्ग जितेपछि सल्यानबाट फूलपातीको भार ल्याई फूलपाती भित्र्याउने रीत अझसम्म छ । यी राजा ३५ वर्षसम्म राज्यभोग गरी परमधाम भए ।

सकल पात्रहरूका संमतले ब्राह्मणहरूले गणेशपूजनपूर्वक टीका चढाई शाके १५२७ मा क्षेत्र शाहलाई गादीमा राखे। यिनकी महारानी शशिरेखावती थिइन् । यी ६ महीनासम्म मात्र राज्य गरी परमधाम भए । अब गोरखामा खलबल पऱ्यो । महारानीको गर्भ थियो, सल्यानमा साहेबज्यू पैदा भएका छन्, गएर सबारी चलाऊँ भनी भारदारहरू तयार भए । उनीहरू नजाँदै क्षेत्र शाह स्वर्ग भएको समाचार सुनी सल्ल्यानबाट महारानी र साहेबज्यू राम शाह गोरखामा पुगे । शाके १५२८ मा भारदारहरूले शुभ साइत हेरी राम शाहलाई गादीमा राखे ।

## राम शाह

अघिको श्री गोरखनाथको वरदान हुनाले गादीमा बसेपछि राम शाहको अवस्था र बुद्धि, बल तथा पराक्रम उत्तरोत्तर बढ्दै आयो । भारदार र प्रजाहरूका मनमा पनि बहुत आनन्द हुँदै आयो । सबैले महाराजको कसरी जय हुन्छ भन्ने निरन्तर चिन्तना गरी राजकाज गर्न लागे । यदि कसैले महाराजका साथमा कापट्यको चिन्तना गरे पनि उनको अतिउत्कृष्ट बल, बुद्धि, प्रताप र पराक्रम देख्दैमा आफैं हट्दथ्यो । भारदारहरूले अब त उपनयन र विवाहको समय भयो भनी कन्या हेर्नलाई मकवानपुर, पाल्पा, तनहुँ, पर्वत आदि सबै ठाउँमा मानिस पठाए । कन्यार्थीहरूले पर्वतका राजा राज मल्लकी रत्याली असल ठहराए । हामीहरूले सबै ठाउँभन्दा बढिया कन्या श्री राज मल्लकी रहिछन् भनी अर्जी गरी पठाए । बढिया लेख्यौ, तिमीहरू माग्न सक्छौ त कन्याको काम छिनी आऊ, सक्दैनौ त हामी यहाँबाट मानिस पठाउँछौं भन्ने चिठी गयो । त्यसपछि कन्याको ठेगान भयो भन्ने अर्जी आयो र विवाहको सरंजाम तयार गरी केही लश्कर राज्यको रक्षालाई राखेर केही आफूसित बरियाँत तुल्याई शुभ साइतमा महाराजको सबारी चल्यो ।

उता पर्वतका राजा श्री राज मल्लले मेजमानी दिंदा अनादर गरेछन् र यी ठूला शेखी भएका राजा रहेछन्, यिनकी छोरी विवाह गर्दिन भनी त्यहाँबाट गलकोटतिर सबारी चल्यो । गलटकोटका राजा प्रतापनारायण मल्लले बाटैमा भेट गरे । ती राजाले एक दिन जगन्नाथ जान मन गरेछन् । रात्रीमा जगन्नाथले दर्शन दिई 'मेरो देवालय बनाई मूर्ति स्थापना गर, मेरो महाप्रसाद तिमीलाई मिल्नेछ, यहाँ आउनु पर्दैन' भन्ने आज्ञा भएछ । उनले देवालय बनाई मूर्ति स्थापना गर्दा त्यहीं नित्य प्रसाद पाउन लागे । उनलाई राम शाहका बाजे द्रव्य शाहले गोरखनाथको दर्शन पाएका थिए भन्ने सबै थाहा थियो । अनि 'मुसीकोटमा हामीले छोरी दिएका थियौं, तिनैकी छोरी हामीले ल्याई भान्जी पालेका छौं, दिन्छौं विवाह गर्नुहोस्' भनी राम शाहलाई भने । राम शाहले पनि मंजूर गरी विवाह गरे । केही दिन त्यहीं बस्दा 'श्री गोरखनाथबाट वरदान मिलेको छ भनी निश्चिन्त नरहनुहोस् । आफू पनि तपस्या गर्नुहोस्' भनी प्रतापनारायणले राम शाहलाई भने । 'तपाईंले बेश कुरा गर्नुभयो, तर कुन ठाउँमा बसी कस्ता प्रकारले तपस्या गरूँ' भनी राम शाहले सोधे । 'अहिले भरखर विवाह भएको छ । डोला प्रवेश गर्नुभएपछि मैले यताबाट यस जगामा यस्ता डबलले आउनुहोस् भनी चिठी पठाउँला, अनि पाल्नुहोला' भनी मल्ल राजाले भने । त्यसपछि विदा भई गोरखामा डोला प्रवेश गरे ।

तिनै ताक नन्दा मिश्र मुक्तिनाथको दर्शन गरी गोरखाबेंसीमा आएका रहेछन् । सपनामा कुनै कन्याले काशीबाट कुनै ब्राह्मण आएका छन्, तिनबाट दीक्षा ग्रहण गर, तिम्रो कल्याण हुनेछ भन्ने आज्ञा गरिन् । अनि राम शाहले भोलिपल्ट खोजी गरी डाक्न पठाए । तर उनीले भने 'म तीर्थवासीले राजासंग जाने के काम छ र ?' भन्ने जवाफ दिई आएनन् । राजा आफैं गएर सत्कारपूर्वक स्वप्नाको कुरा विस्तार गरी दीक्षा दिनुहोस् भने । 'हजुरलाई मात्र सपना भएर हुँदैन, मलाई पनि सपना भए दीक्षा दिउँला' भनी मिश्रले भने । राम शाह निराश भएर दरबार फर्के । त्यसै रात्रीमा नन्दा मिश्रलाई पनि स्वप्नामा कन्याले 'राम शाहलाई दीक्षा दिनुपर्छ, देऊ भनी इष्टदेवताको मन्त्र तारपत्रमा लेखी हातमा राखिदिइन् । अनि यी राजा विष्णुका अंश रहेछन् भन्ने मनले ठहराई मिश्रले शुभ लग्न हेरी दीक्षा ग्रहण गराए । यहाँ दुइ चार कुरा गुप्त हुनाले

लेखिएन । अनि राम शाहले गुरु नन्दा मिश्रलाई गुरु-दक्षिणा, घरघडेरी र खेत बिर्ता दिए ।

केही दिनपछि प्रतापनारायण मल्लले 'कसैले नचिनिने गरी फकीरको भेषले गुप्त चालसंग आउनुहोस्' भन्ने चिठी पठाए । राम शाहले सोबमोजिम गलकोट पुगी प्रतापनारायणसंग भेट गरे । दुबै जनाले एकै भेष गरी पर्वतका टाकुरामा पुगेर इन्द्रियनिग्रहपूर्वक बडो नियमसंग कन्दमूलफलाहार गरी गुप्तरूपले तपस्या गरे । तीन महीना पुगेपछि राम शाहले कन्या र विष्णुको चिह्न भएका कुमार आई 'तिमीहरू दुबै जनाको तपस्या सिद्ध हुन्छ' भन्दै त्यस ऋतुमा नहुने फल हातमा दिएको सपना देखे । जागा भएपछि स्वप्नको कुरा विस्तार गर्दा 'मैले पनि त्यस्तै सपना देखें, हाम्रो तपस्या अवश्य सिद्ध हुन्छ' भनी प्रतापनारायणले भने । अनि दुबै जनाले झन् साहस बढाउँदै चित्त दृढ गरी तपस्या गरे ।

एक दिन जपपाठ गरी कन्दमूलफलाहार भइसकेपछि राति दुबै जनालाई निद्रा लागेन र आज किन निद्रा लागेन भनी राम शाहले भन्दा 'हामी साना राज्यका राजा भए पनि धेरै सुश्रूषा चाहिने राजाको जात हुनाले निद्रा परेन' भनी राजा प्रतापनारायणले कथाको प्रसंग गरे 'राजाले कुशलतापूर्वक सत्यधर्मसहित नीतिस्थितिमा चतुर भई शत्रु-मित्रको परीक्षा र आफ्नो देशकाल, त्यहाँको आम्दानी, सत्‌असत् कार्यमा भएको खर्च र आफ्ना गादीको सामर्थ्य यी सबै विचार गर्दै रहनुपर्छ । राजाले यतिकसो चिन्तना गर्नुपर्ने काम के हो भने सुन्नुहोस्– कालको चिन्तनाले समयको याद हुन्छ । त्यो याद भएपछि प्रजाको सुखदुःखको याद हुन्छ । पापपुण्य पनि याद हुन्छ । पाप वा पुण्यमा कहीं लागेको भए पनि याद हुन्छ । शत्रुमित्र चिन्नाले कुनै कार्य गर्नुपरेमा मित्रको भर परी कार्य गर्दा जय हुन्छ । शत्रु चिन्नाले शत्रुको निःशेष गरेपछि जय हुन्छ । देशमुलुक चिन्नाले मुलुक मन्त्रीको अधीनमा रहने हुंदा मन्त्रीको अभिप्राय बुझिन्छ । आफ्ना देशदेखि अन्य देशका राजाहरूको व्यवस्था पनि चारपुरुषद्वारा जानिराख्नुपर्छ । सत्कार्यमा यति खर्च र असत्कार्यमा यति खर्च भन्ने थाहा पाएपछि असत्कार्यबाट निवृत्त भई आम्दानीअनुसार सत्कार्यमा श्रद्धा राखी खर्च गर्न जानिन्छ । सत्कार्य पनि दुइ किसिमका छन्– पारमार्थिक र कीर्तिवर्धक । असत्कार्य गर्नाले कुयश र पाप हुन्छ । कहिलेकाहीं असत्कार्यमा पनि खर्च गर्नुपर्छ, तर त्यसैमा प्रवृत्त हुनु हुँदैन । आम्दानीखर्चको बेहोरा चिनेपछि मुलुक उजार र गुल्जार भएको याद हुन्छ । राजाको मुख्य बल जनता हो । त्यसबाट भण्डारको संभार हुन्छ । गादी चिनेपछि छोटा कुलका, दुष्ट, काफर, पामर र असद्-व्यसनमा लाग्नेहरूको संगत हुँदैन । अनि धर्ममा चित्त लाएका, बडा कुलका, शूरा, सद्‌व्यसनमा लागेका र निमकदारसितको संगत हुन्छ । त्यस्ताका संगतले राज्य, कीर्ति बढ्ने र वैरी घट्ने हुँदै जान्छ । गादीको सामर्थ्य चिनेपछि मन्त्रबल, सैन्यबल आदि राजाका धेरै बल बढ्छन् । आफ्नो बलअबलको र मैत्री बलको याद हुन्छ । यति चिनी राज-काज गर्ने राजाको सब तरहले कल्याण हुन्छ । अनि पराजय कहिले पनि हुँदैन । यसको सारांश के छ भने सत्संग सर्वथा गर्नू, असत्संग कदापि नगर्नू । सत्संगका विषयमा एउटा महाजनको र राक्षसको कथा सुनाउंछु, सुन्नुहोस्:–

एकादेशमा एउटा महाजन थिए । उनी र उनका पुत्र-परिवार पनि सद्‌वृत्तमा लागेका थिए । ती महाजनलाई सत्यबाट च्युत गराई दौलत लान र मार्नेको समेत मनसुवा गरी एउटा राक्षस मानिसको रूप लिई उनका घरमा आयो । उसले भन्यो 'सेठजी, म तपाईंको सेवा गर्न आएको छु । तपाईंका कोठी जहाँजहाँ छन्, त्यहाँ त्यहाँ दुइ घडीमा पुगी समाचार ल्याउन सक्छु । एउटा प्रण के छ भने एक छिन पनि मलाई खाली नराखी काममा लाउनुपर्छ, मैले काम पाइन भने तपाईंलाई मारी दौलत लिएर जान्छु ।' राक्षसको कुरा सुन्दा असल चाकर पाएँ भनी खुशी हुँदै 'हुन्छ' भन्ने जवाफ दिए । अनि ठाउँ ठाउँमा खबर पठाउन थाले । राक्षसले पनि जुन ठाउँको खबर पनि दुइ घडीमै ल्याउन थाल्यो । महाजनले त्यस राक्षसलाई काम अह्राउँदा नित्यकर्म गर्न, खान, सुत्न र आएका इष्टमित्रसंग भेटघाट गर्ने तथा बसउठ गर्नेसम्म पनि फुर्सद पाएनन् । यो त मलाई रोग पो आइलाग्यो भनी महाजन दुःखाउँदै गए । यसै गरी एक दुइ महीना बितेपछि एक दिन तिनका घरमा एक सज्जन आए । त्यसै बेला कुराका सिलसिलामा यो सबै विस्तार सज्जनलाई बताए । सज्जनले उपाय बताए 'उसो भए एउटा काठको ठूलो खम्बा गाडी त्यसमा फलामको सिक्री घुसाएर चाकरका कटिमा बाध्नू । अनि कहिले खंबाको माथि जा, कहिले तल आ, तंलाई यही काम भयो भनी चाकरलाई काम देऊ । अनि मात्र तिमीलाई फुर्सद होला ।'

त्यस्तो उपदेश पाउँदा महाजनले पनि त्यसै गरे। यता महाजनले फुर्सद पाए। उता चाकर कायल भएर भन्यो 'म राक्षस हुँ, तिमीलाई मार्न भनी आएको थिएँ, अब मलाई छाडिदेऊ, जान्छु।' राक्षसको कुरा सुनेर महाजनले 'तँ पाप चिताएर आएको रहेछस् जा, जहिले म डाकुँला उहिले आएस्, अघिपछि घरैमा बसेस् भनी वाचाबन्धन गराई राक्षसलाई पठाए। त्यो राक्षस पनि खुशी भई आफ्ना घरमा गयो, यता महाजनले पनि सुविस्ता पाए। हेर्नुहोस्, सुवृत्त र दुर्वृत्त भनेको यस्तो हुन्छ। सत्संगले गर्दा ठूला ठूला कष्ट पनि नाश हुन्छन्' भनी राम शाहलाई मल्लले बताए। आधारातपछि दुबै जना सुते। यसरी अवधि नगुन्ज्याल तपस्या हुँदै थियो।

तिनै ताक गोरखामा लखन थापा सिद्ध भए। एक दिन पात टिप्न वनमा जाँदा त्यहाँ जटाधारी ठूला तेजवन्त बाबाजीलाई देखी प्रणाम गरे। बाबाजीले पिठिउँमा धाप दिई 'लखन थापा, तँ के खान्छस्' भनी सोध्दा उनले खीर खान्छु भने। त्यहाँपछि 'आ रे मण्डूक,' भनी डाक्दा ठूलो कल्चौंडो भएको एउटा भ्यागुतो बाटामा अलि अलि दूध चुहाउँदै आयो। लखन थापाले भदालो थापे, बाबाजीले दूध दुहे। 'त्यस तुम्बामा चामल होला झिकेर खीर पका' भनी अह्राउँदा थापाले खीर पकाए। त्यसै बखतमा पद्मासन बाँधी प्राणवायुलाई यस्ता तरहसित उठाउनू र कुण्डलिनी शक्तिलाई आधारचक्रदेखि खैंची षट्चक्र भेदन गरी सहस्रदलमा चढाउनू, उतार्नू गरेर एक्काईस आवृत्ति क्षणमा गराई क्रिया गर्न सक्ने गराए। त्यसपछि लखन थापालाई दिव्यदृष्टि भयो। अनि खीर भोजन पनि गराए। 'यस मडूण्कलाई र मलाई चिनिस् ?' भनी बाबाजीले सोधे। 'हजुर गोरखनाथ र यी मण्डूक भएकी ईश्वरी हुन्' भनी लखन थापाले विन्ति गरे। 'अब तँ सिद्ध भइस्।' भनी गोरखनाथ अन्तर्ध्यान भए। लखन थापा पनि घरमा आएर बसे। यता गोरखादरबारमा राम शाहकी मुमा देवीको अंश भएकी र बुहारीमा आफूभन्दा पनि बढी देवीको अंश देखी अह्राउनुपर्ने कुरा बुहारीलाई अह्राई आफू सल्ल्यानकोटमा गएर उहीँ अन्तर्गत भइन्। आजसम्म पनि सल्ल्यानकोटमा महारानी देवीको पूजा हुँदैछ।

उता पर्वतका टाकुरामा राम शाह र नारायण मल्लले तपस्या गर्दा पाचौं महीनामा एक दिन प्रातःकृत्य सकी दुइ घडी रात बाँकीमा जप गर्न लागेका बखतमा राम शाहका नेत्रमा तेजको झलक लागेछ। 'के हो ?' भनी नजर उघारी हेर्दा अलि टाढा कन्याको छाया जस्तो आकृति र बाहुलीले समात्न नपुग्ने ठाउँमा निर्मल शुद्ध कान्ति भएको खड्ग झल्याकझुलुक गरेको देखेछन्। निर्बल हुनाले नजर तिरमिराएको हो कि भन्ने ठानेर तपस्यामा चित्त डोलाउनु छैन, विघ्न मात्र होला भनी पट्टल बाँधी जप गर्न लागे। प्रतिदिनको संख्या पुगेपछि राम शाहले नारायण मल्ललाई निर्बलीले हो कि केले हो आज कन्याको छाया जस्तो र हातले नपुग्ने ठाउँमा खड्ग झल्के जस्तो पनि देखें' भनी बताए। नारायण मल्लले भने 'हामी जसको तपस्या गर्न आएका छौं खड्गपत्रादेवी भनेकी तिनै हुन्। अघि लमजुङका सिजापती राजाले खड्गपत्रादेवीको पूजा गरी ब्राह्मणहरूलाई जप पाठ गर्न लगाए। आफूले पनि जप गरे। त्यसै वेलामा हजुरलाई भए जस्तो हुँदा ती राजाले बाहुलीले खड्ग पक्रेछन् र अलि बेरपछि झन् गह्रौं झन् गह्रौं भई थाम्न नसक्दा बाहुलीबाट खुस्कन गयो। बाहुलीले खड्ग पक्रेका प्रभावले ती सिजापती राजाले धेरै मुलुक जिते। जुन मुलुकसम्म कर्कट संक्रान्तिमा उत्मुक फाल्दछन् त्यस मुलुकसम्म यी राजाले जितेका हुन्। उत्मुक फाल्ने निशाना पनि यिनै राजाको हो। फेरि मुकुन्द सेन राजाले पनि यहाँ आई पाठपूजा गराए। उनले पनि खड्ग एक छिन मात्र समाते। थाम्न सकेनन् र छाडिदिए। त्यही प्रभावले मुकुन्द सेनले पनि धेरै मुलुक जिते। हजुरले त कन्याको र खड्गको दर्शन पाउनुभयो। खड्ग पनि देवी हुन्। हजुरले खड्ग पक्रनुभएको भए धेरै मुलुक जित्नुहुने थियो। पक्रनुभएन, मुलुक थोरै मार्नुहोला। तर जो मारेको मुलुक परन्तुसम्म ठहर्नेछ। हजुरले गरेको स्थिति सबैलाई चाहिने कुरा हुनाले रहला भने जस्तो मेरा चित्तले ठहरायो।'

यस्ता तरहले तपस्या गर्दा ६ महीना पूरा भएपछि रात्रीमा राम शाह र नारायण मल्ल दुबै जनाले पद्मासन बाँधी समाधि लगाइरहेका बेलामा अपूर्व आनन्द लाग्ने आकाशवाणी भयो। महाराज राम शाहको नाउँ उच्चारण गरी 'वरं ब्रूहि' भन्ने आवाज भयो। यस्तो शब्द सुन्दा राम शाहले 'यो विघ्न पो हो कि ?' भनी जपैमा निश्चल रहे। देवताको दर्शन भएपछि पनि किन चुप लाग्नु भयो भनी प्रतापनारायणले सोधे। 'वरं ब्रूहि, वरं ब्रूहि' भन्ने शब्द

फेरि हुँदा राम शाहको जपको संख्या पुगेको रहेछ र बडो नम्रतासंग बाहुली जोडी 'हे दीनवत्सले, दीननायिके प्रसीद, प्रसीद' भनी विन्ति गरे। 'जुमलेश्वर डिल्लीश्वर एकही गोरखेश्वर होउला' भन्ने शब्द आयो। अनि अति हर्षित भई साष्टांग दण्डवत् गरेर 'मैले शिर चढाए' भनी फेरि विन्ति गरे। त्यसपछि राम शाह र नारायण मल्ल दुवै राजाको नाम गरी 'तिमीहरु दुवै जना हात थाप, म केही दिन्छु' भन्ने शब्द हुंदा दुवै जनाले हात थापे। अनि राम शाहका बाहुलीमा श्री लक्ष्मीनारायण शालीग्राम र प्रताप-नारायणका बाहुलीमा देवीले पादुका दिइन्। दुवै जनाले स्वरूपको दर्शन नपाए पनि बडो हर्षसित बारंबार दण्डवत् गरे। त्यसपछि नारायण मल्लले 'यसको अर्थ बुझ्नुभयो कि ?" भनी सोद्धा राम शाहले 'बुझें, तपाईंको र मेरो सेव्यसेवकको सम्बन्ध भयो। मैले त यस्तै बुझें तर भक्ति भने तपाईंमा अधिक जस्तो ठान्दछु' भने। अनि नारायण मल्ल बहुतै खुशी भई 'म त वृद्ध भइसकेको छु, परमेश्वरको अधिक भक्ति भए परमार्थ सप्रनेछ। बहुत योग्य कुरा मन्नु-भयो' भने।

त्यसपछि दुवै जना मिली यथेच्छ फलमूल भोजन गरेर भगवान्को गुणानुवाद गर्दै त्यो रात बिताए। भोलिपल्ट नित्यकर्म समाप्त गरी दुवै जना पर्वतबाट फर्के। बाटामा राम शाहलाई मल्लले भने 'हजुरले सबैलाइ आनन्द हुने, आफूले गरेको स्थिति सबैले मान्नुपर्ने र परसम्म ठहर्ने यस्तो कुनै कुरा कल्पना गर्नुहोस्" भने। गलकोटका अम्बलमा आइपुगेपछि अरू पांच राजाहरूलाई चिठ्ठी लेखी झिकाए। अनि आफू-समेत छ राजा भएर धेरै ब्राह्मणहरूलाई निमन्त्रणा गरी होम यज्ञादिद्वारा पुरश्चरणको सांगता गरे। यज्ञका अन्तमा छ राजाहरूले वरदानको शब्द बोली "जुमलेश्वर डिल्लीश्वर एकै गोरखेश्वर" भनी टीका चढाएर "मुलुक नमारे पनि हजुरलाई भवानीको वरदान हुनाले हामीले महाराज भनी मान्यौं। अब उप्रान्त हामी सबैले हजुरको हुकुम शिर चढायौं। पछिसम्म हठने अनन्त कीर्ति भएको स्थिति होओस्' भनी विन्ति गरे।

त्यसै बखतमा राम शाहको सवारी चलाउन भनी गोरखाबाट भारदारहरु हाजिर भए। राम शाहले त्यहीं केही स्थिति गरे:- अघि प्रजाहरुले व्यवहार गर्दा बांसका ढुङ्गा, थाह्री, डाला यस्तै वस्तुले व्यवहार गर्ने गरिआएको मा राम शाहले दश मूठीको एक मानु, आठ मानाको एक पाथी, बीस पाथीको एक मुरी भन्ने यस्तै मानापाथीको व्यवहार भन्ने विषयमा र बोडी, पल, बिसौली, धार्नी भन्ने तौलने विषयमा चलनको व्यवस्था बांधी माना, पाथी, तुला यी तीन थोकले चलन गर्नू भन्ने स्थितिको बन्देज गरे। ऋणका विषयमा जति वर्ष रहे पनि प्रतिवर्ष ब्याज बढ्दै जाँदा असामी कहिले पनि नउक्सने हुनाले नगदको दोबर र जिन्सीको तेबरभन्दा बढी नलिनू। बोक्सीका हकमा वादी नदिनू, जिते पगरी र पांच रूपैयां दिनू, हारे एक रुपैयां दण्ड गरी देश निकालिदिनू। पनेरामा धेरै स्त्रीजाति चाक-रवाकरहरु जो अघि पुग्यो उसले पानी थापी भरी ल्याउनू, त्यसभन्दा पछिपछिकाले पालैसंग पानी ल्याउनू। त्यसमा केही झगडा भयो भने कचहरी गरी कुरा नसुन्नू। कोलमा यस्तै गरी पाला पालाले पेलनू। कुलाको स्थिति पनि आफ्ना आफ्ना खेतका हिसाबमा आएका हिसाबले पानी लाउनू। यसमा झगडा भयो भने नसुन्नू। अघि जमीनमा यति मुरी यति खेत भन्ने केही नहुँदा ब्राह्मणलाई बिर्ता दिएकामा पनि दातालाई प्रत्यवाय लाग्ने र लिनेलाई पनि यकीन नहुने थियो। फलानो खोलो वा फलानो बाटोभित्र भन्ने लेखिंदा दबाई खाएको थाहा नहुने तथा रैकर र बिर्ताको ठेगान नहुने चलन चलिआएको थियो। राजाको भूमि, चौतरियाको झारी, काजीको विन्ति, पञ्च भलामानिसको सांध यस्तो व्यवस्था भयो। अबउप्रान्त यो रीत नबुझ्दाई दान गर्नेले पनि नगर्नू, लिनेले पनि नलिनू।

महाराज राम शाहले यस्ता धेरै प्रकारका बन्देज स्थितिको व्यवस्था गर्दा नारायण मल्लसमेत छ जना राजा-हरूले आफ्ना मुलुकका व्यवहारमा यही स्थितिले व्यवहार चलाउन लागे। अरू राजाहरूका मुलुकमा पनि राम शाह-बाट बांधेको स्थिति सबैले व्यवहारमा चल्ने देखी उनीहरूले सोबमोजिम काम गर्न लागे। जुमला, पर्वत र पाल्पाका राजाहरूले पनि "अघि जुमलाका सिजापती राजाले धेरै मुलुक मारे, मुकुन्द सेनले पनि धेरै मुलुक मारे, तर स्थिति बांधन भने सकेनन्, राम शाहले त मुलुकै नमारी सबैलाई आनन्द हुने, पछिसम्म अचल भइरहने र सबैलाई चाहिने यस्तो अपूर्व स्थिति बांधी अनन्त कीर्ति राखे। परिणाममा बाईसी र चौबीसीको मुलुक पनि यिनैका सन्तानको होला कि भने जस्तो देखिन्छ। "यस्तो कुरा गर्न लागे। त्यसमा पनि पर्वतका राजा श्री राम मल्लले त "यी यस्ता बडा

राजा हुने रहेछन्, यिनलाई अनादर गर्न जानेनछौं" भनी बहुतै पश्चात्ताप गरे ।

त्यसपछि गोरखाका भारदार प्रजाहरूले शुभ मुहुर्त हेरी राम शाहको सवारी गोरखातर्फ चलाए । गोरखामा सवारी पुगेपछि सबै प्रजाहरूले नृत्य गीत वाद्यहरूले संयुक्त भएको ठूलो मङ्गल उत्सव गरी सिन्दूरयात्रा गर्दै राम शाहलाई गोरखादरबारमा प्रवेश गराए । त्यसका केही दिनपछि जुमला, पर्वत, पाल्पालगायत सबै बाईसी चौबीसी राजाहरूले आफ्आफ्ना देशका चीजहरू सौगात लिई गोरखाका महाराज राम शाहकहाँ दर्शन गर्न वकिलहरू पठाए । वकिलहरूले सौगात र खल तारपत्रहरू चढाई दर्शन गरे । त्यस खल तारपत्रमा लेखिएको बेहोरा यस्तो थियो:—

"राजा प्रजा सबै प्राणीहरूलाई व्यवहार चलाउन भनी अघि अघिका ठूला ठूला राजाहरूले पनि बाँध्न नसकेको स्थिति आज हजुरका पालामा हजुरबाट पछिसम्म कीर्ति रहने यस्तो अनुपम स्थिति बाँधिबक्सनुभयो । त्यस स्थिति रूपी कीर्तिले ढाकिएका हामी सकल राजाहरू मनुष्यको आकृति भएका मात्र रहेछौं । हजुर मात्र परमपुरुषको चिह्नले संयुक्त हुनुहुँदो रहेछ ।"

त्यसपछि राम शाह गादीमा बसी गोरखाका सब भारदार बटुलेर आफूले बाँधेको स्थिति सुनाई यही स्थितिले व्यवहार चलाउनू भनी हुकुम गरे । 'अघि बुबाज्यू श्री महाराज द्रव्य शाहलाई गोरखा तखतमा राज गराउनेका छोरानातिहरूको पनि एक बन्देज गरिदिन्छु । अब उप्रान्त पाण्डे, पन्त, अर्ज्याल, खनाल, राना, बोहरा, तिमीहरू गद्दीनरसिङ्का अङ्ग भएका छ थर भयो । तिमीहरू छ थर बाँधेको के अर्थले भने चौतरिया, काजी, सरदार प्रभृति भारदारहरू कसैले अध्यायमा लागि बिचार गर्न प्रवृत्त नहोऊन् भनी मेरो अंग तुल्याएको हो । तिमीहरू छ थरले गादीको सेवा गरुन्ज्याल हाम्रा सन्तान दरसन्तानले तिम्रा सन्तान दरसन्तानलाई नफेर्नू भन्ने स्थिति बन्देज गरिदिएं । फेरि ब्राह्मणलाई बिर्ता दान, देवताको गूठी, र नौकरहरू संकल्प हुँदा चौतरिया भनेका आफ्ना भाइ हुन् । भाइ भनेको मुख्य अंग हो । अंग पूर्ण गरी दान गरेको आफूलाई यथोक्त फल हुन्छ भनी चौतरियाको काजी भनेको हो । छ थरप्रभृति पंच भलामानिस सांधभारहरू बसी यति मुरी, यति खेत, यति पाखो भनी निकास नैसार सन्धिसर्पनको विचार राखी चार किल्ला राखी साँध लाइदिनू । पाँचको साँध भनेको यही हो ।' यति बन्देज गरेपछि यही स्थितिले काम चल्न लाग्यो ।

महाराज राम शाहकी अर्की रानीतर्फ पैदा भएका साहेबज्यू प्राण शाह, नारायण शाह, विक्रम शाह यी तीन जना आफ्ना छोरालाई चौतरिया काजी सरदार तुल्याए । फेरि बगाले अर्ज्याललाई मूलपुरोहित, विह्वोर अर्ज्याललाई आचार्य, खनाललाई ब्रह्मा र भट्टराईलाई गणेश भनी चार पुरोहितको बन्दोबस्त गरे । अघि द्रव्य शाहको गोरखा तखतमा प्रवेश हुँदा पहिले तल्ला कोटमा गादी परेको हुनाले पाँडेलाई तल्ला कोटको पुरोहित्याइं दिए । आजपर्यन्त तल्ला कोटमा पांडे पुरोहित छंदैछन् । तल्ला कोटमा श्री .... ... देवताको स्थापना र बलिदान नभई दरबारमा स्थापना र बलिदान नगर्नू भन्ने स्थिति भयो । फेरि ग्याङ्जा थापालाई ददा भन्ने मान दिए । तुरुक्षाको आले, ग्याङ्जा थापा, ग्याङ्जाली राना तिमी तीन थरले आलोपालो गरी कपर्दारी काम गर्नू भनी कपर्दारी मान दिए । पाँडे, पन्त, अर्ज्याल यी तीन थरले आलोपालो गरी खजानाको पगरी उठाउनू भन्ने बन्देज गरे । भान्से, खरिदार, धर्माधिकार यी तीन थोक पनि अर्ज्यालले पाए ।

त्यसपछि हाम्रा कुलदेवता यिनै हुन् कि अदलबदल भएका रहेछन् बुझ्नुपर्‍यो भनी छ थरका एक एक जनालाई खटाए । कसरी बुझ्ने हो भनी छ थरले विन्ति गर्दा महाराजले भने 'राणा राठोर, हाड', कछवा, चितवर, उदयपुर, जोधपुर, कोटा, बुंदी, जयपुर र कारवाड यति अघि पद्मिनी लक्षणसंयुक्त मैयाँ दिएन भन्ने कुरामा हाम्रा राणाजीहरूको बादशाहसंग इतराजी पर्दा ठूलो लडाईं भयो र शाखाबन्धी हुँदा ठूला ठूला पगरी परे । साना बालक र गर्भवती पाहाड लागेका थिए । उनलाई हामीले राजा थापिराखेका छौं । शाखाबन्धी भएको हो होइन भनी सोध्नू 'भनी यसै विषयको खल तारपत्र पनि तयार गरी दिए । कस्तूरी, बाज, चमर र चरेससमेत सौगात तयार गरी बाटाखर्चसमेत दिएर उनीहरूलाई बिदा गरे । फेरि राम शाहले भने 'तिमीहरू छ थर किन पठाएको हो भने तपस्या र विद्याले हीन भएका ब्राह्मण, घा र कटकले हीन भएका राजा, वेपार बिग्रेका बनियाँ र खेती बिग्रेको शूद्र यी चार नाश

हुन्छन् । तसर्थ राजाले घा कटकको बखत चिह्नी घा गर्ने बेलामा घा र कटक गर्ने वेलामा कटक गर्छ भने त्यसको सर्वथा जय हुन्छ । घा भनेको द्रव्य लिनुदिनु गरी दोस्तानी बाँध्नु हो । यस्ता तरहले अट्ठार प्रकारका घा छन् । राजा भई ठाउँ ठाउँ र देश देशका राजाहरूसंग घा दोस्तानी बाँधे वैरी लडाईं गर्न आएका बखतमा सहायता पाइन्छ । त्यसकारण घा गर्नाले आपनो भर अरू राजालाई र अरू राजाको भर आफूलाई हुँदा राजाको राज्यलक्ष्मी स्थिर हुन्छ ।" यति राम शाहको राजनीतिको उपदेश सुनेपछि छ थरहरू पनि बिदा भए ।

चितवर गढ उदयपुरमा पुगेपछि छ थरहरूले सरसौगात बस्ता तरहले चढाउनुपर्ने हो परिपाठ मिलाएर सिसौदिया राणाजीलाई चढाए । अनि राणाको वैठकमा गई बातचित हुँदा खल तारपत्र देखाए । त्यसबाट बहुतै प्रसन्न भई राणाले भने 'पद्मिनी मैयाँको कुरा साँचो हो । बादशाहसित ठूलो लडाईं भई शाखाबन्दी हुँदा हाम्रा भाइबन्धु यत्रतत्र भएका थिए । यहाँ नजीकमा रहेका भाइबन्धु त सबै सामेल भए । तर एक दुइ गर्भवती रानी र एक दुइ साना बालक साहेबज्यू पहाडतर्फ लागेका थिए । कहाँ छन् र कस्ता तरहले रहेका छन् भन्ने थियो, तिमीहरूले खबर ल्याउँदा दिलमा बहुत आनन्द भयो ।' अनि ती गएका वकीलहरूलाई स्नेहपूर्वक मेजमानी खानपीन दिई केही दिन त्यहीं राखे । त्यहाँ रहुन्ज्याल छ थरहरू सिसौदिया महाराजका कचहरीमा बराबर जान्थे ।

एक दिन 'हजुरका कुलदेवता कुन हुन् र चिठीको प्रशस्ति के हो ?' भनी राणासंग वकिलले सोधे । राणा महाराजले कुलदेवता बताई 'प्रशस्ति त यो हो, तर पहाडका राजा भएपछि प्रशस्तिको मोहडा केही फेर्नुपर्ला । बादशाहसित कुरा गरी ठेगाना गर्नू' वकिलहरूमा पाण्डे, पन्त र अर्ज्याल दिल्लीमा जानू । अरू तीन थर हाम्रा राजाको मैयादहरू नवकोटप्रभृति सात टीका छन् । त्यस त्यस ठाउँमा गई के मर्यादा रहेछ र कस्तो व्यवस्था रहेछ बुझी पछि सबै एकै ठाउँमा भेला हुनू' भनी चाहिंदो बाटाखर्च र खिल्लत दिई बिदा गरे ।

त्यसपछि पाण्डे, पन्त र अर्ज्यालहरू दिल्लीतर्फ लागे । दिल्ली पुगेपछि बादशाहको सवारी बाहिर हुने मौकामा हामीहरू धनु, ठोक्रो, ठाडी र खुकुरी भिरेका तथा ढाल र खुंडा बाँधेका छौं, बेग्लै बसौं । त्यसो भए देशी र हामी अलग्गै छुट्टिन्छौं । बोल्दा देशी पक्की भाषा जान्नेले बोल्नू । यस्तो सल्लाह गरी बादशाहलाई चढाउने सौगात लिएर अलग्गै खडा भइरहे । केही बेरपछि बादशाहको सवारी भयो । बादशाहले यिनीहरू कहाँका हुन् बुझ भने । वकिलहरूले बताए 'हामी गोरखेश्वर महाराजबाट आएका वकिल हौं' भनी सौगात पनि चढाए । राणाजी महाराजले बादशाहलाई लेख्ने खल तारपत्रको बेहोरा सिकाइदिएको हुनाले आफैंले तयार गरेको खल तारपत्र पनि चढाए । बादशाहले तिनीहरूलाई धनु लिएका र भोल्टो लाएका देख्दा 'त्यो कस्ता तरहले हान्छौ ? त्यसको मार कस्तो हुन्छ ?' भनी सोधे । उनीहरूले यस्ता तरहले हान्छौं भनी क्रिया देखाए ।

त्यसपछि बादशाहले आपना हजारौं तीरन्दाजीहरूलाई बोलाई तामाको निशाना राखेर हान्न लगाए । तिनमा हजारमा उएटाले मात्र निशाना मारे । बादशाहले वकिलहरूलाई पनि निशाना मार्न सक्छौ कि भनी सोधनी गरे । 'हाम्रा देशमा तामाको निशाना त जोसुकै पनि मार्न सक्छन् । त्यसको के महिमा छ र ? पटनाको निशाना थापे हाम्रो धनु हान्ने तजबीज नजर हुनेछ' भनी वकिलहरूले भने । बादशाहले पटनाको निशाना राखी 'लौ हान' भन्ने हुकुम गरे । उनीहरूले तीन पटक हान्दा एउटै नबिराई निशाना मारे । त्यसपछि 'सोझो मात्र हान्छौ कि, साह्लो पनि हान्छौ ?' भन्ने हुकुम गरे । हामी 'साह्लो पनि हान्छौं' भन्ने बिन्ति गरे । अनि एउटा भैंसी ल्याई आपना तीरन्दाजलाई पहिले हान्न लगाउँदा अलिअलि गाडिने र डाम मात्र लागी खस्ने भयो । गोरखालीलाई हान्न लगाउँदा त काँड गाडिई वारपार बुड्यो । यिनीहरूको साह्लो सोझो दुबै क्रियाको हुनाले देख्दा बादशाह बहुतै खुशी भए । शालदोसल्ला र खिल्लत दिई बादशाह दरबार भित्रिए । उनीहरू पनि आपना डेरातिर लागे ।

एक दिन बादशाहले आपनो कचहरीमा बोलाई भने 'तिमीहरूको किस्मत देख्दा म बहुत खुशी भएं । तिमीहरू यहीं बस । जिमीजग्गा, दर्जा र दर्माहा प्रशस्त दिउँला । मैले दिनु तिम्रा राजाले के दिनन् ?' अनि गोरखाका वकिलहरूले 'बादशाह हजरत, हामी निमकहराम भई कसरी हजुरमा रहौं ? अहिले त हजुरले जिमीजग्गा र दर्माहा

बक्सिएला र बसौंला । भोलि हजुरले भन्दा झन् धेरै दिने अरू मिले भने के गर्ने ?, फेरि उतैतिर लाग्नुपर्ला । यस्तो निमकहराम काम गर्ने सेवक पनि दुःख पाउँछ, यस्तो सेवक संग्रह गर्ने मालिक पनि बिग्रन्छ । हामीले त जसको निमक खाएका छौं, उसको कार्यमा जीउधन सर्वस्व भए पनि सहन्छौं ।' भनी बिन्ति गरे ।

वकिलहरूको कुरा सुन्दा बादशाह अति खुशी भई 'तिमीहरू निमकको सोझो गर्ने बुद्धिमान् रहेछौ । तिम्रा राजाको मुलुक पनि ठूलै होला ।' भने । 'बाह्र हजारको मुलुक छ' भनी वकिलहरूले भने । 'मुलुक त सानै रहेछ' भनी बादशाहले भन्दा कुरो अलिक खुस्केछ भन्ने ठानी 'हामी बाह्र हजारिया हौं । ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्रदेखि लिई तेली, धोबी पर्यन्तका सबै जात बाह्र बाह्र हजार हुनाले बाह्र हजारिया कहलाएका हौं' भनेर सच्याई विन्ति गरे । 'उसो भए मुलुक त ठूलै रहेछ । तिमीहरू यहाँ के कामले आएका हौ ?' भनी बादशाहले सोध्रे । 'सिसौदिया राणाजी महाराज पहाडमा पाल्नुभई राजा हुनुभएको छ ।' हामी पहाडका राजा भयौं । हाम्रो प्रशस्ति कुन हो । बादशाहबाट निकासा गरी ल्याऊ भन्ने हाम्रा राजाबाट हुकुम हुँदा हामी आएका हौं' भनी विन्ति गरे । आफूले ल्याएको राणाजीको प्रशस्ति पनि नजर गराए । बादशाहले पण्डितहरू बोलाई अगाडिको मोहडा फेर्न लगाए । 'गिरिराज चक्र चूडामणि' यति मात्र फेरे हुन्छ भनी पण्डितहरूले विन्ति गरे । यही प्रशस्तिले राम शाहलाई खल तारपत्र लेखे । बादशाहले सौगात र वकिलहरूलाई खिल्लतसमेत दिएर बिदा गरे । वकिलहरू दिल्लीबाट हिंडेर गोरखातिरको बाटातर्फ लागे । अघि सिसौदिया महाराजले दिएका सल्लाहअनुसार उनका मैयाद रहेका ठाउँ ठाउँमा बुझ्न भनी गएका तीन थर वकिलहरू बीच बाटामा आई यिनीहरूलाई पर्खिरहेका थिए । दुवै दलले भेट गरी सबै गोरखामा पुगे ।

काम फत्य गरी आएका वकिलहरूले महाराज राम शाहको दर्शन गरी राणाजीले कहेका कुलदेवताको विस्तार र बादशाहसंग भएको विस्तार तथा अरू राणाजी राजारौटेहरूको हालसमेत क्रमैसंग विन्ति गरे । महाराज राम शाहले पनि 'तिमीहरूलाई छ थर तुल्याउन जानेछु' भने । त्यसपछि महाराजबाट कचहरीका मर्यादाको व्यवस्था पनि निम्न लेखिएअनुसार बाँधे:—

महाराजलाई नाम पुकारी बोलाउँदा सबै जातले महाराजाधिराज भनी विन्ति गर्नू । चौतरियालाई नाम पुकारी बोलाउँदा गरीबपरवर वन्दे नेवाज भनी सबैले विन्ति गर्नू । काजी, सरदार र भरभारदार भएका ब्राह्मण, खस, मगरप्रभृतिलाई बोलाउँदा देवान, काजी, मुखिया, जीउ, जी भनी पुकारेर जो आज्ञा भनी बोल्नू । महाराजका हजुरमा छँदामा चौतरिया र साहेबज्यू आए महाराजलाई बक्साई आशीर्वाद गर्नेले आशीर्वाद र सलाम गर्नेले सलाम गर्नू । महाराजका हजुरमा बाबुकाकाहरू आएमा ढोगभेट नगर्नू । गुरुज्यूलाई महाराजको दर्शन गर्ने बखत परेको छ भने सबैले दर्शन गर्नू । अघिपछि महाराजलाई बक्साई मात्र गर्नू । महाराजका नजीकका साहिनाका माननीय चौतरिया छन् भने महाराज गादीमा राज भएका बखत एक सलाम गर्नू । अन्यत्र दुइ सलाम गर्नू । अरू टाढाका भाइहरूले महाराजलाई कुर्नेस बजाउनू । नजीकका काका, दाज्यू, बाबा पर्नेका रानीहरूलाई महारानीले ढोगभेट गर्नू । महाराजबाट केही हुकुम भई जानुपर्दा पीठ नपारी पछिपछि हटुंदै नदेखिने भएपछि पीठ फिराई जानू । महाराजको नजर पर्न्जयाल पीठ नफिराउनू । महाराजका कचहरीमा (मोछ) जुंगाको ताउ नलाउनू । उपरखुट्टी लाई नबस्नू । भाइ चौतरियालाई दाहिनातर्फ विच्छ्याउनामा राख्नू । गुरुलाई अगाडि चारपाटेमा राख्नू । आफ्ना भाइ काजी भए तिनलाई बायाँतिर राख्नू । ब्राह्मण, खस, मगर काजी भए हुकुमले बस्नू नभनेसंम खडा रहनू । महाराज बैठकमा राज भएको भए कोही छैनन् भने द्वारे साथी विन्ति पारी हुकुम भए जानू, उसै नजानू । द्वारे मान खाने जातले मात्र खानू, अरूले नखानू ।

त्यसपछि राम शाहले अरू धेरै कुरा खुलस्त गरी व्यवस्था गरे । गौचर संकल्प गर्नू भनेको अर्थ के हो भने गोब्राह्मणको रक्षा राजैबाट हुन्छ । तसर्थ गौचर नरहे राजालाई प्रत्यवाय लाग्छ भनी गाउँ गाउँमा यति कमीत गर्नू र यति गौचर राख्नू भन्ने व्यवस्था गर्नू । बाटाको रूख नकाट्नू भनेको दुःखी गरीबहरू कामकाज गरी थाकेर भारी बोकी आउने जोकोही बाटामा हिड्नेहरूलाई पनि गर्मी हुन्छ भनी बाटामा रूख लाउनू । जो काट्ला उसलाई पाँच रुपैयाँ दण्ड गरी लिनू । पनेरानिरको रूख काटे उघारो हुन्छ र जमीन सुक्खा हुँदा पानी सुक्छ । तसर्थ

पनेराका रूख काट्नेलाई पनि पाँच रुपियाँ दण्ड गर्नू । वन पाल्नू भनेको के हो भने वन धेरै काटे उघारो भई पैह्रो जान्छ । वन नहुँदा गृहस्थीको कुनै काम पनि चल्दैन । त्यसैले वन पाल्नू । चौतरिया भाइ र गोत्रीयहरूले जीवसन्धिको विराम गरे विदेश गराउनू । ब्राह्मणले जीवसन्धिको विराम गरे मुडी देश निकाला गरिदिनू । भाइ गोत्रीयहरूलाई विदेश गर्नू भनेको के अर्थले भने जीउ लिनेको जीउ लिनू र गोत्रहत्या नगर्नू भन्ने पनि धर्मशास्त्रमा लेखिएको भई जीउ लिनेको जीउ नलिए पनि दोष लाग्ने, गोत्रहत्या गरे पनि प्रत्यवाय लाग्ने परस्पर विरोध हुँदा देशनिकाला गरे पनि मारे तुल्य हुन्छ भनी धर्मशास्त्रमा लेखिएको हुनाले गोत्रीयलाई देशनिकाला गर्नू भनेको हो । ब्राह्मणका विषयमा मारे ब्रह्महत्या लाग्ने हुँदा मुडे पनि मारे तुल्य हुन्छ भनी शास्त्रमा लेखिएको हुनाले देशनिकाला गर्नू भनेको हो । अरू जात मगर खसहरूलाई जीउ लिनुपर्ने खतमा जीउनै लिनू । जसको पाप उसको गर्धन गर्नू । सुनको गहना पटबन्दी महारानीले मात्र पाउमा लाउनू भनेको के हो भने सुवर्ण र राजा यी दुबै विष्णुका अंश तथा महारानी लक्ष्मीका अंश हुनाले सुवर्णको गहना पाउमा पहिरनू । भाइ चौतरियाका रानीहरूले महारानीबाट बक्से सुवर्णको गहना पाउमा लाउनू, नबक्से पाउबाहेक अरु ठाउँमा लाउनू । भाइ चौतरियाका रौतेला रौतेलीहरूले बालकपनमा मात्र सुवर्णको गहना लाउनू, युवा भएपछि नलाउनू । ब्राह्मणादि खस मगरहरूले सरकार बक्साई सुवर्णका गहना हातमा लाउनू । नबक्साई हातपाउबाहेक अन्यत्र लाउनू । इत्यादि महाराज राम शाहले बन्देजको स्थिति गरे ।

एक दिन श्री साहेबज्यू पैदा हुँदा बडा हर्षले धेरै ब्राम्हणहरूलाई निमन्त्रणा गरी नामकर्ममा 'श्री डम्बर शाह' भन्ने नाउँ राखे । त्यसपछि लखन थापालाई राम शाहको सहायता गरेस् भन्ने श्री गोरखनाथबाट हुकुम हुँदा राम शाहको सेवामा रहेको थियो । कुनै दिन लखन थापा एकाएक हाँस्यो र सभामा 'किन हाँसिस् ?' भनी सोधनी हुँदा 'पाल्पाली राजाका सभामा नाच हुन लागेको थियो । त्यहाँ नाच्ने स्त्रीको सारी खुस्क्यो र अरु सबै हाँसे, म पनि हाँसें' भनी विन्ति गऱ्यो । 'यहाँ बसी पाल्पाको कुरा कसरी देखिस्' भनी हुकुम भयो ।' यो बात साँचो हो, बुझिबक्सियोस्' भनी फेरि विन्ति गऱ्यो । त्यो घडीपला र रोज लेखी बुझ्न पठाउँदा 'त्यस बखतमा लखन थापा यहीं बसेका थिए । यहाँ नाच चलिरहेको थियो । नाच्दा नाच्दै नाच्ने स्त्रीको सारी खुस्कंदा सबै हाँसेका हुन्' भन्ने पाल्पाबाट उत्तर आयो । अर्को दिन राजसभामा आफूले ओढेको खास्टो अकस्मात् निचोर्न लागे र खास्टोबाट पानीको धारा लाग्यो ।' किन खास्टो निचोऱ्यौ' भन्ने हुकुम हुँदा 'अहिले काली गण्डकीमा डुंगा डुब्यो र डुबेका मानिसहरूलाई झिक्दा मेरो लुगा भिज्यो र निचोरेको हो' भनी विन्ति गरे । त्यो कुरा हो होइन भनी बुझ्न पठाउँदा 'डुंगा डुबेको र डुबेका मानिसहरूलाई लखन थापाले उतारेको हो' भन्ने अर्जी आयो ।

एक दिन 'तिमी ठूला सिद्ध रहेछौं, कसरी सिद्ध भयौं?' भनी हुकुम हुँदा पहिले थापाले धेरै छलछाम गरे । 'मैले सोधेको जस्ताको तस्तो उत्तर देऊ' भन्ने हुकुम हुँदा आफू सिद्ध भएको, श्री गोरखानाथबाट वरप्रसाद पाएको र महाराजको सहायता गरेस् भन्ने आज्ञा भएको समेत सबै पूर्ववृत्तान्त विस्तार गरे । त्यसपछि राम शाहले हर्षायमान भई 'मलाई नेपालको इच्छा छ कसो हो ?' भने । 'यो कुरा मसंग किन हुकुम हुन्छ ? महारानी साक्षात् देवीको अवतार हुनुहुन्छ उहीं हुकुम होओस्' भनी लखन थापाले विन्ति गरे । 'मेरी रानीको यस्तो कुरा म केही चाल पाउँदिन, कसरी पत्यार गरूँ' भनी हुकुम भयो । लखन थापाले विन्ति गरे 'देवी महारानीको चमत्कार मैले देखेको केही विन्ति गर्छु सुनिबक्सियोस् :-

एक दिन ज्यूनार गराउनालाई भुजा रचेर टक्र्याई अरु तरकारी टक्र्याउनालाई सरजाम लिन अन्यत्र मोहडा फिराएर सरजाम टक्र्याउन फिर्दा भुजा र तिहुन खाली देखियो । यो केले खायो ? यहाँ त कोही छैन । मैले टक्र्याउन बिर्सें कि त भनी फेरि टक्र्याउनुभयो । दुइ तीन दिन यस्तै भयो र चौथा दिनमा आत्मज्ञानले विचार गर्दा श्री गोरखनाथबाट खाएको ठहरियो । भुजाहरू फेरि टक्र्याई उहीं नजर लगाउँदा श्री गोरखनाथको स्वरूप प्रत्यक्ष देखियो अनि 'मलाई छल किन गर्नुभयो ? यो कुरो चाहियो भने जस्तो चाहियो उस्तै म टक्र्याइद्यालयें' भनी महारानीबाट हुकुम भयो । 'लिनेदिने व्यवहार केही नभएको हुनाले छल नगरी संवाद नहुने हुँदा छल गरेको हो । मनुष्यको जन्म छ मनुष्यै हुँ भन्ने नठान । लक्ष्मी र काली दुवैका अंशले अवतार लिएकी हौ भन्ने संझाउन मात्र आएको

हुँ । मैले द्रव्य शाहलाई आशीर्वाद दिइसकेको छु । त्यो चाँडै सफल होओस्' भनी गोरखनाथबाट आज्ञा भयो । आफैं साक्षात् अवतार हुनुहुन्छ, अब मैले के गर्नुपर्‍यो ?' भनी महारानीबाट हुकुम भयो । 'सकल देहधारीहरूको र देवताहरूको सामर्थ्यसंयुक्त अधिष्ठानस्वरूप शक्तिलाई मानेको छ । तसर्थ मेरो वरदानको पूर्ति तिमीबाट हुन्छ' भन्ने गोरखनाथबाट आज्ञा भयो । दुइ चार दिनपछि 'मत्स्यगंडी र धर्मनदीका वेणीमा हामी सबै भेला भई बातचित गरौंला' भनी महारानीबाट हुकुम भयो । अनि श्री गोरखनाथ अन्तर्धान हुनुभयो ।

एक दिन उक्त वेणीमा महारानी, म र अरू देवताहरू भेला हुनेछौं तँ पनि त्यहीं आएस् । महारानीको सवारी कस्ता प्रकारले हुँदो रहेछ, त्यो पनि हेर ' भनी श्री गोरखनाथबाट मर्जी भयो । त्यस दिन मैले आफ्नो स्वरूप छिपाई पटांगिनीमा आएँ । सवारी हुने बखतमा मैले त महारानीलाई केटी ठैं माने । ईश्वरीको अन्त लिन खोजेको त मलाई मोह भयो । सवारी हुंदा साथमा रहेका गणहरूले 'आफ्नो स्वरूप लुकाई सिद्धत्व देखाएको किन हो ?' भनेर ललकारी भन्दा स्वप्नदेखि जागे जस्तो भएँ । हेर्छु त अघि देखेका केटीहरू देखिएनन् । 'हे परमेश्वरी, मैले हजुरको अन्त लिन जानिन । श्री गोरखनाथज्यूले तँ पनि पूजाको सरजाम लिई वेणीमा आएस् भन्नुभएको हुनाले आएको हुँ । मेरो अपराध क्षमा होओस्' भनी दण्डवत् प्रणाम गरें ।

त्यसपछि दरबारको ढोकाबाट एक पुरुष निस्क्यो । त्यसपछि एक स्त्री निस्की उसका पछि लागिन् । म जुन काममा गएको थिएं, त्यो काम पनि बिर्सन पुगें । यी स्त्री को हुन् ? यो पुरुष को हो ? यिनीहरू कहिले पनि देखिन्थे । यस पुरुषलाई एक लात्ती दिई प्रभुको सोझो गर्नुपर्‍यो भन्ने सम्झी तरवार झिकेर पछिपछि दौडें । अकस्मात् त्यो पुरुष सिंह बन्यो । स्त्री चाहिं महारानीको रूपमा सिंहमा सवार हुनुभयो । म ताजूब भई पुलुपुलु हेर्न लागें । 'हामी जस्ताले सिद्ध भयौं भनी शेखी गर्नु त व्यर्थ हो । मेरो अभिप्राय बुझेर मेरो अन्त लिन खोज्यो भनी हजुरबाट दुइ पटक माया गरी छल गर्नुभयो । इन्द्रादि देवताहरू पनि हजुरको माया बुझ्न सक्दैनन् भने म जस्ताले कहिले अन्त लिन सक्थें' भनी बहुतै क्षमापन मागी साष्टांग दण्डवत् परें । महारानीबाट 'तँ पनि अघि लाग्' भन्ने हुकुम हुँदा अघि लागें । वेणीमा पुगेपछि श्री गोरखनाथप्रभृति सबै देवताहरूको समागम भएको रहेछ । श्री गोरखनाथले 'लखन थापा, तैंले ल्याएका सामग्रीले यस्ता विधानले पूजा गर्" भनी सिकाउनुभयो । अरू देवताहरूको पूजा सकी विशेष विधिपूर्वक महारानीको पूजा हुंदा प्रसन्न भई 'किन पूजा गरेको ?' भन्ने हुकुम भयो । 'अघि श्री गोरखनाथबाट द्रव्य शाहलाई जुन प्रकारले वरदान भएको हो, त्यो सफल गराई यस परिवन्दले मेरा सन्तानको जय हुनेछ भन्ने हुकुम होओस्' भनी मैले बिन्ति गरे । 'बेश बिन्ति गरिस् । म वरदान दिउंला, त्यो संयोग तैंले पारेस् । मनकामना जो हुन् सो म हुं । आजदेखि मेरो पूजा तेरा सन्तानदरसन्तानले दिन दिन गर्नू' भन्ने हुकुम भयो । त्यसपछि श्री गोरखनाथ अन्तर्धान हुनुभयो । अरू देवताहरू पनि आआफ्ना स्थान–मा गए । महारानी पनि दरबारमा सवारी भयो । सवारी भित्रिएपछि म पनि घर आए । यो कुरा वर्षदिन अगाडिको हो । आजकाल पनि महारानी पर्व पर्वमा कहिलेकहीं सिंहमा चढी बडा बडा पीठमा पाउलाग्नुहुन्छ ।

'अब म कस्ता प्रकारले भेट पाउंला, सो उपदेश गर' भनी राम शाहले भन्दा 'महाराज, अष्टमी वा चतुर्दशीका रात्रीमा पाँच घडी रात बाँकी छंदा जागा भइबक्सियोस् । महारानीको गाथ चिसो भइरहेको होला । त्यस बखत 'मेरो अंग तातो तर तिम्रो अंग किन चिसो भएको ?' भन्ने हुकुम होओस् । उतिखेरि तातो हुनेछ । यो पहिले परीक्षा गरिबक्सियोस् । फेरि भौमाष्टमीका दिन तुलसीदासले शक्ति ब्रह्मको पूजा गर्नेछन् । त्यहाँ पनि महारानी जानुहुनेछ । त्यस दिनका रात्रीमा सुकला नगरी जागा रहिबक्सियोस् । काशी पुगी रात १ प्रहर बाँकी छँदा यहाँ आइपुग्नुहुनेछ । त्यस बखत बाहिर पटांगिनीमा राज होओस् । महारानीलाई सिंहमा सवार भई पाल्नुभएको नजर हुनेछ । त्यस बखत हजुरले यो को हो ? भनी पक्रन तयार भएपछि बडो नम्र भई हजुरका पाउमा पर्न आउनुहुनेछ । त्यसै वेला हजुरबाट जे जे चाहिन्छ सो सो वरदान बिन्ति गरिबक्सियोस् ।' भनी लखन थापाले बिन्ति गरे । यो कुरा सुनेपछि राम शाह पनि खूब खुशी भए । त्यसपछि जुन जुन परीक्षा गरेका थिए सबै प्रत्यक्ष भयो । अघि भनेको दिन पनि आइपुग्दा प्रहर रात बाँकी भएपछि राम शाह जागा भई पटांगिनीमा बसे । महारानी तुलसीदासको निमन्त्रणामा

काशी पुगेर फर्की पटांगिनीमा आइपुग्दा 'यो को हो ?' भनी राम शाह पक्रन तयार भए। महारानी बडो नम्र भई पाउमा परिन्। 'मेरी रानी भई जन्म लिए पनि तिमी त साक्षात् देवीको अवतार रहिछौ। अब मेरो र मेरा सन्तानको कस्ता प्रकारले कल्याण वृद्धि हुने हो, त्यस्तै प्रकारको वरदान देऊ' भनी राम शाहले विन्ति गरे। त्यसै वेला श्री गोरखनाथ पनि प्रकट भए। त्यसपछि श्री गोरखनाथ र लखन थापाले 'जुन पाठले कल्याण हुने हो, सोही पाठको वरदान होओस्' भनी विन्ति गरे। अनि महारानीबाट राम शाहलाई यस्तो वरदान दिनुभयो:–

'हजुरदेखि सातौं राजालाई नेपालको भोग होला। हाम्रा सन्तानलाई पूर्व दिशा र पश्चिम दिशामा संग्राम गर्दा जय होला। उत्तर र दक्षिणतर्फ धेरै मनसुबा नगर्नू। उत्तर दिशामा सदा सर्वदा घा गरे जय होला।' अनि श्री गोरखनाथले पनि 'तिम्रा सन्तानको दिल्लीमा नगरा बजोस्' भनी थप वरदान दिए। अनि राम शाहले अति हर्ष भई साष्टांग दण्डवत् गरे। श्री गोरखनाथ अन्तर्धान भए। लखन थापा बिदा भई आफ्ना घर गए। महाराज र महारानी दरवार भित्रिए। त्यसको एक दुइ दिनपछि लखन थापाले तुलसीदासको दर्शन गरी बातचित हुंदा महाराजको वरदान प्राप्तिको कुरा विस्तार गरेछन् र तुलसीदासले एउटा दोहा बनाई पठाए:–

पूर्व पश्चिम दिशामें समर करो प्रवीन।
तासौं उज्ज्वल कीर्ति वृद्धि होगी प्रतिदिन।
जो नृप नेपाल भोग करे यज्ञबिना न हि शुद्ध।
नर तन घातसो आशिष वर न हि बुद्ध।
तुलसीदास नकहे समझो नृपवर राम।
तब सुत सन्तति मणिवरको होगी यशको धाम।

उक्त पत्र लखन थापाले ल्याई चढाए। 'उहाँबाट बेश शिक्षा गरी पठाउनुभएको रहेछ' भनी हुकुम भयो। पछि तुलसीदाससंग बसउठ हुँदा 'दामोदर देवता पूजा गर्नहोस्' भनी चढाए।

यस्ता रीतले राम शाहले धर्म र नीतिशास्त्रअनुसार राज्य भोग गरिरहेका थिए। तिनताक बाईसी चौबीसीका मुलुकमा छिन्न नसकेको झगडा गोरखाका कचहरीमा पठाइदिन्थे। महाराज राम शाह सबको चित्त बुझाई झगडा तोडिदिन्थे। त्यसो हुनाले 'विद्या हराए काशी जानू, निसाफ हराए गोरखा जानू' भन्ने निशाना चल्यो। न्याय पनि यिनै राजाका पालादेखि चल्यो।

त्यसपछि आफ्नो मुलुक सानो हुंदा बढाउने महाराजको मनसुबा भयो। अनि सकल भारदार र पंचहरू राखी सल्लाह मद्दत बाँधेर लडाईको उद्योग हुन लाग्यो। त्यस बखत देशबाट बाना, बनेटी, बाँक, पट्टा, छुरी, बिछुवा र फरिगतका कटारको हात बहुतै जानेको सकल इलममा कुशल एक रजपूत झिकाई वर्ष दिनसंम राखेर महाराजले कटारका हातहरू सिकी सकल इलममा सिपालु भए। अनि लिगलिग र हर्मी दुइ थुम द्रव्य शाहले अघेरै सर गरी गोरखा आएका थिए। बाँकी पाँच थुम लकाङ, भिरकोट, देउराली, धूवाकोट र च्याङली ठाडै रहेका थिए। त्यहाँ मानिस पठाई सल्लाह गर्दा 'एक राजा नमानी हुँदैन, हामी गोरखालाई नै मान्दछौं' भनी त्यहाँका पञ्च भलामानिसहरूले मंजूर गरे। अनि थुम थुमको साँध लगापात छुट्याई लेखिएका सातै थुमको पजनी गरे। थुम थुमका उमराउहरूलाई थुम हेरी 'हाम्रा काममा तिमीहरूले खुंडावाल यति मानिस तयार गर्नू। काम पर्दा जुन दिशामा खटाउँला उसै दिशामा जाउला। अहिले आफ्नो थुम गढी बलियो गरी कुर्नू। गढी नभएका थुमले आडपयाड बलियो गर्नू' भन्ने हुकुम हुँदा सोहीअनुसार गरी बसे।

त्यसपछि छ थरप्रभृतिलाई 'आठ हजारको मुलुकलाई तिमीहरूले बाह्र हजार बोलेको दैवले पुऱ्याइदिए' भन्ने हुकुम भयो। उनीहरूले 'दैवले थामिदिए हाम्रो मनोरथ पूर्ण हुने थियो' भनी विन्ति गरे। त्यसरी अम्बल गरेको कुरा लमजुङका राजाले थाहा पाई अरु राजाहरूको मद्दत लिएर आक्रमण गरे। एक थरिले लिगलिग र एकथरिले च्याङली चढाइं गरी धूवाकोट अम्बल गर्दै देउरालीमा आक्रमण गर्न आइपुगे। अर्काथरि फौजले लकाङ मोहडा गरी भीरकोटमा चढाईं गरे। त्यस लडाईमा वैरीको लश्कर धेरै हुँदा आफ्ना छ थुममै चढाइं गरी एक थुम मात्र बाँकी रहेको देख्दा महाराजले 'अब कसो होला' ? भने। 'हाम्रा उपर दैव सहाय छन्। धर्ममा चुकेका छैनौं। तसर्थ दैवले करुणा गर्दछन्। लमजुङले कति बल गरी आए तापनि धर्मकर्म छाडेका हुनाले हामीलाई जित्न सक्नेछैनन् र अवश्य हार्नेछन्' भनी महारानीले विन्ति गरिन्। महाराज-

ले महारानीको सामर्थ्य बुझेका हुनाले मनमा आनन्द लिए ।

त्यसपछि लकाङतर्फका लडाईंमा बाहुहरूमा खड्ग लिएका कन्या र स्फटिकका दर्शन लगाई गेरुवा वस्त्र पहिरेका योगी दुइ जना अघिलाग्दा लडाईंमा गएका गोरखाली सिपाहीहरू वैरीको कति डर नमानी 'अब कस्तै बादशाहको फौज आए पनि हामी फत्य गर्न सक्छौं । हाम्रा अगाडि कोही टिक्न सक्दैनन्' भनी रणशूर बने । अनि दुवैथरिमा घमासान लडाईं भयो । त्यस लडाईंमा गोरखाली सिपाहीले हानेको मर्मस्थान भेद्ने हुनाले जहाँ लाग्यो उहीं खतम हुने भयो । वैरीका फौजमा कातरता हुनाले उनीहरूले हानेको लाग्दै नलाग्ने, कदाचित लाग्यो भने पनि छाला मात्र खोस्सिने हुंदा गोरखाली सिपाहीका मनमा सुन्याइं बढ्दै गयो । हतियार लिएका गोरखाली पचास जना मात्र थिए । इन्द्रले बज्रले हानी पर्वतको शिर गिराए झैं ती पचास जनाले वैरीका फौजको शिर भकाभक गिराउन लागे । अनि वैरीहरू गढीबाट बाहिर निस्कंदा उनीहरूलाई भकाभक हान्न लागे । हतियार नभएकाहरूले पनि ढुंगा मूढाले हान्न लागे । सर्पले आपना दुलामा प्रयास नगरी खुत्त पसे झैं वैरीका शरीरमा बाणहरू प्रवेश गर्न लागे । ढुंगामूढाले हान्नेहरूले पनि कसैको हात र कसैको खुट्टा भाँची जखम गरे । यस्ता प्रकारले लडाईं गरी लकाङतर्फ आएका र अरु थुमका पनि धेरै वैरीलाई मार्दै र धपाउँदै मर्स्याङ्दी नदी पार गराए । त्यस बखतमा मेघलाई वायुले छ्याचन्थ्यान्न पारी प्रकाशमान भएका सूर्य जस्तै गोरखाली फौजहरूले शोभा पाए ।

त्यसपछि छ थरप्रभृति सरदार उमराउहरूले दरबारमा आई महाराजलाई प्रसाद पाती चढाएर आशीर्वाद, सेवा, कुर्नेसहरू गरे । महारानीलाई पनि प्रसाद चढाऊ भन्ने हुकुम हुंदा सो पाती प्रसाद महारानीलाई पनि चढाए । अनि उनीहरूले महारानीबाट खिल्लत पाए । त्यसपछि राम शाहका पालासंम लमजुङ प्रभृति बाईसी चौबीसीहरू कसैले पनि चियाउन सकेनन् ।

बारपाक सेर्तानका चांगे सुरतानसित लमजुंगेले आवतजावत गरी बखत परेमा तिमीलाई पनि राख्नेछैनन् भनी चकाए । चांगे सुरतानले दगा गरी गोरखामा छिद्र बुझ्नालाई आपना मानिस पठाए । उनीहरूले राम शाहसंग 'हाम्रा राजाले धनमाल लुटी दुःख दिंदा अन्याय भयो र हजुरका पाउमा निसाफ खोज्न आयौं' भनी विन्ति गरे । राम शाहले 'सात आठ दिनपछि ठेगान गरूँला' भनी जवाफ दिए । 'यले भोटेको जात हुनाले आफ्नो जात छोडी अन्यत्र जाने जात होइन । यिनलाई अवश्य चंकाई पठाएका हुन् । अलि दिन यहीं रहुन्, डबल के रहेछ बुझ्दै गर' भन्ने छ थर प्रभृति भारदारहरूलाई हुकुम हुंदा उनीहरू सुराक बुझ्न लागे । तिनीहरू पनि पक्रनन् भन्ने डरले भागे । तिनीहरू गएर आपना राजालाई सबै हाल बताए ।

त्यसपछि चांगे सुरतानले 'शिकार सयल गरिरहेको मौका पारी मार' भनी आपना सय जना मानिस पठाए । त्यहीअनुसार उसका मानिसहरू आई वनमा लुकिरहेका थिए । महाराज राम शाहको बालुवाबेंसीमा शिकार हुंदा अरु फौज र ठूला भारदारहरू वरपर रही महाराजका साथमा दस बाह्र जना केटा मात्र रहेको बखतमा तिनीहरूले 'मौका पर्‍यो अब मारौं' भनी बनबाट निस्केर घेरे । 'मैले कटारको काम जानेको यसै बखतमा काम लाग्यो' भनी महाराजले वाकाट्टाक हातको चौडा मुख गरी घुम्न लागे । उनीहरूले कांडले हान्दा महाराजले तरवारले काटे । केही भने ढालले छेके । उनीहरूले ढुंगाले हान्दा पनि ढालले छेके । यस्ता प्रकारले लड्दा नजीकै भिडिने जतिमा कसैको नाक, कसैको हात र कसैको खुट्टा खतम भए । महाराजका केटाहरूमा दुइ जना खती भए । दुइ चार जनाले दौडेर आपना लश्करमा खबर पुऱ्याए । अरु फौज आइपुगेपछि धेरैलाई मारे । केही भने पक्राउ परे । पछि महाराजले 'कि यी चोर हुन्, कि चम्काई पठाएका हुन् । चांगे सुरतानसंग हाम्रा बाज्याज्यूका पालादेखिको दोस्तानी हो । आपना मनासिबले त्यसो गर्नु पर्दैन । अब यिनीहरूलाई खारखेर गर' भन्ने हुकुम भयो । उनीहरूले आपनो जीउ बचाउनाका लागि 'लमजुङ्ले चंकाएको हो । अर्काको खेल पर्दा यहाँसंम भयो तापनि अब हाम्रा राजासंग गई जस्तो अघिको दोस्ताना हो उस्तै गरुंला' भनी विन्ति गर्दा छाडिदिए ।

त्यसपछि उनीहरू त्यहाँबाट गई आपना राजालाई सबै बेलीबिस्तार गरे । चांगे सुरतानले यसरी राम शाहले कटारको हात खेली काटेको खबर सुन्दा केही डर माने । यसरी आफूलाई मार्न आउने मानिसलाई दोस्ताना कायम राख्दछौं भन्दैमा अघिको दोस्त संझी छाडिदिएको देख्दा

बडा दयावान् धर्मात्मा रहेछन् भन्ने ठाने । अब अर्काका संगमा लागी यिनीसंग दोस्ताना छोड्ने होइन भन्ने संझे । 'खेलाहाले खेल गर्दा एक पटक यस्तो पर्न गयो तापनि अब दोस्तानी गर्छु । हजुर बडा दयावान् धर्मात्मा हुनुहुँदो रहेछ । आफूलाई छल गरी मार्न आउनेलाई पनि पक्रे पछि हिजोको दोस्ती संझी छाडिबक्सनुभएछ । अब कसैले खेल गर्दा बक्र-उँदा पनि नतोडिने यस्तो बलियो दोस्तानी राख्नालाई मितेरी लाऊँ । अनि पछिसम्म बढिया होला' भन्ने अर्जी लेखी पठाए । राम शाहले अर्जी हेरी भारदारहरू बोलाएर "चाँगे सुरतानलाई ज्यादै बलियो हुनाले मार्न खूब गाह्रो थियो । अब मितेरी लाउँछु भनी लेखेछ ? त्यसै बखतमा छल गरी मारौं" भनी भारदारहरूसंग सल्लाह गरे । "परसम्म ठहर्ने बेश कुरा लेखेछौ । दुबैथरले हानहतियार नल्याउनू । आऊ, बालुवाबेसीमा मितेरी लाउँला" भनी दिन तोकेर जवाफ पठाए । भोलि जानु छ भन्दा आजजसो गोरखालीहरू गई खुँडा, तरवार, खुकुरीहरू बालुवामा लुकाई आए । भोलिपल्ट दुबैथरमा मेल भई एउटा चुहानलाई महाराज जस्तो तुल्याएर साथमा लिई भारदारहरू गए । अनि जुन जग्गामा आपना हतियारहरू लुकाएका थिए त्यहाँ अनुकूल पारी बसे । दुवैतर्फबाट क्षेमकुशलको वार्ता गर्दै मितेरी लाउन लागेका बखतमा गोरखालीहरूले बालुवाबाट हतियार झिकी पहिले चाँगेलाई मारी उनका फौजमाथि खनिए । सुरतान भने उंकेर भागे । बचेका दश आठ जना पक्रिए । त्यसपछि "तिमीहरू के भन्छौ ?" भन्दा "अब हाम्रा राजा मरिगए । एक राजा नमानी हुँदैन । वारपाक सेर्तान तिम्रै भयो । हामीलाई भाइ जस्तो मानी काम गऱ्यौ भने सहज अठारसयखोला पनि आफूस गरौंला" भनी बचेका फौजले हात जोडे । सो कुरा महाराजमा विन्ति पार्दा 'अब वारपाक सेर्तान हाम्रै अम्बल भयो । तिनीहरू अबदेखि हाम्रा सेवक भए । उनीहरूलाई अघि सारी अठारसयखोला लिने सुर गर । सुरतानलाई पक्रे" भन्ने हुकुम भयो । भारदारहरू गई सोबमोजिम वारपाक सेरतान बाहाली गरे । त्यहाँका मानिसहरूले अब हामीलाई महाराजबाट सेवक तुल्याइबक्सियो, तसर्थ अब स्वामितको सोझो गर्नुपर्छ भनी अठारसयखोलाका बूढा बूढा मानिसहरूसित गई सलतन गरे । उनीहरूले "हाम्रो बल तिमीहरू हौं, तिमीहरू त्यसो भन्छौ भने अन्यत्र कहाँ जानू" भनी आपनो देशमा हुने पदार्थहरू नजराना चढाई महाराजको दर्शन गरे । उनीहरू पनि खुशी भई गोरखामै बसेका थिए ।

त्यसपछि महाराजबाट "लडाईं जिते पनि मुलुक कायम छैन, कायम गर्नुपर्छ" भनी आपना र अठारसयखोलातिरका भारदार राखी कचहरी गरियो । "जो आपना कायममा आउँदैन उससंग लडाई गर्नू, तसल्लमा आउनेसंग तसल्ल गर्नू । वारपाक मार्दामा जगा जगाका मानिस जाँचिएका छैनन्, जाँची स्थिति नीति बसालिनू । यस काममा भवानी पाँडे र विठ्ठल राना दुइ जना सरदार भयौ । जाऊ र वारपाकका दललाई अघि सारी तिमी दुइ जनाले दलमुखी हुनू ।' भन्ने हुकुम भयो । ती दुइ जना सोबमोजिम लश्कर लिएर बिदा भई हिंडे । पहिले रुद्रबोट सर गरी बाटो बनाएर बन्दोबस्त बाँधी त्यहाँ आपनो चलन चलाए । त्यसपछि केरुङमा तसल्ल गर्न पुगे । पहिले मान्छौं भने, पछि कुकुरघाटमा लश्कर पुग्दा कपट गरी केरुङेहरू उठे । त्यहाँ ठूलो लडाईं भयो । धेरै मानिस परे । विठ्ठल रानाको मुंड काटी भोटेहरूले दिगर्चामा लगेर त्यहाँका राजालाई नजर गराए । सरदार भवानी पाँडे पनि परे । बाँकी रहेका मानिसहरूले रोसीखोलामा फर्केर आई आड पयाड बलियो गरी कुरे । लडाईंको सबै हाल विस्तारपूर्वक अर्जी गरे । महाराजबाट "बलियो गरी कुर्नू" भन्ने हुकुम गयो र सोबमोजिम कुरिरहेका थिए । त्यहाँ सुरतानलाई खोज्दा बसेरीमा ठूलो घर बनाई बसेको कुरा सार्कीहरूले पहिल्याई विन्ति गरे । छलफलमा पहिले सल्ल्यान हानौ त्यसपछि मारौंला भनी खबरहरूले विन्ति गरे ।

जुनसुकै काम गर्नालाई पनि साइत वा मौका चाहिन्छ । सल्ल्यान हान्न पनि साइत चाहियो । अघि राम शाहको गर्भचिन्ह लगाएका दुर्लभ जोशीले साइत हेरे । त्यही साइतमा महाराजसंग बिदा भएर लश्कर साथमा लिई दुर्लभ जोशीले प्रस्थान गरे । गंडी (बूढीगंडकी) का तीरमा पुगे । यो कुरा सल्ल्यानीहरूले थाहा पाई डुंगा झिकिदिएका रहेछन् । दुर्लभ जोसीले हातमा कटारी लिई ढुंगामा बसेर लश्करलाई सुनाए 'तिमीहरू तयार रहो, जब म यो कटारी पत्थरमा गाड्ँला त्यसै बखतमा राम्रो साइत हुन्छ । त्यसै वेला पारि तर्नू । गंडीमा डुबुंला कि भन्ने कति पनि डर नमान्नू' । यति भनी दुर्लभ जोशी पत्थरमा गणित कोर्दै थिए । मुहूर्त आइपुगेपछि पत्थरमा कटारी गाडी 'लौ साइत भयो, गंडी तर' भनी आज्ञा गरे । लश्करले हातहतियार लिएर त्यसै हेलिई गंडी तरे । कटारी धसिदा छिद्र परेको पत्थर आजतक छंदैछ । त्यस पछि सल्ल्यानको घले राजालाई ठूलो लडाईं गरेर मारी

सल्ल्यान सर गरे । त्यस बखतदेखि गोरखा दरबारमा सल्ल्यानबाट आएको फूलपातीको भार नभित्र्याई यहाँको फूलपाती नपर्सनू भन्ने बन्देज भयो ।

त्यसपछि अघि पहिल्याउने सार्कीलाई अगुवा लगी सुरतानलाई मारेर बसेरी पनि सर गरे । यस्तै क्रमले खरी र मैदीका घले राजालाई मारी खरी र मैदी पनि सर गरे । अनि चरंगेमा पुगेर त्यहाँका घले राजासंग भारी लडाईं भयो । घले राजाले आडमित्र पसी धेरै दिन आड लियो । पछि घेरामा परी खान नपाउंदा गोरु, भैंसी बोक्दै लांदै खान लाग्यो । फेरि लडाईं पर्दा त्यस राजालाई मारी चरंगे सर गरे । यस्तै क्रमले मुलुक मार्दै, स्थिति बांध्दै, आफ्नो चलन चलाउंदै धादिङसम्म पुगे । त्यहाँका राजा रोहिवास घलेसंग लडाई हुंदा केही मानिस परे, केही घाइते भए । पछि घेरा दिएर थुनी त्यस घले राजालाई मारेर धादिङ सर गरे । अहिलेसम आफूले जितेका ठाउंमा स्थिति बांधी लश्कर फिराए । गोरखामा आइपुगेपछि छथर भारदारहरूले राम शाहमा प्रसाद पाती चढाई दर्शन गरे ।

उता रोल्पामा कुर्न बसेकालाई पनि बन्दोबस्त मिलाइ आउनू भन्ने अर्जी जाँदा उनीहरू पनि सोबमोजिम गरी आए । रुद्रभोटमा दुइ जिल्लाको बाह्र भाग गरी त्यहाँको आंशनी भेडा, च्यांग्रा, पाखीहरूमध्ये ठूलादसैंमा बलिदान गर्नू भनी बकस दिए । सब घरघरहरूलाई एक एक भेडा पुर्‍याई नपुग्ने तेली धोबीहरूलाई पनि एक एक पाखी दिए । दुर्लभ जोसीलाई "तिमीले मेरो गर्भचिटा लाउँदा जस्तो लेखेको थियो उस्तै पुग्दै आयो । तिमीले दिनभर घुमेको जग्गा बिर्ता गरिदिन्छु" भन्ने हुकुम हुँदा उनले दिनभर घुमेको जग्गा तान्द्राङ साँध लगाई बिर्ता दिए । फेरि गंडीमा फौज हेलाई तारेको रिझ बापत दुर्लभ जोसीलाई चुरेटार बिर्ता र नून खानालाई थन्न भन्ने भोटको गाउँसमेत दिए । सुरतानलाई पहिल्याएको रिझबापत सार्कीलाई भालूखोलाको पाखो सुबारो दिए । उनीहरू अझतक खाँदैछन् ।

यिनै महाराज राम शाहले नेपाल पाटनका राजा सिद्धिनरसिंह मल्लसंग सलूक बन्दोबस्त बाँधी मित्रता गरे । "हाम्रो देशमा बन्दबेपार नहुँदा गुलजार भएन । तिम्रो राज्य र मेरो राज्य एकै हो । तिम्रा सन्तान नभए हाम्रा सन्तानले तिम्रो राज्य र हाम्रा सन्तान नभए तिम्रा सन्तानले हाम्रो राज्य गर्नू भन्ने धर्म गरी चौबीस कोठी महाजन मागे । शाके १५२८ नेपाली संवत् ७२६ सालमा पाटन र गोरखाको सिमाना फर्पिङको बाटो गरी त्रिशूलगंगा र मत्स्यगंडकीको दोभान तथा बेनीघाटको बाटो गरी गोरखामा लगी माटाको छाना भएको घर बनाएर राखे । त्यसको हटियाचोक भन्ने नाउँ रह्यो । ती चौबीसकोठी महाजनमा जहानबच्चा लगी सधैं बस्नेलाइ "घरबारी" भन्ने पद र लोग्ने मात्र गई वर्षामा नेपाल आउनेलाई "बैरागी' भन्ने पद राखी गोरखा गुलजार गरे ।)

यी राजाका रानी रत्नावतीदेवी, नयनावतीदेवी र शशिरेखावतीदेवी नामक तीन जना थिए । महाराजले २८ वर्षसम राज्य भोग गरे । राम शाहले बाँधेका स्थितिमा प्रवृत्त नभई स्थिति लंघन गर्ने छोटा बडा चार वर्ण छत्तीस जातका प्रजाहरूलाई मपछि जो राजा हुनन् उनीहरूले श्री लक्ष्मीनारायण देवताको पाउ प्रतिमा भएको ढुंगो छुवाई त्यहाँ पान फूल द्रव्यहरू चढाई अन्याय गरेको पातक छुटाएर जातअनुसार शारीरिक सजाय गर्नू । बिरौटो बिराएमा मोहीले त्रिसाला जम्मै खाई त्यसपछि धनीबोटी तलसिङलाई दिनू । पनेरामा पालो मिच्नी झगडा गर्नेलाई पाँच रुपैयाँ दंड गर्नू" भन्नेसमेत स्थिति गरी दुनियाँहरूलाई सोहीबमोजिम व्यवहारमा प्रवृत्त गराए । त्रेतायुगमा रामचन्द्रले धर्मपूर्वक सबै प्रजाहरूलाई पुत्रवत् पालना गरी राज्यको भोग गरे झैं महाराज राम शाहले पनि सबै प्रजाहरूलाई औरस पुत्रवत् पालना गरी राज्यको भोग गरे । यी राजालाई देश देशका राजाहरूले आआफ्ना देशका चीजहरू चढाई पठाउंथे । यिनी हररोज पटांगिनीमा बसी जसका घरमा बिहान धूवां उठेन, त्यसका घरमा किन धूवां उठेन, पकाउने कुरा नभएर हो कि ? बोला भनी कटुवाललाई डुकाई खान पाए नपाएको समेत जुन कुराको दुःख छ त्यस कुराको निवारण गर्दथे । जागीरदारहरूका हुकमा पनि जागीर नआउन्जेलसंमका लागि यसका यति जहान छन् र यति चाहिन्छ भनी बराबर बकस दिन्थे । यी राजाले राज्य गर्दा शत्रु, अग्नि र दुर्भिक्ष कुनै कुराको पनि दुःख भएन । यस्ता तरहले राज्य गरे तापनि कालका वशमा सबै जनाले पर्नुपर्ने रहेछ ।

एक दिन रात्रीमा " तिम्रो राज्यको भोग यत्तिकै हो,

धर्मकर्म गर्न विलम्ब नगर" भनी सपनमा देवताले संक्षेप गर्दा महारानीसंग आफूले देखेको सपना विस्तार गरे। 'हजुरले आज मात्र थाह पाउनुभएछ, मैले त अवेरै थाह पाएकी थिएँ। अब साहेबज्यूलाई अति शिक्षा बक्सियोस्' भनी महारानीले विन्ति गरिन्। अनि साहेबज्यू डम्बर शाहलाई बोलाई देवताबाट आफूलाई सूचना भएको सबै वृत्तान्त सुनाएर यस्ता तरहले राज्य गर्नू भनी शिक्षा दिए। फेरि जो जो गोरखामा प्रीतिपात्र थिए उनीहरू सबैलाई अति शिक्षा दिए। अनि गौदान, अन्नदान, भूमिदान आदि ठूलठूला दान समेत गरी आनन्दपूर्वक राज्य गरिरहेका थिए। हुँदाहुँदै महाराज र महारानी दुवै जनाको स्वभाव पनि बेग्लै र मोहडा पनि बेग्लै देखिन लागेकोले गोरखालीहरूको चित्त उदास हुँदै आएको थियो।

श्री संवत् शाके १५५५ मा एक दिन मत्स्यगंडी र धर्म नदीको संगम भएको धर्मतीर्थमा स्नान गर्न जान्छु भनी महाराजको सवारी भयो। स्नान गरिसकेपछि राम शाहका सर्वाङ्गमा अकस्मात् शूल भयो। उनले रामरक्षाकवचहरू पाठ गर्दै ब्रह्माण्ड भेदन गरी प्राण त्याग गरे। यो खबर गोरखा पुग्दा सबैले ठूलो अपशोच गरे। सहगमनका निति महारानीको पटांगिनीमा सवारी भयो। 'गुफामा श्री गोरखनाथको पूजा नित्य गर्नू भन्ने हुकुम गरी जहां महाराजको कलेवर थियो उहीं सवारी भयो। अनि महारानीले' आजदेखि महाराज डम्बर शाह भए, म टीका दिन्छु 'भनी सिन्दूरको टीका लगाइदिइन्। त्यस बखतमा भारदारहरूले 'हामी गाईले छाडेका बाछा जस्ता भयौं' भनी अव्यक्त बोलीले विन्ति गरे। 'तिमीहरू प्रवीण छौं, निमकदार छौं, जसरी डम्बर शाहको सोझो हुन्छ उसै गरे' भनी महारानीले जवाफ दिई डम्बर शाहलाई काखमा लिएर अतिबुद्धि दिइन्। त्यो यस प्रकार छः—

बाबु डम्बर शाह, बुबाबाट जुन जुन शिक्षा पाएका छौ सोबमोजिम राजकाज गरे। म पनि दुइ चार अति दिन्छु, सुनः— बडालाई नघटाउनू। छोटालाई नबढाउनू। अर्काको ठट्टा गिल्ला कहिले पनि नगर्नू। मर्म भेद हुने वचन कसैलाई पनि नगर्नू। राजाले सदा क्रूर भइरहे पनि पुग्दैन, सदा साधु भइरहे पनि पुग्दैन। जुन वेलामा जस्तो भई काम गर्नुपर्छ उस्तै भई काम गर्नू। अनविश्वासी, पापी र कपटी यस्ता प्राणीहरूको कहिले पनि सोवत नगर्नू। राजाले मनुष्यलाई नचिनाउनू, चिने चिनाएपछि त्यसलाई चांडै त्याग गर्नू। त्यसमा पनि मुख्य कुरा के छ भने सबैभन्दा ठूलो दैव छ। दैवका वशमा जगत् छ। त्यसकारण आफूभन्दा माथि दैव छ भन्ने देखी काम गरे। धर्म र सत्य कहिले पनि नछाडे। शरीरधारी यावत् जन्तुलाई जन्मनु र मर्नु लागेकै छ भन्ने देखी काम गरे। तिमीलगायत सन्तान दरसन्तान टीकाधारी राजाहरूले भुनबाट पगरी नबांधे। बेतले बनेको खाट, खटिया र आसनहरूमा नबसे, नसुते। दरबारमा कमेरो पनि नलगाए। एकमुखे चूल्हो पनि नबनाए। इष्टदेवता र कुलदेवता आफ्ना कुलमा जो चलिआएको छ, गृहस्थी छउन्ज्याल त्यो मत त्याग नगरे। जुन विधि र जुन आचरणले पूजा गर्नुपर्ने हो त्यसको त्याग पनि नगरे। इत्यादि उपदेश गरी महारानी महाराजका साथ चितामा प्रवेश गरिन्। अग्निप्रवेशको छल दुनियालाई देखाएको मात्र थियो, महाराज र महारानी दुवै जनाको कलेवर त्यसै अलप भयो। चितास्थलमा काठ मात्र जलेको देख्दा सबै बडो आश्चर्य भए। त्यसै बखतमा सिद्ध लखन थापा पनि अलप भए। महाराज राम शाहको क्रियाकाष्ठादि सकल काम गरिसकेपछि शाके १५५५ मा शुभ मुहूर्त हेरी दीप कलश गणेश पूजा गरी मंगलपूर्वक महाराज डम्बर शाहलाई टीका चढाउँदा महाराज गादीमा राज भयो।

महाराज डम्बर शाहको राज्य भोग वर्ष ९। यी राजाकी रानी वर्णावती देवी, रुक्मावती देवी, गंगावती देवी र भानुमती देवी जम्मा ४ जना थिए। यिनका बुबालाई देवताबाट दिएको वरदान यिनका पालामा नभई यिनका सन्तानमा हुनाले बुबाले चलाएको थितिबिति मात्र थामी देवताको आराधनामा लागेका थिए। चतुर्मासमा पूजा सकिएपछि पूजाकै आसनमा बसेर हररोज सप्तशतीको पुस्तक लेख्दथे। अनि ब्राह्मणहरूलाई दान दिई ज्यूनार गर्दथे। महारानीहरू पनि पाठपूजामा लागेका थिए। जेठी महारानी वर्णावती देवीमा कृष्ण शाह, पीताम्बर शाह, शंकर शाह र बलभद्र शाह जम्मा चार पुत्रको जन्म भयो।

एक दिन बेलुका सुकलामा रहेका बखतमा 'डम्बर' भन्ने बडो शब्द गरी बाहिरबाट कसैले पुकार्‍यो। 'मेरो नाम पुकार्ने को हो?' भनी पूर्वतर्फका झ्यालबाट हेरे। बाहिर उच्च स्फटिकको दर्शन लगाएका जटाधारी बाबाजी देखिए। यी 'गोरखनाथ' हुन् भन्ने ठानी भरेङबाट ओर्लेर दर्शन गर्न

भए । 'कमबखत' भन्ने वचन बोली गोरखनाथ अन्तर्धान भए । 'यस्तो दर्शन पाएपछि मैले झ्यालैबाट ओर्ली दर्शन गर्नुपर्ने, तर बखत चिन्न सकिन' भनी डम्बर शाहले ठूलो पश्चात्ताप गरे । नौ वर्ष राज्यको भोग गरेपछि यी परमधाम भए ।

श्री शाके १५६४ मा यिनका पुत्र कृष्ण शाह राजा भए । यिनले वर्ष १६ संम राज्यको भोग गरे । यिनका रानी शकुन्तलावती र रुक्मिणावती थिए । कान्छी महारानी रुक्मिणावती श्री देवीको ध्यान, जप, पूजाहरू गरी श्रीको दर्शन पाउँदा श्री जस्तै हुन्थिन् । यो कुरा कसैलाई थाहा थिएन । राज्यमा कुनै गडबड परिआए पनि यिनै कान्छी महारानीले मिलाई निकासा दिन्थिन् । पछि एक दिन अकस्मात् अलप भइन् । जेठी महारानी शकुन्तलादेवीमा रुद्र शाह पैदा भए । महाराज कृष्ण शाह परमधाम भएपछि रुद्र शाह गादीमा बसे ।

श्री शाके १५८० मा रुद्र शाह गादीमा बसेका हुन् । यिनले ''' वर्ष राज्यको भोग गरे । यिनकी जेठी महारानी पूर्णावतीदेवी र कान्छी दमयन्तीदेवी थिए । जेठी महारानीतर्फ पृथ्वीपति शाह, मधुकर शाह, अतिबल शाह, जयन्त शाह र कान्छी महारानीतर्फ चतुर्भुज शाह गरी ५ साहेबज्यू पैदा भए । जेठी महारानी खुब बुद्धिमती हुनाले राजकाज गर्दा यिनले महारानीसंग सल्लाह गरेर काम गर्दथे । यिनी छोटा बडा जोसुकैसंग पनि उसले कस्तो किसिमको बात गर्दा रहेछ भनी सोधपुछ गर्दथे । अनि आफ्ना विचारमा आएअनुसार काम गर्दथे । यस्ता प्रकारले राज्य गरी परमधाम भएपछि उनको काजक्रिया सकी शाके ''' मा शुभ दिन हेरी छथर आदि भारदारहरूले सकल मंगलोत्सवपूर्वक पृथ्वीपति शाहलाई टीका चढाए । अनि महाराज पृथ्वीपति शाह गादीमा बसे ।

## पृथ्वीपति शाह

पृथ्वीपति शाहले वर्ष ४७ राज्यको भोग गरे । यी राजाका महारानी जगच्छत्रवतीदेवी, वीजक्षीणावतीदेवी, अरूपावतीदेवी, कुलाननावतीदेवी, हर्षवतीदेवी र हैहयवतीदेवी जम्मा ६ जना थिए । ती महारानीहरूमा जेठीतर्फ वीरभद्र शाह, र रणदुल्ल शाह पैदा भए । माहिली महारानीमा दलजित शाह र भूपेन्द्र शाह, साहिली महारानीमा उद्योत शाह र चन्द्ररूप शाह, काँहिली महारानीमा संग्राम शाह, नरसिंह शाह र सुरतान शाह, ठाँहिली महारानीमा वीरकुमार शाह, वीरबन्त शाह र शान्तरूप शाह पैदा भए । यी बाह्र साहेबज्यू र भक्तकुमारीदेवी तथा शशिलेखावती दुइ शाहज्यादी पैदा भए । कान्छी महारानीतर्फ जायजन्म केही भएनन् । यी राजाले भाइ मधुकर शाहलाई चौतरिया पद दिए । अतिबल शाहलाई 'कजाईं खाऊ' भन्दा 'मैले जहिले पुरुषार्थ देखाउन सकूँला उहिले बिन्ति चढाई खाउँला' भनी केही मान खाएनन् । एक कजाईं जयन्त शाहलाई दिए । एक कजाइं कविराज शाहलाई दिए । सरदारी मान पांडे पन्तलाई आलोपालोसंग खाने व्यवस्था गरिदिए ।

यी पृथ्वीपति शाह धर्म, कर्म र सद्वृत्तिमा लागेका हुनाले शान्तस्वभावका थिए । यिनका प्रजाहरू पनि उस्तै शान्तस्वभावका थिए । राजाले क्रूर हुने बखतमा क्रूर, तेज गर्नुपर्ने बखतमा बहुत प्रचंड तेज र शान्त हुनुपर्ने बखतमा शान्त हुन जान्नुपर्दछ । यस्तो प्रबन्धमा निपुण राजालाई देख्दा आफूमाथि कुल गर्ने शत्रुहरू पनि ठूलो डर मानी हट्दछन् । आफ्नो सत् चिन्ता गर्ने मित्रहरू बडो आधार मानी सदा सर्वदा जयको चिन्तना गर्दछन् । प्रजाहरू पनि राजाअनुसार स्वभाव भएका हुन्छन् । राजामा हुनुपर्ने त्यस्तो स्वभाव नभएको हुनाले लमजुङे राजा बाईसी चौबीसीलाई उठाई लडाई गर्न आए । पहिले लिगलिग र त्यसपछि लकाङ, भीरकोट, धुवाकोट, देउराली र मझुवा अम्बल गरी धर्मनदीको सांध गरेर लिगलिगमा गढी राखी लमजुङेले ९ वर्षसंम खाए । गोरखालीले दशपल्ट लडाईं गर्दा पनि हटाउन सकेनन् । दरौंदीको सांध लगाई मडुवासंम लमजुङेले खाएपछि 'अब हाम्रो राज्य कति दिन रहला र ?' भनी पृथ्वीपति शाहले ठूलो खेद गरे ।

त्यसै वेला 'अघि हाम्रा बाबा बराज्यूले उस बखतमा कस्तो कस्तो काम फत्य गरेथे । कति मुलुक आर्जेथे । बाईसी चौबीसी र लमजुङे पनि बराबर आउँदै थिए र काट्दै धपाउँदै गर्दथे । आज हामीले दश वर्षमा पनि काटी धपाउन सकेनौं, धिक्कार हो !' भनी सबै छथरप्रभृति भारदारहरूले सल्लाह गरेर शत्रीमा छापा मारी धपाउने सम्मत गरे । सोही कुरा महाराजलाई बिन्ति चढाए । 'दश वर्षसंम लडाईं गर्दा पनि नसकेकोमा आज कसरी सकौला र ? अब छत्रभंग गराउनु मात्र बाँकी छ' भनी

हुकुम भयो । 'मनमा कति डर नमानी हुकुम बक्सियोस्' भनी उनीहरूले विन्ति गरे । 'उसो भए जसरी मुलुक थामिन्छ, सोही पाठ गर' भन्ने हुकुम भयो ।

बस, अब के थियो भारदारहरूको जोशको साथसाथै रणचण्डीले पनि जोश निकालिन् । बाह्र वर्षदेखि अघी बर्षसमका तमाम मानिसहरू हातमा हतियार लिई गढीमा पुगे । अनि गढीमा आगो लगाउँदा गढी जली वैरीहरूमा केही भित्रै डढे, केही बाहिर निस्कंदा एक एक गरी काटिए । एक दुइ जना मात्र उंको भागे । बिहानपख 'वैरी धपायौं र चंपे मत्स्यांघ्रि (मर्स्याङ्दी) तार्‍यौं' भन्ने बेहोराको विन्तिपत्र लेखी पठाए । महाराजले बहुत हर्ष भई 'केही लश्कर त्यहाँ गढी कुर्न बस र बरू लश्कर आऊ' भन्ने हुकुम गयो । केहीं लश्वर गढी कुर्न बसी बाँकी लश्कर बेलवासमा आइपुग्दा महाराज र महारानीबाट बहुत प्रसन्न भई 'वैरी धपाएर आफ्नो मुलुक थामी आउने भारदारहरूलाई सिन्दूरयात्रा गर्दै ल्याउनू' भन्ने हुकुम भयो । सोबमोजिम गरी ल्याएपछि मानिस हेरी खिल्लत दिए ।

केही वर्षपछि फेरि लमजुङेले बाईसी चौबीसी उठाई बलैले मिचेर मकुवा लियो । लिगलिगगढीमा ठूलो लडाईं हुँदा धेरै मानिस मरे । गोरखालीहरू बलले नपुग्दा गढी छाडी गोरखा आए । अनि दरौंदीको साँध गरी लमजुङेले भोग गरे । त्यसपछि पृथ्वीपति शाहले मनमा 'लमजुङे राजाले धेरै राजासंग दोस्तानी बाँध्दा सबै राजाहरू धुरा उठी आफूलाई हर्रा खेलाए । आफू भने सहाय संपत्ति केही नभएको एकलो छु । अब छत्रभंग हुन लाग्यो । अघि अघिका बडा बडा राजाहरू पनि योगी भई गएका हुनाले अब म पनि जानुपर्‍यो' भन्ने विचार गरे । अनि महारानी र बाह्र पुत्रलाई जम्मा गरी सबै कुरा बताए । 'आपद् भनेको बडालाईनै पर्दछ । कहिल्यै पनि हिम्मत हार्नु हुँदैन । वैरी धपाएर मुलुक थामेरै छोडौंला । अब सुर्ता नगर्नुहोस् । अब कस्तो जुक्ति गर्नुपर्‍यो भने हामी हजुरका भाइ, छोरा, भतिजा आदि सबैलाई कति माया नगरे झैं गरी निकालिदिइबक्सियोस् । हामी यत्रतत्र लाग्दछौं । मलाई गौरीश्वर पन्त र बलि पाध्या कडरिया दुइ जना साथी बक्सियोस् । लमजुङे चौतरियासंग मिलि काम साध्य गरौंला' भनी कान्छा साहेबज्यू रणदुल्ल शाहले विन्ति गरे । त्यो कुरा मंजुर गरी महाराजले साहेबज्यूलगायत भाइबन्धुहरूलाई निकाला गरिदिए । उनीहरू ठाउं ठाउँमा पुगे । कान्छा साहेबज्यू चाँहि दुइ जना साथ लिई लिगलिग पुगे । त्यहाँ लमजुङे चौतरियासंग भेटी परस्पर क्षेमकुशल वार्ता गरे । चौतरियाले पक्रने मनसुबा गरेको बुझेर 'बुबालाई के वैपरीत्य बुद्धिले छोयो कुन्नि, जति भाइछोरा थियौं सबैलाई निकाला गरिबक्सियो । बडालाई बुद्धिले छोडेपछि अवश्य नाश गराउँछ । हाम्रो जेठो घर यही हो भन्ने निश्चय गरी आएको छु, जो करुणा' भनी कान्छा साहेबज्यूले पीर पोखे । यस कुराले चौतरियाको मन निःशंक भयो । यो कुरा गोरखामा बुझ्न पठाउंदा पनि सत्य ठहरियो । अनि चौतरियाले आफ्ना भाइभैयादलाई गर्नुपर्ने मर्यादासित राखे । पाँच सात महीना भएपछि सबै कुरामा त्यहाँका चौतरियालाई कान्छा साहेबज्यूउपर पूरा प्रतीत भयो ।

बस, बल्ल मौका पर्‍यो कान्छा साहेबज्यूको । 'अब त यहाँको काम म एक्लै पनि धान्न सक्छु । हजुर यहाँ राज नभए पनि हुन्छ । दरबार सवारी भए पनि केही बाधा पर्दैन । हजुरलाई शंका छ भने म के विन्ति गरूँ ?' भनी कान्छा साहेबज्यूले विन्ति गरे । चौतरियाले लमजुङमा साधेर पठाउँदा 'धर्म दिन्छन् भने उनलाई कुनै राखी तिमी आए हुन्छ' भन्ने उत्तर आयो । चौतरियाले कान्छा साहेबज्यूलाई धर्म भकाई गढीको अभिभारा सौंपेर लमजुङ गए । त्यसपछि साहेबज्यूले गोरखाबाट आफ्नो लश्कर झिकाए । अनि रात्रीमा गढीभित्र पसी वैरीका फौजलाई मारपीट गरेर धपाई गढी कुर्न आफ्नो फौज राखे । कान्छा साहेबज्यू गौरीश्वर पन्त, बलि पाध्या र बांकी फौज साथमा लिई गोरखा पुगे । उहाँ बुबा र मुमाको हर्षपूर्वक दर्शन गरे । मुमाबाट 'तिमी हाम्रा बुद्धिमान् पराक्रमी छोरा जन्मेछौ, अब सर्वत्र हाम्रो जय हुनेछ' भन्ने हुकुम भयो । उनले 'काम त मैले गरें, तर यस पापले के गर्छर म कुन गतिमा पुग्छु' भनी विन्ति गरे । अन्यत्र गएका अरू भाइछोराहरू पनि एकसे एक जान्ने, शूरा, पराक्रमी र जोशिला बनेर फर्के । त्यसपछि जति पटक लमजुङे आए उति पटक काट्दै धपाउँदै गरे । यसबाट हर्षविभोर हुंदै महाराजबाट हुकुम भयो 'सब भाइ एकट्टा भए घर बनियो हुन्छ भनेको मनासिब रहेछ । वैरीले पनि आट्न सक्दा रहेनछन् ।'

तिनै ताक मकवानपुरका तराईमा नवाफको लश्कर चढी दुःख दिंदा त्यहाँका राजाले गोरखासंग मद्दत मागे । गोरखाबाट अतिबल शाह र हरिचरण पाँडे दलमुखी गरी शूरा वीर छानेर एघारबीस जवान सिपाही मद्दत दिई

पठाए । 'अघि बादशाहसँग लडाईं हुँदा शाखाबन्दी गर्ने हामी सिसोदिया राणा हुँ, आफ्ना पराक्रम देखाएर गोरखाको नाम राखी आउनू' भन्ने हुकुम भयो । 'रजपूतको रजपुत्याइं कहिले देखाउन पाउँला भन्ने थियो, बल्ल देखाउन पाएँ । छातीको ढाल गरी गएर आफ्नो पराक्रम देखाई हजुरको पश्चिमसम्म निशाना रहने किसिमको पुरुषार्थ देखाउँला' भनी अतिबल शाहले विन्ति गरे । 'गणेश पाँडेको नाम रंकी यश प्रकाश हुने काम गरौंला' भनी हरिचरण पाँडेले विन्ति गरे । त्यसपछि लश्कर बिदा भएर मकवानपुर पुग्यो । त्यहाँका राजासँग 'हजुरका लश्कर कुन मोहडामा छन् ? हामी छुट्टै रही जुन बखत आफ्नो गम पर्ला उसै बखत हान्नेछौं' भनी विन्ति गरे । मकवानपुरका राजाले 'जस्ता तरहले हुन्छ वैरीलाई मारी धपाउने काम गर' भने । गोरखाली लश्कर मकवानपुरे लश्करदेखि छुट्टै खलंगा हाली बसे । बेलुका खानपिन सकेपछि अतिबल शाह र हरिचरण पाँडे सिपाहीहरूसित मतो गर्न लागे 'नवाफको पचास साठी हजार लश्कर छ, अग्निमा पुतली झम्म गरे जस्तै गर्नुपर्नेछ । अब छाती बलियो गरी काम गर्नुपर्छ । ठूलो लश्करमा सबै निदाएका बखतमा हल्ला गराउँदा आफूआफूमै काटाकाट गर्नेछन् । तसर्थ एक एक स्याउला कपालमा राखेर चिनु लगाई जाऊँ । जसको कपालमा स्याउला देखिन्छ उसलाई आफ्नो संगी जान्नू ।' अनि धनु, ठोक्रो, ढाल, खुँडाहरू लिएका एघारबीस जवान तंतयार भए । रातमा सबै निदाएका बखत नवाफका लश्करमा पुगी धडाधड धनाले हान्न लागे । नवाफका फौजमा ठूलो हल्ला हुँदा निद्राको झोकमा आफूआफूमै काटाकाट गर्न लागे । कोही भने जता पायो उतै भाग्न लागे । यस्तो अकस्मात्को कामले बाँकी रहेका फौज पनि ज्यान जोगाउन भागे । गोरखाली लश्कर फर्केर मकवानी लश्कर सुतिरहेको हेर्दै राजाका हजुरमा सरासर गए । 'हजुरका सबै वैरी धपाई आयौं' भनी विन्ति गरे । त्यस बेला दुइ घडी रात बाँकी थियो । 'हाम्रो लश्करको के अवस्था छ ?' भनी सोद्धा 'हामी फर्कंदा सुतेकै थिए । अब काम फत्य भएको हुनाले बिदा बक्सिएदेखि जान्छौं' भनी विन्ति गरे । 'खानपिन गरेर मात्र जाउला' भनी राजाले भन्दा आफ्नो नित्यकर्म सिद्ध्याई खानपिनतिर लागे ।

उता मकवानी लश्कर उठ्दा गोरखालीलाई देखेनन् र हेर्न जाँदा नवाफको फौज भागिसकेको र जमीनमा काटिएर यत्रतत्र छरिएका गिड र मुड मात्र देखे । अनि बडो शर्म मानी 'गोरखालीले त हाम्रो नाकै काटिदिएछन् ए !' भन्ने कुरा गर्दै फर्के । गोरखालीहरूले खानपिन सकी मकवानी राजासंग बिदा माग्न जाँदा राजाले नगरनिशानको खिल्लत दिन तयार भए । 'हजुरबाट बक्सियो, हामीले पायौं । हाम्रा महाराजसंग विन्ति चढाउँदा बक्से मात्र लिउँला, अहिले यहीं रहोस्' भनी अतिबल शाह र हरिचरण पाँडेले विन्ति गरे । अनि अरू सिपाहीलाई बढिया तरहसंग सौगात र खर्च तथा खल तारपत्र दिई बिदा गरे । अनि गोरखाली लश्करले गोरखामा पुगी महाराजका हजुरमा खल तारपत्र चढाएर सबै विस्तार विन्ति गरे । यसबाट महाराज बडो हर्ष भई हिन्दूपति मकवानी राजालाई सहायता दिई नवाफका फौजलाई मार्दै धपाएर रजपूतको रजपुत्याइं थामी आएका अतिबल शाह र हरिचरण पाँडेलाई ठूलो स्याबासी दिई नगरानिशान लिन मानिस खटिए । त्यसपछि हरिचरण पाँडेलाई 'मकवानपुरी पाँडे' भन्न लागे । अतिबल शाहले चौतरिया मान पाए ।

'सानो वस्तु भए पनि एकट्ठा भएपछि असाध्य पनि साध्य हुन्छ भनेको साँच्चै रहेछ । बाबियाको एउटा त्यान्द्राले मात्र हात्ती बाध्न सकिंदैन, तर धेरै त्यान्द्रा जम्मा भई बाँधिएको डोरीले कस्तै मत हात्ती पनि बाँधिन्छ । हामीलगायत एघारबीस जनाले एकमत भई काम गर्दा नवाफको पचास साठी हजार लश्करलाई काटी धपायौं । तसर्थ हजार काफरका बीचमा एक शूरो छ भने शूरैले जित्दो रहेछ । शूरो, विवेकी, निमकदार र सत्कर्ममा लागेको मानिस जुन राजाले पालेको छ त्यसको सदा जय हुन्छ । जो वाजबी बोल्छ र वाजबी काम गर्छ त्यो मानिस कसैको मन पर्दैन । जस्तो रोग निको पार्ने औषधी मीठो हुँदैन, तर त्यसैले परिणाममा हित गर्छ । कुपथ्य कुरो अघि मीठो हुन्छ पछि बिगार गर्छ । त्यस्तै खुशामदे र बेवाजबी बोल्ने मानिस अघि बढिया देखिए पनि पछि बिगार गर्दछ' भनी सबै भारदारहरूले विन्ति गरे । 'बेश भन्यौ' भनी महाराजबाट हुकुम भयो ।

केही दिन पछि बाईसी चौबीसी उठाई लमजुङले मझुवा दखल गर्दा बडो मन्त्रणा गरी वैरी निकाले । फेरि फेरि जाइलाग्दा पनि काट्दै धपाउँदै गरे । फेरि मकवानी राजालाई सहायता दिई नवाफको फौजलाई काटी धपाएको आदि गोरखालीले गरेको पुरुषार्थ देख्दा पर्वत, पाल्पा, प्यूठाना, तनहुँ, लमजुङ, बाईसी, चौबीसी

सब राजाहरूले हार खाए। आखिर केही उपाय नलाग्दा ढोर राज्यका गोदेखान विचारीलाई झिकाए। जुन राजालाई जुन काममा सन्देह पर्थ्यो तिनै विचारीसंग सोधी काम गर्दथे। न्यायनिसाफतर्फ कसैले छिन्न नसकेको झगडा यिनैकहाँ पठाइदिन्थे। यिनले सबैको एकदम चित्त बुझ्ने गरी छिनिदिन्थे। त्यस्ता ती विचारीसंग उनीहरूले गोरखा बढ्न लागेको सब विस्तार गरी सल्लाह मागे।

'मैले सब पक्षबाट विचार गर्दा गोरखाको विजय हुने देख्छु, तर सामान्य विचारले हेर्दा बुद्धिबर्गतले मात्र हो कि देवताको पनि करुणा रहेछ। त्यस्तो पत्ता लगाउने एउटा युक्ति निकाल्दछु। म चार प्रश्न दिन्छु, ती प्रश्न खामी चिठी पठाउनुहोस्। यी चार थोकको खास अर्थ के हो? अर्थ खोली पठाउन नसके हामी सब राजा एकट्टा भई लडाईं गरेर तिमीलाई ध्वस्त पार्छौं।' ती प्रश्न हुन् :– 'बढैया, घटैया, बढैयावि घटैयावि, नबढे नघटे।' भनी विचारीले सल्लाह दिए। सोही तरहको खल तारपत्र लेखी पृथ्वीपति शाहकहाँ पठाए। उक्त पत्र पृथ्वीपति शाहले सबै भारदारहरूलाई देखाए। भारदारहरू अब के जवाफ लेखी पठाउने भनी विचारमा लीन भए।

अरू विचार गर्दै थिए। कान्छा साहेबज्यू रणदुल्ल शाहले कागज, कलम र मसिनी लिई लेखे :– 'तृष्णा, आयु, पापपुण्य, र प्राक्तन कर्म। यसबाट के भयो भने हाम्रा घरमा केही खेद र केही बुद्धिको परिश्रम पनि पर्‍यो। यो अर्काको परिपंच होइन, ढोरका खानको सिपारस हो।' यस्तो पत्र सब राजाहरू भएको कचहरीमा पुग्यो। खान विचारीले पत्र पढेर सबैलाई सुनाए। 'जसले बुद्धिलाई राम्ररी खेलाउन जान्दछ, उसलाई मात्र सहज हुने र अरूलाई बहुतै कठिन हुने युक्ति कल्पना गरी पठाएका थियौं। हाम्रा चित्तको अभिप्राय बुझी अर्थ गरेर फलानैको सिपारस हो भनी छेडी पठाउने यिनीहरू दैव शक्ति भएकै रहेछन्। किनभने विद्या, बुद्धि र पराक्रम यी तीन थोक एकै ठाउंमा रहँदैन। एकै जनामा तीन गुण जहाँ देखियो, त्यो नारायणको विशिष्ट कला भएको रहेछ भन्ने जानियो। पछि परिणाममा बाईसी चौबीसी पनि यिनैको होला जस्तो लाग्छ। अब बुझ्नुहोओस्, दैवसंग कसको के लाग्छ? यो आपनो र यो बिरानो भन्ने छुट्याई गादीको सोझो गर्ने र बिराने ठहराएर विवेक गर्ने राजा जतिन्जेलसंम हुन्छन् त्यहाँसिम पापको वृद्धि नहुने र धर्म बढ्ने भई धर्म गर्नेको सदा जय हुने हुन्छ। यस्तो मेरा चित्तले देख्दछु।' भनी ढोरका विचारी गोदेखानले विन्ति गरे। त्यसपछि सब राजाहरू आआफ्ना देशमा गए।

महाराज पृथ्वीपति शाहले कान्छा साहेबज्यू रणदुल्ल शाहको त्यस्तो बुद्धि देख्दा बहुतै प्रेम गर्न लागे। भारदारहरू पनि साह्रो अठवा परेका कुरामा कान्छा साहेबज्यूसंग सोधी सन्देह फालेर काम गर्दथे। उनी पनि सबै बातचितमा कुशल हुँदा कल्ले खायो, कल्ले खाएन, को आयो, को आएन र बिसन्चो भयो कि भनी बराबर मानिस पठाएर बुझ्दथे। यसबाट 'क्याबात, कान्छा साहेबज्यू' भन्दै सबै हर्षले प्रफुल्ल थिए। नायक वीरभद्र शाहको केटाहरूबाट सुसार नपुग्दा बराबर आफै गई सुसार गर्दथे। यसरी कान्छा साहेबज्यूले काम गरेको देख्दा केही भारदार भुटभुटिए। अनि 'बुबाका पनि प्यारा, देशमा पनि नाम चलेका, साह्रा पंच पनि उनैका सल्लाहले काम गर्ने हुंदा हजुरलाई पर सारी कान्छा साहेबज्यूलाई अघि सार्नु यो हजुरसंगको वैरभाव हो' भनी छुल्याहाहरूले चुक्ली लगाई चित्त फुटाइदिए। सो कुरा नायकले बुबासंग विन्ति गर्दा 'कान्छा त्यस्ता छैनन्, गादीको सोझो गर्नालाई जीउ र धर्म पनि दिन्छन्। यसमा कत्ति सन्देह नमान' भन्ने हुकुम भयो। 'छुल्याहाको कुरा सुनी मसंग हजुरको चित नफाटोस्। हजुरको मोहो गरेकै छु र गर्थ्यौंछु भनी कान्छाले मसित विन्ति गर्थे' भनी नायकले छुल्याहाहरूलाई जवाफ दिन्थे। 'धूर्तहरू कस्ता हुन्छन् भने बोल्नामा कोमल वाणी भएका तर हृदयमा भने कैंची भएका, कसको कुरा कसरी पाइएला भनी चिन्तना परिरहने हुन्छन्।' छुल्याहाहरू चुक्ली लगाउँदै गर्दथे। अनि नायकले कान्छा साहेबज्यूलाई सुन्न नसकिने अवाच्य बोले।

'यस अवस्थामा देश त्याग गरी जाऊँ भने के उपद्रव गरेछ र भाग्यो भन्ने अपवाद हुनेछ। देश नछाडौं भने सुनिनसक्नु दुर्वाच्य मर्जी हुन लाग्यो। अब बांच्नुभन्दा मर्नु बेश छ' भन्ने विचार गरी वीरभद्र शाहकहाँ पुगे। 'छुल्याहाको कुरा सुनी अवाच्य कुरा बोल्नुभयो तापनि हजुरको मर्जी शिरमा धारण गर्छु' भनी बुबाको दर्शन गर्न पुगे। 'तिम्रो मुख किन मलिन छ कान्छा?' भन्ने हुकुम हुँदा नायकले अवाच्य बोलेको कुरा सबै विन्ति गरे। अनि फर्केर कोठाको ढोकामा ताल्चा मारी देह त्याग गरे। 'कान्छा

कहाँ गए' ? भनी महाराजबाट खोजी गर्दा कोठाको ढोकामा ताल्चा लगाएको देखियो । ताल्चा खोली हेर्दा देह त्याग गरेको देखेर राजादेखि प्रजातक सबै रुन लागे । अनि जो गर्नुपर्ने दाहादि क्रिया गरे ।

नायक वीरभद्र शाहका रानीहरू सिद्धीश्वरीदेवी, मालिकावतीदेवी, जयकुमारीदेवी र ······ यति चारमध्ये माहिली रानी मालिकावतीदेवी र साहिली रानी जयकुमारीदेवीको गर्भ रहेको थियो । अघि आफूमा कुरा हुँदा कुन रानीमा पुत्र हुन्छ भन्ने कुरा भएको रहेछ । माहिली रानीको सासूहरूसंग मिलाप नहुँदा वीरभद्र शाहसंग चित्त फाटचो । 'कुलो भागी खोलामा, छोरी भागी माइतमा' भन्ने उखान झैं आफ्ना केटाकेटी लिई माहिली रानी आफ्नो माइती तनहुँमा पुगिन् । पूर्वोक्त कारणहरूले गर्दा पृथ्वीपति शाहको र वीरभद्र शाहको पनि चित्त फाटचो । वीरभद्र शाहले 'मेरी माहिली गर्भवती छन्, छोरा होला जस्तो लाग्छ' भनी चन्द्ररूप शाहलगायत पांच सात जनासित भनेका रहेछन् । ती थाहा पाउनेहरूले गर्भको कुरा गर्दा पृथ्वीपति शाह रिसाए ।

त्यसै बीचमा मेरा हातबाट राजकाज पनि भएन, जन्म त्यसै बित्यो' भनी मनमा खेद गरेर काजी विराज थापा र उनका भाइछोराहरू ८/१० जना केटा साथमा लिई वीरभद्र शाह नेपालतिर लागे । उता रणदुल्ल शाहको प्रेतात्मा जागेको हुनाले दरबारमा नानातरहको उपद्रवका साथै धेरै मानिस बेरामीसमेत भए । धामी, झांक्री र जोखाना हेराउँदा पनि वायुकै दोष ठहरिएकोले कान्छा साहेबलाई बूढा देवता भनी पूजा गर्न लागे । त्यो चलन आजसम्म छँदैछ । त्यस बखतमा घर फुट्दा एकमत कसैको थिएन । शत्रुले चढाइँ गरेको भए छत्रभंग हुन पनि बेर थिएन । बालकपनमा पढेको विद्या, बडा पुरुषसंगको मैत्री, देवतादेखि मिलेको वरदान, योगमा पार भएको योगी, जनताको मन, न्यायपूर्वक आर्जेको दौलत र कुलीनको छोरीसंग प्रीति यति थोक बहुत स्थिर हुन्छ । गोरखाको राज्य स्थिर हुनाको कारण देवताबाट मिलेको वरदान हो ।

यता नायक पनि श्री पशुपतिनाथको दर्शन गरी भादगाउं पुगे । राजा भूपेतीन्द्र मल्लले उनको बडो आदरभाउ गरे । उनी भादगाउंमा बसेकै बखतमा पाटन र काठमाडौं-का राजाहरूले मानिस पठाई 'वैरी भएका गोरखालीका छोरालाई यहाँ राख्नु ठीक छैन । किनभने वैरी कहिल्यै पनि आफ्नो हुँदैन । वैरीको निर्मूल गर्नाले जय हुन्छ । उनलाई चांडो पठाउनुहोस्' भन्ने पत्रसमेत पठाए । 'यहाँलाई बाले अरू राजाहरू मदेखि टुट्नन्' भनी भूपतीन्द्र मल्लले दोशल्ला पहिराई बिदा गर्न तयार भए । वीरभद्र शाहले पहिरलान् भनी काजीले आफ्नो गुप्त बोलीले इशारा गरे । अनि वीरभद्रले हातले मात्रै छोई डेरातिर लागे । यसमा केही प्रयोग गरेको छ कि भन्ने शंका गरी कुकुरका कपालमा त्यो दोशल्ला राखिदिंदा कुकुर तत्क्षणमा मऱ्यो । अनि रातारात गरेर तङ्की त्रिशूलगंगापारि पुगेपछि मात्र विश्राम गरे । त्यहाँ वीरभद्र शाह बेरामी हुँदा वायुको दोष जस्तो देखिएकोले चांडो गरी सवारी लांदा गंडीमा पुगेपछि देह त्याग गरे । काजी विराज थापाप्रभृति रुँदै गई पृथ्वीपति शाहसंग विस्तार गरे । महाराजप्रभृति सबैले रोई रोई क्रियाकाज सिध्याए ।

उता तनहुंमा पनि नरभूपाल शाह पैदा भएका रहेछन् । कान्छा साहेबको र वीरभद्र शाहको समेत शोक पर्दा महाराज बहुतै उदास भए । यही तापले गर्दा केही कालपछि महाराज पनि परलोक भए । यी महाराजले गोरखा पोखरीथोकमा शिवालय बनाई त्यसको अगाडि खम्बा खडा गरेर त्यसमा सुनको आफ्नो मूर्ति राखेका थिए । त्यसमा यो श्लोक लेखिएको छ :–

उत्तराशासुनाशीरो गोर्खाचलसुधानिधिः ।
पृथ्वीपतिर्विजयतां तत्स्थापितशिवं भजे ।
पृथ्वीपतिर्विजयभक्तिमदद्वितीय
स्तेजो महान्समधिरूढमतिर्बलीयान् ।
बद्धांजलिः सविनयो नु जितेन्द्रियाऽमा
यः सेवते प्रतिमहेषि महेश्वराप्तिम् ।
श्रीशाके क्षितिपषड्भूमिते संवत्सरे शुभे ।
मोदाकृतिः शिवपुरी सद्भोगस्पृहयाचला ।
गोर्खाधिपमहाराजपृथ्वीपतिनृपाज्ञया ।
नीरेश्वरेण विदुषा प्रशस्ती रचिता शुभा ।

(क्रमशः)

# ऐतिहासिक पत्रस्तम्भ

श्री ५ बादशाह श्री ५ सर्कार श्री ३ महाराज
१ २ ३

अर्जि —— —— —— —— —— —— ——

उप्रान्त करुणानिधान अम्वाहरूतर्फबाट फौपुन १ च्याकुचि १ अम्वाका छ्याम्जे २ भोटतर्फका ढुईछिम्बु १ चिपोन च्यारिक्पा १ येति ज्मा ६ गन्धे गुम्बामा गै अघि चिके षेम्बु सित निज गुम्वामा लडाईं हुदा नाशि भत्कि विग्रि सबै ६।७ सये रुपैयांको नोक्सान भयाको हुदो हो निज जना ६ का र अम्वाहरूका जाचबुझमा चांदि टाक ५ लाष ७ हजार येति षर्च लगाई निज गन्धे गुम्वा साविकवमोजिम तयार होला भन्ने वेहोराको भोटसर्कारवाट अम्वाहरूतर्फवाट येकै वेहोराको अर्जि लेषि चिन ···१··· का हजुरमा चढाई पठाया चिन ···१··· वाट चांदि टाक ५ लाष ७ हजार र अम्वाहरूलाई र ति जाचबुझ गर्न्या कामदारहरूलाई पनि दर्जामाफिकको गजुर कल्की वक्सीस भै आउछ सो आयापछि गन्धे गुम्वालाई थोरावहुत केहि दि भोटसर्कारले अम्वाहरूले वाडिदिनु भन्ने भित्र मतलव इनको येस्तो भयो येति वेहोरा तहकियात हो अघि भोटसर्कारमा ४ काजितर्फको १ कचहरि भेवं गन्धे साह्रा ई ३ गुम्वातर्फको हुकुमि १ कचहरि हुन्थ्यो अव र ई ३ गुम्वाका वाडाहरूले आफ्ना आफ्ना गुम्वामा वसि चिन ···१··· को र लामागुरुको जय मनाई ध्यान जप पुजा पाठ अघिदेषि चलिआयाका रितवमोजिम गर्नु जांड रक्सि ल्हसुन छ्यापि नषानु स्वास्निहरूसंग संसर्ग नगर्नु हातहतियार जंगिकारषाना नराष्नु तिमी वाडाहरूमा भागेजोझेले कसैकसैलाई धनदौलथ भयो भन्या सो धन पायूं भनि ज्मा गरि नराख्नु वाडाहरूलाई दक्षिना चिया षुवाउनु अव उप्रान्त वाडाहरूको हुकुमि कचहरि नगर्नु भन्ने इत्यादि यो वेहोरा सबै कागज लेषि निज तिनै गुम्वाका वाडाहरूको सहिछाप गराई भोटसर्कार लामागुरुतर्फवाट लि यो वन्दोवस्त गर्न्याको तहकियात हो अघि ···२··· वाट र ···३··· वाट भोटसर्कारमा ४ काजिहरूलाई रुक्का चिठि आयाको वेहोरामा ४ काजिहरूले यांहांवाट ···३··· का हजुरमा अर्जि र अर्जिचिह्न मुर्वेन कालो कुचिन थान १ र सुन धोजे १ येति हुलाकमा हालि चढाई पठाइ पछि असल घोडा र मानिस ···३··· का हजुरमा चढाई पठाउला भन्ने तजविज गर्न्या अर्जिमा के के वेहोरा लेषि चढायाका छन् हजुरमा जाहेर हुन्यैछ हिजोआजको यहिसंम छ पछि जो परिआउला विन्ति चढाउला सेवकका अर्जिका वेहोरामा घटवड पर्‍याको होला छेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु शुभम् — — — — — — — — — — —

—।—

अर्जि — — — — — — — — — — —

उप्रान्त गरिप्रवर वैसाक वदि ८ रोज ४ मा लेषिवक्स्याको सिक्षेपत्र वैसाक सुदि १५ रोज ४ का दिन आईपुग्यो अति सिक्षे हेरि सिर चढाया वाकि षामिद अंग्रेज भोटमा आउदैनन् सुषिमसग मात्र लडदछन् भनि अंग्रेजसग मैले सोद्धा भोटमा जादैनौ भन्या आउन्याछैनन् तैपनि आफ्ना सिवानामा वेस गरि वस्नु भनिदिन्या काम गर्नु भन्या सिक्षे लेषिवक्स्याको यो कुरा भोटेकाजिहरूलाई भन्ये हो कि वन्दाले बुझिन वाकि षामिद भोटेअक्षर कतिसम्म पढेर काम पर्दा काम गर्न सकन्या गरि पढनु भन्या लेषिवक्स्याका अर्थलाई चिठिपत्रको इधरउधर पर्नालाई जीनविन तहल पुग्या पढे सफा गर्नालाई र वन्दाका लवज सफा हुन नसक्दा अघी नेवारको षदसलाई भोटेअक्षर लेषपढ गर्न्या

दस्तुर सिकाई नेपाल ल्याउन्या कुराको विन्ति जाहिर गरा अचेल षचरा मगग राषेको छु यो षचरा पनि सेवक नेपाल आउदा लिई आउन पाया तहल पुर्‍याउन सकुला कि भन्या वन्दाका मनमा लाग्छ षामिद हाल यांहांको षवर चीनवाट नयां फोपुन आयो र ङ्चारुंका लडाईंमा गयाको लिनालाये फोपुनस्मेत ह्लासातरफ फर्कि आया भन्या कुरा गर्छन् चीन-वाट मानिस आयाको भन्न्ये तहकित जस्तो छ तर फोपुन मात्रै हो कि अम्वाहरु पनि छन् यो कुरा तहकित छैन औ डक्के षम्बु र सारा भेपुन गन्धे गुम्वाका मानिसस्मेत ङ्चारुंका लडाईको वन्दवस्त गर्न भनि वैसाक शुदि १३ का दिन गया वजारि हौडा भन्या ङ्चारुको कुरालाई गया-को होइन चिनवाट आउन्या अम्वाले डाकिपठाउदा गयाका कुरा हुन् भन्न्या हौडा गर्छन् भोटेका हाल हुये नयां राजा-ले ढुंको चिर्टुन् गुम्वा गुम्वाका वाडाहरुसग गुम्वा गुम्वा-का लाम/वाडाहरुले राजकाजका कामका कुरामा अघि सर्न्यें छैनौं भन्न्या र ढुंको र चिर्टुनले परिआयाको राज-काजको काम गरौंला भन्या जमानवन्दि लेषाई लिये अरु सवैले सहिछाप गर्‍या भेत्रुं गन्धे गुम्वाका लेषि चलायाका कुरा गर्दा अचेल सवै जमा भै यहि कुरा गर्न लागिरह्याछन् तहकित भयाको छैन वाकि गरिप्रवर डुकाका तरफ अचेल अंग्रेजले मीचर्दं ल्यायो भन्न्ये हौडा कुरा चलिरहेछ तहकि-त षवर छैन तापनि हाल अंग्रेजसग वन्दवस्त भयो भन्न्या तावांका वाडाहरुले लेषेको चिठि आयो भन्न्या कुरा भोटेको भारदारहरू गर्छन् षामिद सिलिको घोडामाफिक कदम भयाको सेतो सबुजा १ दोष नभायाको पायां र मोल गर्दा ८० टाकमा घट्दैंन अरु पनि घोडा हेर्दैछु घोडा पाउन्या-वित्तिकै किनि स्येवक हजुरका दर्शनलाई आउदा लिई आउछु गरिप्रवर अरु षवर ज्येथास्थितै छ पछि जो होला विन्ति चढाउला स्येवकका उपर अर्जिमा कम ज्यादा पर्‍या-को क्षेमा वक्सी सवै पछेवाट दया करुणाको नजर निघा राषिवक्स्या पाउला — — — — — — — —

—।—

श्री ५ वादशाह

१

अर्जी — — — — — — — — — —

उप्रान्त गरिप्रवर पौष सुदि ८ रोज २ मा लेषिवक्सनुभ-याको करुणापत्र माघ वदि ३० रोज ३ मा आइपुग्यो हरप हरप पडी अर्थ बुझि सिर चह्लायां ह्लासाका चार काजीका नाउमा लेष्याको चिठिको नकल उतारि यसै चिठिमा षामि पठायाको छ बिस्तार यसैले बुझाउला तहा तिमिसित केहि कुरा चल्यो भने यसै नकलका आसये बुझी कुराकहानी गर्न्ये काम गर्नु भनि लेषि करुणा भै आयाका अर्थलाई ठूलो मेहर भै वक्सी आयो आज मलाई कासैलका काजिहरुवाट येस कुराको वेहोरामा केहि कुरो स्वष्टयाका छैनन् स्वजबुझ परे भने हजुरका कृपापत्रका आसय बुझी स्वमाफिक कुरा-कहानि कामकाज गर्न्याछु ""१"" वाट यांहां ल्हासाका अम्वाहरुलाइ गोर्षालिहरुले अघि लीआय को रितवमोजि-मको तोफा र ""१"" गादीमा राज गरिवक्सनु भयाको गादी मुबारष ली हाम्रा हजुरमा पठाउ भन्न्ये ""१"" वाट चिठि माघ वदि १४ रोज २ मा आईपुग्यो यो चिठिको यति बुझ पायां र विन्ति चह्लाई पठायाको हो यस कुराको चिठि अम्वाहरुले योहांवाट ताहां साजव्याह्वान पठाउनेछन् माघ सुदि १० रोज ५ मा ४।५ दिन वेरामी भै पुराना उतारि अम्वा माया यो भन्याका ह्लास यांहां दाहा जिमिमा दराउनु रह्यानछन् तेसै ह्लास चिन पठाउने रित रहेछ र चिन पठाउनुलाई ह्लास तेसै राष्येको छ १०।८ दिनपछि पठाउछन् औ यांहांका हाल सुरथ येथायोग्ये छ लेख्तामा घटवड पर्‍याको होला अजान छु छेमा राषिबक्स्याजावस् शुभमस्तु शुभम् — — — —

—।—

श्री कुमारी

१

अर्जि — — — — — — — — — —

उप्रान्त श्रावण शुदि ५ रोजका दिन श्री सदर कौसलवाट लेषि वक्स्याको सिक्षे अर्ति भाद्र वदि ३० रोजका दिन आइ-पुग्यो सिक्षे अर्ति हेरि सिर चढ्या वाकि तिमीले बुझाउन-पर्न्या ह्लासा रकमको अमानत कामकाज गर्‍याको साल तमाम भै सकियाका ६ वर्षको कागजात्र आजसम्म बुझा-याका रह्यानछौ भन्यासहित दीन १२७ भित्रमा दफदरषाना ""१"" चोकमा कागजपत्र दाषिल गरेनौ भन्या अैनवमो-जिम होला भन्या अर्ति सिक्षे लेषिवक्स्याका अर्थलाई विराना मुलुक अघिको दिलथित येस्तै हो भन्न्ये सेवकले

नबुझेको हुदा आफ्नु दुषदर्दको र मुलुकको रित वेहोराको विन्ति जाहेरसाथ वहि बुझाउन पाया सेवकका उपर टहलले रिझिवक्सनुहोला भन्न्ये मनमा लाग्दा वहि बुझाउन नसकिरह्याको थियो येस साल सेवकले वदला पाया अवर नयाँ कपतान जिनमानसिं षतृ क्षेत्री ह्लासा आईपुग्याविन्तिकै नीज कपतानलाई यांहां दुझाउन्या कामकुरा बुझाई सेवकले गन्याका कामकाजको वहिपत्र रुपैयांसमेत लिई वहि बुझाउनलाई हाजिर हुन तनमन गरिरह्याको छु भोटको मुलुक सर्दि वर्फान जगा ६ दिनका म्यादमा कमति वढता पन्याको निघा राषिवक्स्यापाउला जो मेहेर अर्जिमा उचनिच पन्याकोमा क्षेमा वक्सपाउला — — — — —

इत सदा स्येवक कपतान चन्द्रमान कार्कि क्षेत्रीको कोटि कोटि सेवा सलाम —

—।—

अर्जि — — — — — — — — — — —

उप्राम्त गरिप्रवर फाल्गुण शुदि ४ रोज ५ मा लेषिवक्स्याको सिक्षेपत्र चैत्र शुदि १० रोज ४ का दिन आइपुग्यो हेरि सिर चाढयां वाकि षामिद हाल यहांको षवर डुकपाका र अंग्रेजका लडाईमा डुकपाले राति अंग्रेजका लस्करमा छापा हानी अंग्रेजका मानिस धेरै मान्यो भन्या हौडा कुरा गर्छन् औ तावांगुम्वामा भोटसर्कारवाट पठायाको डेर्वागेन्दु भन्यालाई तावागुम्वाका भोटेवाडा र ताहिका रैयत मिलि फाल्गुण शुदि ५ का दिन मारि कास्याललाई डेर्वागेन्दुलाई हामिले मारिउ येसमा हामिलाई लाग्याको दन्ड बुझाउछौ भन्न्या अर्जि लेषेको आइपुग्दा अचेल भोटेका भारदार यसै कुराको कौसल गर्छन् ठेगान वस्याको छैन वाकि षामिद डारुका लडाईलाई १० वकुला रुपैयां षर्च पठाया लडाई छिनियाको छैन यो कुरो तहकित हो चीनवाट नयां अम्वा चाडै आउछन् भन्या कुरा गर्छन् अम्वाहरु ल्हासा आईपुग्याका छैनन् षामिद अरु षवर येथास्थितै छ पछि जो होला विन्ति चढाउला वन्दा स्येवकका उपर अर्जिमा कम ज्यादा पन्याको क्षेमा वक्सी सवै पक्षेवाट अधिन स्येवकका उपर दया मेहेरको नजर निघा राषिवक्स्या पाउला — ——

—।—

विन्तिपत्र — — — — — — — — — —

उप्राम्त गरिप्रवर षासाका साद सिवानामा तिमि र कुटिका २ धावा ताहां २ तर्फका जान्या सुन्या भलादमी राषि जाचबुझ गर्दा घटिवडि जो पन्याको छ जसको ठहराई ह्याम्रा हजुरमा विन्ति गरि पठाउनु र यांहांवाट जो जवाफ मै आउला सोवमोजिम गर्नु भन्या वेहोराको मेरा नाउमा रुक्कादस्षत गरिवक्सदा षासाका दोसाद कोदाहरिमा र कुटिका धावा झिकाई दोसादका २ तर्फका जान्या सुन्या भलादमी डाकि धर्मराज षतृ छेत्रीलाई राषि गोर्षासर्कारको र भोटसर्कारको सादसिवाना काहा काहा हो कुन कुन डाडो कुन कुन षोलो हो तिमि भलादमी मिझार जिमीदारहरुले काहासंम जान्या सुन्याको छ जस्ताको तस्तो कहि फरक नपारि लेषि सहिछाप गरिदेउ भन्दा २ तर्फका भलादमि मिझारको जमानवन्दि लेषि सहिछाप गराई लौ जमानजवन्दिको नकल र भोटसर्कार गोर्षासर्कारका भारदार वसि १० सालमा भयाका कागतपत्र र तम्रा भयाका प्रमाण ल्या भनि कुटिका धावासग भन्दा सकल ल्हासामा छ नकल यहि हो भनि ल्याउदा सोहि नकलमा अर्को नकल र नक्सा सुवेदार धर्मराज षत्रि छेत्रिका नाउमा भयाको रुक्काको नकल नकम सवै उतारि चह्राई पठायाको छ जाहेर होला थिला वयान भयाको भन्या हुकुम मर्जि होला साददोसादका कुरामा आकुले भन्या जस्तो नहुनाले थिलो हुन गयाको हो ताहावाट हुकुम मर्जिका जवाफको सिछ्यापत्र आयापछि हजुरका प्रताप र मेरा बुद्धिले धाक्यासंम नुनपानिको सोझो गरि कामकाज गरी आउछु लेषदा हरपमा उचा निचा पन्याको गुनामउरर निवाहा वक्सराजावस् जो मर्जि — ——

—।—

| श्री ५ वादशाह | श्री ५ सरकार | श्री ३ महाराज |
|---|---|---|
| १ | २ | ३ |

अर्जि — — — — — — — — — — —

उप्राम्त करुणानिधान ज्येष्ठ वदि ७ रोज ५ मा चिनियां सिपाही १ ले र अर्को चिनियां मनुमा गोर्षालि अक्षर कुरा सिकन्या १ ई दुई भै सिपाहि चाहिको बन्दुक लि घरमा दषिनपट्टि फर्काई तारो थापी दषिनपट्टि पिठ गरि मतिर सामुन्ने पारि बन्दुकले तारो हान्दा मेरा घरका कौसिमा

म वस्याको थियां मेरा कपालदेखि १।२ हात गोलि कठवारमा लागि मेरा काखमा षस्यो र त्यो गोलिको बन्दुक हान्या को हो जो भया पनि समाइ ल्याउ भनि भन्दा मेरा मानिसहरू उस वषतमा घेर रहेनछन् २।३ जना मात्रै रहेछन् र तिनीहरूलाई पठायां तिनिहरूले उमकाउनन् भनि पतियार नमानि पछिबाट म पनि वधैंचावाहिन्ह बन्दुकका आवाज भयापट्टि जादा मेरा मान्छेले निज चिनियां सिपाहिलाई तेसै फकाई ल्याउँदा रहेछन् र म पुग्यां बन्दुक हान्या तिमिहरू हो भनि स्वद्धा चिनियांका भोटेनीपट्टिका षचरा भोटे कुरा जान्या रहेछन् तारो हान्याको हो तिमीलाई हान्याको होइन भन्ने ठाडा कुरा गऱ्या र अर्काका घर सहरपट्टि फर्काई तारो थापी हान्ने भनि त्यो बन्दुक मैले षोस्यां ति २ चिनियांहरूलाई चुल्ठामा समाई नछोडी ल्याउ भनी मेरा मानिसलाई अन्ह्राई म वस्याका ठाउँमा ल्याई थुनी अम्बाहरूसित पुऱ्याउ भनि मैले भन्दा सिपाहिका मालिक ढापाचि ताल्वे हुन् तालुक उनैको हो ई कुरा अम्बाहरूसित हामिले भन्नु पर्दैन अम्बाहरूसित भन्नुपऱ्या पनि निज ताल्वेले भन्नुपर्छ तालुक उनैको हो भनि याहां वरपरका मानिसले भन्या र गोलि बन्दुक मसित राषि जो भयाभरका कुरा ताल्वेसित गरि ई २ मानिस सुम्पी आउनु भनि पुऱ्याउन पठाउदा ति २ मानिस थुनि कसो कसो भयाको रहेछ वेहोरा बुझि कपतान साहेबसित भोलि बिन्ति गर्न पठाउला भनेछन् र भोलिपल्ट गोलि लाग्याको काहां रहेछ कसो कसो भयेछ हेरि आउनु भनि ३ जना सुवेदारसंम दर्जाका चिनियांहरूलाई पठायेछन् र म वस्याको र गोलि लाग्याको ठाउँ हेरि कपतान उभियाका भया ता कपालमा लागी लाग्न्या रहेछ भन्ने तजविज ठहरायो नयां सिपाहि हो येकवारमा छेपा गर्नु हवस कपतान साहेव भनि मसंग भन्या र मैले के क्षमा गर्नुपर्छ भन्दा २।४ फेरा कुटी छोड दिनु भन्या र मेरा पनि यस्ता नयां सिपाहि छन् अम्बाका घरतिर तारो थापि गोलि उडि अम्बालाई लाग्न गया कसो हुँदो हो यहां अम्बाको ज्यू र मेरो ज्यू को कसैले यस्तो रितले दगा गरि माऱ्यो भन्या चिन: १... को बडो दल ५।६ मैन्हामा याहां ल्हासामा आइपुग्छ हाम्रा पनि २।३ मैन्हामा फौज आइपुग्छ दुनियांहरूको नास होला ...२... को विल्यास पर्ने यस्तै वेहोराले हुन्छ तसर्थ सिपाहिले तारो हान्न सिक्नु मनासिब हो तर अर्काका घर सहर मानिस भयापट्टि तारो थापि बन्दुकको गोलि हान्नु साम्है वेमनासिब हो कौनै राजा वादशाहाका मुलुकमा पनि यस्तो रितसित तारो हान्नु भन्ने छैन कानुन राहा निसाफ हुवैन यस्तो वेकुफीलाई कस्तो सजाये गर्नुपर्छ वडा अम्वाहरू ताल्वेहरू जान्नन् वहिं गै भन म ता अैले केहि जवाफ दिन्न भन्ने जवाफ दि हाम्रो दोमास्या लगाई पठायां र सो कुरा ताल्वेसित विस्तार गरेछन् र कपतान साहेवबाट वहुत मनासिब भन्नु भयेछ अब येस कुराको हामि मतलब गरि भोलि जवाफ पठाउला भनेछन् र भोलिपल्ट ति २ तारो हान्यालाई कानमा काठको अंकुसि छेडि सर उभोतिर फर्काई वाता धजा बाधि सहर घुमाई ईनलाई साफसंग कुटि जागिरदेषि षारेज गरिदिन्छौं येस्ता सजाय गर्छौं येस कुरामा कपतान साहेवबाट मानिबक्सनुहवस् ताल्वेको फापुनको बिन्ति छ विन्तिको षाता भनि छिजे षाता २ पठाया छन् र तपाईहरूका अैन निसाफमा तेस्तै सजाइ ठहर्छ भने तेस्तै गरिदिनुहवस् भनि स्व षाता मेरो सलाम भनि फर्काई पठायां र सो रित गरि सहर घुमाई म बस्याका ठाउंमा मलाई देखाउन ल्याई तारो हान्याका ठाउंमा पनि देषाउन लगि फेरि सहरमा पुऱ्याई बजारमा राषि कुटि येस्तो गर्न्यालाई येस्तो हुन्छ भनि सुनाई केहि दिव थुनि छोडिदिन्छौं भनी येस्तो वेहोरा ...३... का प्रतापले भयो ...३... कै प्रतापले मलाई पनि गोलि लागेन ज्येष्ठ वदि११ रोज ३ का दिन ढाचि ताल्वे र फापुन मेरो बैठकमा आई चादि तपाईहरूले लि स्व चादिको टक मारि रुपैयां हामि-लाई दिनु भन्ने वेहोराको अर्जि पठायाको जवाफ नेपाल ...२... बाट आयो कि आयेन भनि सोध्या र अर्जि ता मैले चढाई पठायाको हो जवाफ भग्या आइपुग्याको छैन चादि टाक १ को मोहर १० तपाईहरूले भन्ने हामी ९ मोहरभन्ने १ टाक चादि गालि टक मार्दा चादिको कसर टक मार्दाको षर्च उठाई १० मोहर बसैन भन्ने हाम्रा ... २ ... का कौसलमा ठहर्न जाला कि तेस वेहोराले रुपैयांको वेहोरा बसेन कि भन्ने जस्तो मेरा मनमा लाग्छ हामिलाई पनि नोक्सान नगर्ने चिन ... १ ... को पनि टहल गऱ्याको ठहर्न्या यो काम बडियै हो तर कस्तो मर्जि मै आउंछ भन्ने जवाफ मैले दियां र १० मोहर हामिले भनेउं ९ मोहर तपाईले भन्नु भयाको छ नेपाल... २ ... बाट कस्तो जवाफ आउंछ सो वेहोरा बुझी तेस भाउमा तपाईको हाम्रो हुन्या सल्लाह गरौंला समहेले कैले टाक १ को मोहर ८।। कैले मोहर ९ कैले १०।११ मोहर हुन जान्छ आज गरेका भाउले सदा सर्वदा चल्न्या भाउ गरौंला यी कुराको वेहोरा चाडै परि-

दिनुभया वडीया हुदो हो भनि अम्बाहरूले भनि पठायाको छ भनि ताल्वे फापुनहरू भन्छन् तसर्थ यो वेहोराको अर्जि अघि मैले हजुरमा चढाई पठायाको हो हजुरका तजविजमा जो ठहर्छ सिछे भै वक्सी आया यांहां चिनीयांहरूसित कुरो गर्दा हु जो मर्जि औ ज्येष्ठ वदि ४ रोज २ मा लामागुरुको सवारि पौतलावाट नबुलैकामा भयो ये वदि ८ रोज ६ मा राजालामा पनि नबुलैकामा गया अघि छोकवा काजीलाई गुप्ती गरी मान्याको वेहोरामा भोट सरकारमा जाहेर भयाको रहेनछ र येस कुराको भोटे भारदारहरूको भित्रि संछेप कुरा हुंदा केही कुरो थाहा पायाछन् र भेवुं गुंवाका वांडा ७ हजार ७ सयेका मालिक मुष्ये वाडा ४ रहेछन् ति ४ मध्ये ट्युछ्युगे भन्ने वाडालाई ज्येष्ठ वदि ५ रोज ३ मा निज गुम्वाका वाडाहरू र ईनका मालिक ३ ईनिहरूले राति पक्रि सास्ति सासना गरि कुरा केरषार गर्दा चिके षम्बु १ राजालामाको सर्व काजकाम चर्न्या मंत्री जस्तो झ्या समान भयाको १ म ट्युछ्यूगे १ हामि जना ३ ले मतो गर्न्याको वेहोरा छोकपा काजि हाम्रा मतमा नपसि जाहेर गर्ला भन्ने जस्तो संषा लाग्यो र येसले धेरै कुरा विरायाको छ भन्ने वहना पारि पक्रि केहि दिन थुनि गुप्ति गरि षोलामा हालि हामि ३ जनाका मतले मान्याको साचो हो अघि सेठेका पालामा धपायाको लाब्राङ चिङवा १ चिके षम्बुका पालामा धपायाको ठिमेघेबुन छोरा र निजको भाई फुलं काजि वाबु छोरा ईनिहरूलाई पनि मारि आउनु भनि हामि ३ जनाका मतले पठायाको हो लाब्राङ निवालाई र ठिमेधेबुन वाबु छोरा र चाच्याङलो धेबुनलाई ता मान्यौ फुलं काजिलाई मार्न पठायाको हो षामश्रोर्गेका रैतान गेह्लले ई काजि यांहां आयादेषि पुडो याहां वालि पनि सप्रने रोग ब्याद पनि नहुन्या हामिलाई सर्व कुरोको वडिया भयाको छ तसर्थ ई काजिका निमति जो दिनुपर्छ हामि दिन्छौं ई काजिलाई नमार भनि चिके षम्बुलाई नीज रैतीहरूले चिठि पठाया छन् र स्व चिठि हेरि हामि ३ जनाका सल्ला हाले राजालामाको लालछाप चोरि कित्यी कागज लेषि १०।१२ जना वाडालाई पठाई लामागुरु राजालामाको हुकुम छ तिमिलाई लिन आयाको हुँ ल्हासा जानुपर्छ भनि कित्यी लालमोहर देषायि फुलं काजिलाई मानमर्यादासंग ल्याउनु र २।३ दिनका वाटा ल्यायापछि षोलामा हालि मारि आउनु भनि पठायाको हो मान्या नमाग्याको निधो भयाको छैन भन्ने वेहोराको जमानवन्दी निज ट्युछ्युगेले लेखिदियेछ राजालामाको म्यासालाई पनि पक्रदा तेसले पनि हामि ३ जनाको मत भयाको साचो हो भन्ने कुरो गरेछ र तिमि जना ३ ले के के गर्न आटयाको थियो सर्व कुरा षसोषास कहु भनि केरषार गरि सोद्धा अरू भोटे भारदार र सेजु काजि लामागुरुको दाज्यू धुंकुस्यो इनिहरू-लाई मार्नु र वहापछि राजालामालाई तिमि बुढा भयौ तिमि पर सरि ध्यानपूजामा वस भनि धपाई चिके षेम्बुले राजा हुनु ट्युछ्यूगेले चिके षम्बु हुनु ऊयासाले मुल मुष्ये ऊयासा हुनु हामि ३ जना मुष्ये मै लामागुरुलाई पनि हाम्रा वस्येमा गराउनु अम्वा चिनियांहरूलाई पनि हामिसित जोर वोर गर्न लाग्या भने जो पर्ला वेहोरौला चिनतर्फ जाउ भनि धपाई दिउला येति कुरो हामि ३ जनाको प्रान गया पनि नषुलोस् भनि भगवानका सुनको मूर्तिका पाउ पषालिसो पषाल्याको चरणोदकले हामि ३ जनाको मुष धोई धरोधर्म गऱ्याको साचो हो भनि मिज ट्युछ्युगे र ञ्यासाई २ ले जमानवन्दी लेषि धेब्रु गुम्वालाई दियेछन् र भेबुं गुम्वाबाट लामागुरु राजालाई दियेछन् ट्युछ्युगेलाई ञ्यासा-लाई पक्रन्शाविस्तिकै चिके षम्बुलाई संच छैन भनि सेठे काजिका घरमा अघि वस्याको थियो वही विरामी भै वस्यो तिनिहरूको भित्रिसंछेर चाल बुझि अब मलाई निस्ये पक्रन आटया भन्ने थाहा पायेछ र ज्येष्ठ वदि ११ रोज ३ का १०।८ घडि दिन वाकिमा चिके षम्बु र सेठे काजिको छोरो काजि भयाको ई २ गधे गुम्वाका वाडा ८० ९० साथ लि वन्दुक भरि पलेता सल्काई गधे गुम्वातिर भागी गया गधे गुम्वा पुग्यापछि तिमीहरू भागि गयाको क्या कारण हो किन गयौ चाडो गरि आउ भन्ने भोटसरकारवाट चिठि पठाउदा हामिलाई फर्काई फिकाउनुपर्दैन हामिसंग लडाई गर्छौं भन्या म पनि तयारै छु भन्ने जवाफ चिके षम्बुले लेषि पठायेछ र भोटसरकारवाट भेबुं साह्रा गुंवालाई डाकिपठायाछन् र तिमिहरू कोपटि हुन्छौ भनि साह्रा गुम्वालाई सोद्धा गंधे भेब्रुं गुम्वापट्टि हामि लाग्दैनौ इनको सहि छैन हामी लामागुरु राजालामापटि लाग्न्या हु भन्ने कुरा गरेछन् र नीज चिके षम्बुलाई पक्रनु मार्नु भन्ने मत-लवमा डिगर्चादेखिका सिपाही वरपर गाउका सिपाहीहरू सवैले ल्हासामा भेला हुन आउनु भनेर चारै षुटतर्फका अडा गौंडा घाटमा रहन्याहरूलाई सेठे काजिको छोरो काजि र चिके षम्बु तिमिहरूका जसका गौंडामा आउछन् तिनीहरू-लाई पक्रनु भन्ने उर्दि छ भनि पक्रनु तिमिहरूले पक्रदा

हुज्जत गर्‍या भने बन्दुक भाला च्याप्सा चलाई मार्नु मार्‍या पछि टाउको ल्हासा कास्यालमा ल्याउनु भन्ने वेहोराको लालमोहर दस्कत वरोवर जगा जगामा पठाउन लागिरहे-छन् चिके षम्बुपट्टि गंधे गुम्बा मात्रै छ गंधे गुम्बामा वाडा-हरु ज्मा जवान ३ हजार ३ सये छन् भन्ने वषान मात्रै छ साबुद वाडाहरु भने हजार वाह्र सये हुनन् यतिले मात्रै सकन्याछैनन् चिके धम्बु भागि जाला भनि दुनियां भन्छन् ल्हासादेषि गंधे गुम्बा ७१८ कोसको वाटो होला लडाई होइजान्छ कि तेसै भागि जान्छन् येति कुरो भयाको तहकि-यात हो हिजआज भोटसरकारमा दिनको दिन साना ठुला भैभारदार सवै ज्मा गराई वरोबर कचहरि हुन्छ ई कुरा पनि वाहिर राम्रो गरि जाहेर भयाको छैन चिके षम्बु भागि गयाको मात्रै वाहिर जाहेर भैरहेछ मेरा छोराहरू भोटे कुराका वाकीप भया जेठा छोराले भोटे भारदार चाक रसित केहि दि लोभ देषाई केही कुरो पाइन्छ नत्र भने यस्तो कुरो भयो भनि हाम्रा साहु महाजनहरू केहि भन्दै-नन् केही कुरो भोटसरकारको लिना निमित्त येस वेहोरा-मा टाक ३५ के मोहर थान २३३ षर्च पनि भयो यो षर्च स्याहामा लेषी भने वेमुनासिब पर्ने आफ्नु षर्च गराऊ भने आफुलाई षान नपुग्ने षर्च नगरौ भने भोटेका घरको मुद्दा उसै नपाइन्या मेरो सानु औकात हुनाले येस्ता सानु कुराको किजो विन्ति हजुरमा पार्नुपर्ने येस वेहोरामा जो मर्जि अम्वाहरूले नेपालका साहु माहाजन कपतानका हातमा छन् तसर्थ भोटेहरूले नदिया तापनि क्या होला कपतानसित गै बजारका भाउ तलवमा चादि २० धोजे दि नगद ल्याई सिपाहिहरूलाई तलव वाडिदिनु भनि पठायाको छ भनि फापुन र ढापचि तालवे मसित भन्न आया र साचो हो मसित भने रुपैयां छैनन् साहु माहाजनहरूसित भनौला भनि २ धोजे चादि निज फापुनसित चासनि लि हाम्रा साहु माहाजनहरु देषाउदा चादि भने बेस रहेछ टाक १ को मोहर ९ संममा किन्या नाफा भने छैन साउमा टुट परोन भन्या र उसो भया येस भाउमा चादि तिमिहरु लि रुपैयां मलाई देउ र म चिनियांलाई दिन्छु भन्दा अरु भाउ घट्ला र वाहापछि चादि लिउला चिनियांहरूलाई साह्रै सकस परेछ भने मनमा राषि साहुहरूले हामिसित दाम छैनन् भनि चादि पनि लियेनन् दाम पदि दियेनन् ई साहु-हरूले बजारका भाउमा येक हात लि येक हात दिनलाई पनि येस्तो नाफापछि लागि....२... को अग्रोष राषना निमित्त ई साहुहरूसित कुरो गर्दा अग्रोषपछि नलागन्या नाफा मात्रै षोजन्या हुनाले साहुहरूसित बुझ नमिलि चिनि-यांहरूको काम सारिदिन पाइयेन हाम्रा चिनियांहरू नेपाल गयाका आइपुग्या नेपालबाट रोकसोध गराई ल्हासातर्फ पठायूं भन्ने वेहोराको हाल अझसंम पनि गोर्षा ...२... बाट हामिलाई लेषि आयेन भनि अम्वाहरु भन्छन् भनि वाहिरफेर चिनियांहरु कुरा गर्छन् भोटेहरूको येस्तो झगडा यांहां भैरहेछ येस्तो मुद्दामा येस्तो झगडा भयो भनि भोट-सरकारवाट मलाई अझतक केहि कुरो पनि भनेका छैनन् म पनि चुप लागि ईनिहरूको वेहोरा मुद्दा भित्रिसंक्षेप बुझ्दैछु हिजआजको हाल येस्तै छ पछि जो परिआउला स्व वेहोरा बुझि वरोवर विन्ति चडाई पठाउला सेवकका अर्जिका वेहो-रामा घटवड पर्‍याको होला छेमा करुणा राषिवक्स्याजावस् शुभमस्तु शुभम् — — — — — — — — — —

—।—

श्री ५ सर्कार

१

अर्जि — — — — — — — — — — —

उप्रान्त हजुरका करुणाले गोर्षा भोटका बिचमा अघिदेषि ठुलो मेहरमानगि राषिवक्सनुभयाको छ घा वन्दवस्त भया-मा सालिन्दा १० हजार रुपैयां बुझाउन्या हुकलाई सालिन्दा चैत्र मंह्लामा बुझाउला भन्या विस्तार सवै श्री कर्णेल साहे-बसंग विन्ति गरि ताहां पनि विन्तिपत्र चढाई पठाउनुभया-को छ सोवमोजिम सालवसाल चैत्र मंह्लामा रुपैयां बुझाउ-न्या वन्दवस्त वाधी वक्सनुभयेन भन्या मलाई र ढविसे हामि २ जनालाई गाफिलि पर्‍या वेहोरा सवै श्री कर्णेल साहेबलाई जाहेर छ हामि २ जनाले पनि ताहा...१... को नोक्सान नपर्‍या काम गर्‍याको छ ताहां हजुरले हामि-माथि मेहेरमानगि राषि विन्ति पारिवक्स्याजावस् भोटका मालिक भारदारहरूलाई पनि हामि २ जनाले विन्ति पारि छिन्या काम गरौला हाम्रो कोटि विन्ति

ईत श्री षजांचि निमाधंडर ढविसेको कोटि कोटि सलाम इति संवत् १९१४ साल मिति भाद्र वदि १० रोज ६ ल्हासा शुभम् — — — — — — — — —

—।—

श्री तलेज्यू

१

अर्जि — — — — — — — — — —
उप्रान्त गरिपर्वंर कार्तिक सुदि १५ रोजका दिनमा ल्हासा सहरभरका छोटा बडा सबैका घरघरका कौसिबुर्जामा धजा बान्नु नाचकुतम गर्नु ङेरुङको लडाई हामिहरूले जित्यौ भनि उर्दि भयो र आपना आफ्ना कौसिमा रंगिचंगिको धजा बाँधि राति गल्ली गल्लीमा नाच गरि उत्सव गऱ्या लडाई जिति आईथ्यू भन्ने मानिस भने कोहि आयाका छैनन् अम्वाहरूबाट चिह्नपत्रको किन्षाप थान १ र चिठि तिमिले लि आयापछि हामिहरूवाट पनि कुचिनचाहि दिने दस्तुर छ भनि चिनियांहरूवाट भन्न मंसित आया र सर्कार बुझाउन पऱ्या माल हो यांहां मं लिन्न कार्कि कपतान नेपाल जान्छन् उनैका हात पठांया फेर पऱ्याछैन भन्या र नीज कपतानका हात अम्वाहरूवाट चिठि र मांङ त्वाङ कुचिन थान १ साना ठुला गरि चांदिका ड्ग्फे ७ पठायाको छ कार्कि कप-तानले हजुरमा बुझाउनेछन् मलाइ यांहां बुझाउनपर्ने अयेन सवाल ...१... माईका गहना बुझाई बुझी लियाको भर्पाई ली यांहांबाट रोकसोदं भै निज कपतान मार्ग वदि १३ रोजमा नेपालतरफ आया चिनियां भोटे भारादार कासेलमा केहि कुराको सोदसाद पनं हरहम्मेस जान पऱ्या गोर्षालिको ईज्जत हुरुमत राषि परपोसाक गर्नुपर्ने तसर्थ सर्कारवाट सिपाहि जना १२ के पोसाग बक्स्याको रहेछ सो पोसाग फाटि गलि जादा कार्कि कपतानले बुझाउन नसक्दा ताके कालामोहरुपैंयां १२० मलाई बुझाया अघि पनि १२ सिपा-हिलाई नम्बुका वखु वक्सनु भयाको रहेछ आज टहलुवा १ समेत सिपाहि १३ के दामासाहिका हिसाप गरि जना ७ मात्रै लैजानु भनि हुकुम मर्जिले टहलुवासमेत सिपाहि ७ र अरु पगरि ५ ज्मा जना १२ लाई पछि वदला दिन आउ-न्यालाई ई १२ वषु बुझाउन्या गरि आज दर्जमाफिक वाडिदे भन्ने मर्जि भै आया सोमाफिकसित वाडिदिदा हुँ मेहरमान कदरदान हजुर उदय हुनुहुन्छ जो मर्जि यांहांका अरु हाल सुरथ यथायोज्ञ छ लेषतामा घटवड भयाकोमा मपर क्षमा राषिवक्स्याजावस् — — — — — — — —

—|—

अर्जि — — — — — — — — — —
उप्रान्त महाराज चैत्र वदि ३ रोज १ मा आयाको पत्र चैत्र सुदि १० रोज २ मा आइपुग्यो ये वदि १ रोज ३ मा लेषिआयाको पत्र १ वैशाष वदि १ रोज १ मा ज्मा कद-नापत्र २ आइपुग्यो पत्रको दर्शन गरि अर्थ बुझि सिर चह्लांयां ल्हासाका अम्वाहरूलाई ...१... वाट लेषिगयाको चिठिको नकल १ यसै चिठिमा षामि पठायाको छ विस्तार तेसले बुझाउला वातचित हुँदा केही कुरा चल्यो भने यसै नकलका आसयेवमोजिम वातचित गर्नु यांहांवाट अघिका रितवमोजिमको वर्ष ५ को मामलिस २४ साल पर्दथ्यो ... सालमा पनि हांम्रो २४ साल पछं अघिका रितले हाम्रा २४ सालका ज्येष्ठ असारमा जानुपर्ने रितमा यसै सालका मैह्ला ५ भित्र शुद्ध ज्येष्ठ सुदि रोज १ लाग्या पछं आउनु भन्ने लेषि जादा येहि सालमा आउनुपर्छं कि आगे सालमा आउनुपर्छं येस कुराको आफुहरूवाट अति सिक्षा दिनुभया वढियाहोला भन्ने आसयेसंग कुरा गरि अम्वाले भन्यावमो-जिमका कुरा चाडो गरि यांहां लेषि पठाउन्या काम गर भनि मर्जि मै लेषि आयाका वेहोरामा अम्वाहरूलाई लेष्या-को चिठिको नकलको आसये बुझि यांहां ई कुराको प्रस्न अम्वाहरूका कारिन्दाहरूसित भयो र फाल्गुन सुदि १ का दिन चिनियां संवत् फेर्दो रहेछ थोदिं ५ सालमा नेपालवाट रमना भै थोदि ६ साल लागेपछि ...२... को दर्सन गर्नपर्दो रहेछ र हाम्रा २३ साल रहदो रहेछ २३ सालका ज्येष्ठमा ताहांवाट चिन जानालाई रमना गर्नुपर्छं वाटामा लडाई कतै काही छैन सुविस्तासंग जान पाइन्छ भनी अम्वावाट भन्छन् भनी मलाई भन्न पठांया २३ सालका ज्येष्ठ असारमा चिन जानुपर्छं औ डुक्पाको र अंग्रेजको लडाई माघमा जोरियाको तहकित हो पलश भने अंग्रेजका २ साहेब र २।३ सये सिपाहि पक्रिया डुक्पाका सिपाहि १००।१५० पऱ्या भन्छन् येस कुराको वेहोरा बुझि तहकित गरि पछि विन्ति चह्र्लाई पठाउला अरु यांहांको हालसुरथ येथायोग्य छ लेषतामा घटवड भयाको होला छेमा करुणा राषि वक्स्या जावस् — — — — — —

—|—

# लिस्तीको आड

*मोहन प्रसाद खनाल*

वि. सं. १९०९ मा चीन जान भनी हिंडेका नेपाली दूतमण्डललाई सहयोग गर्नाको साटो भोटेहरूले लुटपिट गरि १८४९ सालमा भएको सन्धिको प्रतिकूल कार्य गरेका थिए। यसभन्दा अघि पनि नेपाली व्यापारीहरूलाई यिनीहरूले नचांहिदो दुःख दिने गरिरहन्थे। तर यस पटक भने नेपालीहरूले आफ्नु ज्यानसम्म पनि गुमाउनुपरेको थियो। त्यही कारणबाट नेपालले भोटमाथि आक्रमण गर्ने निधो गऱ्यो। युद्धका लागि चाहिने आवश्यक गोला, बारूद तथा हतियारहरूको ठूलो संख्यामा तयारी गरियो।

वि. सं. १९११ सालमा जङ्गबहादुरका माहिला छोरा रणजित जङ्गको विवाहको शुभ अवसरमा भोट युद्धका लागि तयारी भएका एक विसाल सेनाले टुंडिखेलमा जङ्गी परेडको प्रदर्शन गऱ्यो। यिनै सेनाहरू केरुङ्ग तथा कुत्तीतिरबाट भोटमा आक्रमण गर्न तैनाथ गरिए। यसको साथसाथै जङ्गबहादुरले भोटतिरबाट नेपाल पस्न हुने पूर्व तथा पश्चिमका सबै गढी, गैंडाहरूमा फौज राखी त्यतातिरबाट हुन सक्ने खतडालाई विचार गरी देशको राम्रो सुरक्षा हुने प्रबन्ध गरे।

त्यसपछि वि. सं. १९११ सालको अन्त्यतिर जनरल बंबहादुरका मातहतमा गएका फौजले रसुवाको बाटो गरी केरुङ्ग दख्खल गर्न हिंड्यो। त्यसको केही दिनपछि फाल्गुण २१ गते शनिश्चरवार पूर्णिमाका दिन ठूलो साइत गरी जनरल धीरसमशेरका मातहतमा कर्णेल पहलमानसिंह बस्न्यातले हांकिएको कालीप्रसाद, गोरखनाथ र शेर गरी जम्मा ३ बटालिनले पूर्वतिरबाट आक्रमण गर्न लिस्ती हुँदै कुत्तीतिर प्रस्थान गऱ्यो।

त्यस वेला लश्कर चलान हुँदा "जङ्गी काममा रसद बोकन्या बाटो षन्या, थर्पु बनाउन्या, हुलाक चलाउन्या कार्य बाघमतीपूर्वका बाटामा पर्ने सबै गाउँघरहरूका प्रजाहरूले कारका रूपमा गर्नू, तर आफूलाई लाया अह्रायाको काममा ढिला भै बाधा पर्न गयो भन्या जङ्गी ऐनबमोजिम भारी दण्ड होला" (१) भन्ने बेहोराको सनदपत्र पूर्वतिरका सबैजसो गाउँघरका थरी, जीम्बावाललाई हुंदा आ–आफ्ना ओडादेखि सिमानासम्ममा गर्नुपर्ने कार्य बडो होशियार र तदारुखसाथ गरिरहेका थिए।

यसै गरी संवत १९१२ साल जेष्ठ वदि ४ रोज १ का दिन "रजगाउँ वडान्या, भटौलीका बाजीघाटमा खेवागर्न्या माझीमीकारहरूलाई ताहां आफूलाई लाग्याको रोजरोसम निजबाट चलाई जङ्गी षर षजाना लश्कर चलान हुँदा घाट घाटलाई चाहिन्या तपसिल बमोजीमका डुङ्गा, बह्‌ना, डोरी, साज वाज, ताछी बनाई मजबूत तयार गरी राख्नू जङ्गी षर षजाना लश्कर चलान हुँदा बह्‌ना, डोरी, साज, वाज तार घाटमा कम भै षतडा षान गयो भन्या र केही बितलप पर्न गयो भन्या जङ्गी ऐनबमोजिम सजाय होला" भन्ने बेहोराको सनदपत्र जादां आफूहरूलाई तोकिएको डुङ्गा, बह्‌ना, डोरी, साज बाज, ताछी बनाई तयार गरी राखी घाट घाटमा बसी माझीहरूले गर्नुपर्ने कार्य बडो होशियारीकासाथ गरिरहेका थिए (२)

यसपछि पश्चिमतिरबाट जनरल बंबहादुरका मातहतको नेपाली फौजले केरुङ्ग दख्खल गऱ्यो। तर केरुङ्गभन्दा

---

१. यो अप्रकाशित पत्र मेरो आफ्नो संग्रहमा रहेको छ।

२. यो अप्रकाशित पत्र पनि मेरो आफ्नो संग्रहमा छ।

केही पर झुंगामा प्रशस्त भोटेफौजहरू डटेर बसेका थिए। यो खबर पाएपछि जगत्शमशेर र बखतजङ्गले हांकिएको सेनाले घंटागढी दखखल गऱ्यो। त्यसको लगत्तै झुंगामा पनि नेपाली फौजले भोटेहरूसंग जमेर युद्ध गरे। अन्त्यमा यहां पनि विजयश्रीले नेपालीहरूलाईनै वरण गरिन्। तर भोटे सेनाहरूले त्यहां पनि टिक्न नसकी कुलेलम ठोके तथा नेपालीहरूले त्यहांबाट प्रशस्त रसद, नून तथा बख्खुहरू हात लगाए। यसपछि जङ्गबहादुर स्वयं झङ्गातिर बढे (ने. सं. इ.)।

यता कुत्ती कब्जा गर्ने भनी हिंडेका जनरल धीरशमशेरका मातहतका फौजले लिस्तीतिरबाट वि. सं. १९१२ साल आषाढ वदि ५ रोजका दिन खासा हुंदै कुत्ती ग्यालुथुममा आक्रमण गऱ्यो। त्यहां भोटेहरूले पनि नेपालीहरूसंग जमेर युद्ध गरे। तर अन्त्यमा भोटेहरूको केही लागेन। वीर गोर्खालीहरूले नै यहां पनि सफलता प्राप्त गरे। यस युद्धमा भोटेतर्फका ४९३ जना खेत रहे तथा २०० जवान जखम भए। यस युद्धमा ६२ जवान नेपालीहरूले वीरगति पाए (३)। यसपछि फेरि श्रावण वदि ९ रोजका दिन नेपालीहरूले कुत्ती हुदै सोनागुम्बा कब्जा गरे। यस लडाईंमा भोटेतर्फका ७३० जना सोतर भए तथा ११७ जना नेपाली परे (४)

यसरी पूर्व तथा पश्चिम दुबैतिरबाट नेपालीहरू अगाडि बढ्दैरहे। तर वर्षाद राम्रैं शुरू भएको हुनाले र भोटेहरूले पनि सन्धि गर्ने कुरा उठाएका हुंदा केही समयको लागि युद्ध बन्द गरी झुङ्गा तथा कुत्तीमा फौजहरू राखी जङ्गबहादुर, जगत्शमशेर र धीरशमशेर आदि काठमाडौं फर्के।

यति भएपछि भोटेहरूको अनुरोधमा सन्धि गर्ने कुरालाई लिएर नेपालबाट काजी तिलविक्रम थापा सिकारजुङ्ग गए। चीनका अम्बा तथा भोटे भारादार र नेपाली दूतमण्डलहरू बसी वार्ता शुरू गरे। तर अन्त्यमा कुनै कुरो निष्कर्षमा पुगेन र नेपालीहरू राजधानी फर्के।

यति हुंदै कार्तिक निकल्दो चीनले भोटेहरूको सहायतार्थ पठाएको विशाल सेनाले कुत्ती तथा झुङ्गामा बसेका नेपालीहरूमाथि आक्रमण गऱ्यो। भोटे तथा चिनियाहरूको भारी फौजको मुकाबिला गर्न नसकी नेपालीहरू लिस्तीसंम बल्लतल्ल आइपुगे। यति वेला नेपालीहरूको ठूलो क्षति भयो (५)। उता झुङ्गामा भने नेपालीहरूलाई यिनीहरूले हटाउन सकेका थिएनन्। यता कत्तिकैमा करीब १२ सय फौज ली धीरशमशेर कुत्तीतिर हिंडे। कुत्तीबाट हटी लिस्तीमा बसेका नेपाली फौजसंग मिली जनरल धीरशमशेरले वि. सं. १९१२ मार्ग शुदि ६ रोजका दिन खासामा बसेका भोटेहरूमाथि जाइलागे। दुबै पक्षमा खूबै जमेर युद्ध भयो। तर पनि भोटेहरूको केही चलेन। त्यहांबाट भोटेहरू भाग्न थाले। नेपालीहरूले पनि उनीहरूलाई दपेटा दिंदै कुत्तीसम्म लघारे। यस युद्धमा भोटेतर्फका ३४२ अफिसर र १२६७ अरू गरी जम्मा १६०९ परे तथा ९२२ जना जखम हुंदा ७ छालाका तोप र १२७९ थान हतियारहरू नेपालीहरूको हात पऱ्यो। यता नेपालीहरूमा १ जना कप्तान, ७ सुबेदार, १८१ ऐटन, ३५७ हुदा र सिपाही गरी जम्मा ५४६ जवान परे तथा १३४ जना घाइते भएका थिए।

यति भएपछि भोटेहरूले नेपालीहरूसंग सन्धि गर्नुमै आफ्नो कल्याण ठाने। उनीहरू सन्धि गर्ने कुरा लिएर नेपाली भारादार समक्ष आए। यसपछि करीब करीब युद्ध बन्द भयो। भोटेदूतमण्डल सन्धि गर्न काठमाडौं आए। यसपछि नेपाली फौज लिस्ती दुगुनामा आई बसेको थियो। त्यसै वेला संवत् १९१३ साल पौष शुदि रोज ३ का दिनदेखि लेफटेन कर्णेल पहलमानसिंह बस्न्यातले ३ पल्टन (श्री शेर, श्री कालीप्रसाद, श्री गोरखनाथ) ली तजबीज गरी एक विशाल किल्लाको निर्माण कार्य थाले तथा करीब ४ महीनामा सम्वत् १९१२ साल चैत्र वदि ३ रोज २ मा सो किल्ला बनाउने कार्य सुसम्पन्न भयो। "सो किल्लाको नाप बाहिरी फेरो हात ५६१, अग्लो हात १०॥, भित्री फेरो ५००, मोर्चा ५, सोक्रो लामो ५, माफ १७, भित्री मैदान पूर्व पश्चिम हात १११, भित्री मैदान उत्तर दक्षिण हात १०९, गज हात ४, थुम्का काटिएको हात ९, चोकको मैदान उत्तर दक्षिण हात ८६, ऐ पूर्वपश्चिम हात ८२, ऐ गैह्रो हात ५, ढोका ठूलो ढोका पश्चिमतर्फ, चोर ढोका दक्षिणतर्फ, बाहिरीबाट गजको गिर्दा हात ५७७, पावाको ६, पानी गिर्दा हात ५० को" किल्ला बनाई त्यहां २ तोप र केही फौजहरू राखी लेफटेन कर्णेल पहलमानसिंह बस्न्यात राजधानी फर्कंदा काठमाडौंमा गरेका सन्धिपत्र लिएर भोटेहरू ल्हासा फर्किसकेका थिए।

(३) लिस्तीमा रहेको अप्रकाशित अभिलेखबाट (४) लिस्तीमा रहेको अप्रकाशित पत्रबाट

(५) यस युद्धको बयान पनि लिस्तीमा भएको अभिलेखमा हुंदो हो तर ज्यादै नराम्रोसंग फुटेको हुंदा यसको वर्णन नष्ट भएको हुनुपर्छ।

# नेपालमा सौर्यसम्प्रदाय तथा नवग्रहमूर्ति

- तारानन्द मिश्र

## सूर्य तथा नवग्रहमूर्तिपूजाको शुरुआत

ऋग्वेदमा अग्नि, वरुण, रुद्रको संग-संगै सोम तथा मित्र अथवा सूर्यलाई पनि प्रमुख देवताको रूपमा स्वीकार गरिएको छ । उक्त समयमा सूर्यको आराधना–सूर्य, सविता, मित्र, पूषा, विष्णु तथा अग्निको रूपमा भएको बेहोरा थाहा हुन्छ(१) । तर सूर्यमूर्तिको पूजा तथा जनतामा बढ्ता प्रचार भारतमा इरानबाट लगभग ईसाको प्रथम शताब्दीतिर मात्र भएको थियो । बंगालबाट प्राप्त लगभग बाह्रौं शताब्दी ई. को सूर्यमूर्तिको पादपीठमा (२) सूर्यलाई समस्त रोगका नाश गर्ने तथा विश्वमा प्रकाश फैलाउने भनिएको छ । १००० ई. सन् को एउटा अर्को सूर्यमूर्तिपादपीठलेखमा (३) उनलाई श्री तकमी दिनकारिन भट्टारक भनिएको छ । अथर्ववेद (४) को एउटा स्तुतिमा तकमन शब्दको प्रयोग रोगको अर्थमा भएको छ । यसले पनि सूर्यले रोगलाई नाश गर्छन् भन्ने बोध हुन आउछ । भारतमा सूर्यमूर्ति सर्वभन्दा पहिले कुषाण राजा कनिष्कका मुद्रामा अंकित हुन आएको छ जसमा सूर्यलाई मीरो भन्ने नाउँले उल्लेख गरिएको छ । माथि भनिसकिएको छ–सूर्यमूर्तिपूजाको श्रेय भारत तथा प्राचीन आर्यहरूका बीच प्रसिद्ध गराउने ईरानका तथा शकद्वीपका ब्राह्मणहरूलाई छ, उक्त कुराको उल्लेख भविष्य पुराण (५) तथा अनेक भारतीय अभिलेखहरूमा (६) पनि भएको छ । प्रसिद्ध ज्योतिषी वराहमिहिर (७) तथा प्राचीन इतिहासकार अलबरुनीको किताबमा (८) पनि सूर्यमूर्ति स्थापनाविषयका सबै धार्मिक प्रक्रियाहरू मग ब्राह्मणद्वारा नै गरिन्थ्यो ।

ईरानबाट आएका मग तथा शाकलद्वीपी ब्राह्मणहरू ज्योतिष विद्यामा तथा औषधोपचारमा निकै शिपालु थिए । शायद इनको प्रभावले पनि प्राचीन भारतमा ज्योतिषविद्याको प्रसारमा मदत पुगेको होला । ज्योतिषविद्या अध्ययनक्रममा आर्यहरू जसले हिन्दू धर्म अपनाइसकेका थिए नवग्रहहरूको खोजी तथा अध्ययन गर्न थाले । यसै क्रममा ग्रहहरूको निकै महत्व बढ्यो तथा तिनका अलग अलग रूपमा मूर्तिहरू पनि बन्न थाले । प्रथम शताब्दी ई. तिर अश्वघोष तथा पछि आर्यभट्टका साथै वराहमिहिर जस्ता ठूलठूला ज्योतिषीहरू भए । आर्यभट्टले पाँचौं शताब्दी ई. तिर ग्रहहरूका आपसका सम्बन्धबारे ज्ञान हासिल गर्नुका साथै ग्रहणको कारणको खोजी गरिसकेका थिए (९) विस्तार–विस्तार सौरमण्डलका प्रमुख सबै ग्रहहरू–सूर्य

१. राधाकुमुद मुकर्जी–हिन्दू सभ्यता (हिन्दी अनु०); पृ– १०४:
(A) Dr. R.G. Bhandarkar—Vaishnavism And Shaivism; PP. 153—155:
डा० भण्डारकरको पनि यस्तै विचार छ ।

2. J.A.S.B. (N.S.) vol— 26, P— 47
सूर्यः समस्त रोगानां हर्ता विश्वप्रकाशकः

3 E.I. vol. XXVII; P—25
श्री तकमी दिनकारिन् भट्टारक

4. Atharvaveda—BK—1, 4—6, 9; Also B. upadhaya. The socio—Religious condition of North India; P—267।

5. Bhavishya Purana; chap.—134:
मकरो भगवान् देवो भास्कर परिकीर्तित,मकरध्यान योगाश्च मगा ह्यते प्रकीर्तिता ।

6. E.I. vol—II, P.333 B. Upadhaya—Ibid, P—257:
शाकधिपस्स दुग्धाम्बुनिधिदलयितो यत्र विप्रो मगाख्या

७. बृहत्संहिता; अध्याय–६०:

8. Sachau vol I, P—121:

9. B. Upadhaya— Ibid, P—268:
छादयति सूर्य शशिनं महती च भूच्छाया ।

चन्द्र, मंगल, बुध ग्रहमण्डलमा पछि दुइटा काल्पनिक ग्रहहरू, राहु र केतु पनि थपिए। पछि थपिएका यी दुवै ग्रहहरू विघ्नकारी ग्रहहरू हुन्। आर्यभट्टले पाँचौं शताब्दी ई. तिरै ग्रहणको मूल कारणको पत्तो लगाइसके तापनि जनताले ग्रहणका लागि राहु तथा केतुलाई नै जिम्मेवार ठहराएका थिए। जनविश्वासहरू भारतीय (१०) तथा नेपाली (११) अनेक अभिलेखमा पनि कुँदिएका छन्। ग्रहमण्डलमा राहुको प्रवेश लगभग प्रथम शताब्दी ई. तिरै भएको थियो (१२) तर केतुको उल्लेख पछि चौथो पाँचौं शताब्दी ई. तिर मात्र भएको पाइन्छ। गुप्तकालका प्रसिद्ध ज्योतिषी वराहमिहिरले आफ्नो यज्ञ अश्वमेधीययात्रा (१३) नाउंको पुस्तकमा सूर्यदेखि राहुसंमको मात्र उल्लेख गरेका छन्, त केतुको उल्लेख यहां पाइंदैन।

## नेपाली अभिलेखमा सौर्यसंप्रदाय तथा नवग्रहको वर्णन

सूर्यको उल्लेख भएको प्रथम नेपाली अभिलेख मानदेवको संवत् ३८६ को चांगुस्तंभलेख (१४) हो। उक्त अभिलेखमा सूर्यलाई सवित नाउंले उल्लेख गरिएको तथा चन्द्रमाको समेत वर्णन हुन आएको छ। संवत् ४०२ को लिच्छविकालीन टेबहालमा रहेको अभिलेख (१५) द्वारा इन्द्र नाउं भएको सूर्यमूर्तिको स्थापना बारे सूचना दिने उक्त अभिलेख पनि पहिलो हो। पशुपतिनाथमंदिरक्षेत्रभित्र रहेको जयदेव द्वितीयको शिलालेखमा (१६) सूर्यलाई ब्रह्माको पनाति भनेर ब्रह्मा र सूर्यका बीच सम्बन्ध कायम गर्ने प्रयत्न गरिएको छ। नेपालका अनेक राजाहरूको तुलना सूर्य तथा चन्द्रसंग गरिएको बेहोरा यहाँका विभिन्न अभिलेखहरूद्वारा (१७) जाहेर हुन्छ। यसबाहेक संवत् ५३५ को एक लिच्छवी प्रस्तरलेखमा आदित्यगुप्त (१८) भन्ने नाउंको उल्लेख भएको छ। नरेन्द्रदेवकालीन एक अर्को लेखमा (१९) पनि वागमती नदीनेर भानुश्वत्य अथवा भानु नाउं भएको खोलाको उल्लेख भएको छ। उक्त कालमा मान्छेको नाउँ आदित्यगुप्त र खोलाको नाउँ भानु राख्नाले पनि त्यस बखत नेपालमा सौरसंप्रदाय खूबै प्रख्यात

10. E.I. vol IV, P—158, vol XXI, P—219, I:A. vol XVIII, P—
राहु ग्रस्ते दिवाकरे
११. अभिलेख संग्रह ६, पृ० ११,
राहु प्राप्त पराभवो दिनमणिश्चन्द्रः कलङ्कीयतः
१२. राहुको उत्तपत्तिको संबन्धमा पुराणमा भनिएको छ–देव तथा दानवहरूद्वारा समुद्रमंथनको क्रममा निस्केको अमृत दानवमध्ये एक जना राहुले पनि अलिकता पान गरेर अमर भएको थियो।
१३. यज्ञअश्वमेधीययात्रा, राष्ट्रिय पुस्तकालय, पुलचोक; यो पुस्तक हस्तलिखित तथा अप्रकाशित हो। उक्त पुस्तकबारे सानो परिचय प्राचीन नेपाल अङ्क ५ मा दिइएको छ।
14. Bhagawanlal Indraji—Twenty Three Inscriptions from Nepal, No—1:
मानदेवो नृपः कान्त्या शारदचन्द्रमा इव जगत्प्रह्लादयन्सर्व्वदा।
सवितेव दीप्तिकर (णः) सम्यग्घ्र (तैः)
15. R. Gnoli—Nepalese Inscriptions In Gupta characters; No—7: Also रमझम वर्ष ६ अंक ३
वणिजाम् सार्थवाहेन गुहमित्रेन भक्तितः
संस्थापितोत्र भगवान् इन्द्रो नाम दिवाकरः
E.I. vol—X, P—63:
बाह्रौं शताब्दी ई. सन् को भारतबाट प्राप्त चाहमान अभिलेखमा पनि सूर्यलाई इन्द्रादित्य भनिएको छ।
१६. भगवानलाल संख्या १५; संवत–१५३:
सूर्वाब्दह्मप्रपौत्रान्मनूरथ
१७. नोली–संख्या, ५४, ध्रुवदेव र जिष्णुगुप्तको केवलपुरलेख।
गुर्णरुपेतोनुपमैरिहात्मवान प्र . . . . मपि चन्द्रमा इव।
(क) नोली संख्या–५८, येशालहिटी (लगन) को भीमार्जुनदेव–जिष्णुगुप्तको अभिलेख।
शशिशुभ्राङ्कीर्तिमुच्चैर्दधानः
(ख) अभि. सं. १, अनन्तलिङ्गेश्वरको नरेन्द्रदेवको अभिलेख।
शशीव संलक्ष्यतरो नृपाणाम्
(ग) भगवानलाल संख्या– १; चांगुस्तंभलेखमा पनि सूर्य तथा चन्द्रमाको वर्णन पाइन्छ।
१८. नोली– संख्या ४०। जैसीदेवल तथा ज्याबहालपूर्वको संवत् ५३५ को अभिलेख।
आदित्यगुप्तस्य क्षेत्रम्
१९. नोली, संख्या–७४
वागमती नदी भानुश्वत्य

भैसकेको थियो भन्ने कुरा विदित हुन्छ। लिच्छवीकालीन नेपालमा सौरसम्प्रदायको ख्यातिको अर्को प्रमाण देउपाटनमा रहेको संवत् ४८९ को हरिहरमूर्तिको पादपीठलेखले (२०) पनि प्रस्तुत गर्दछ। उक्त लेखमा नारायणलाई सुर्यकै प्रतिरूप मानी शौर भनिएको छ। यसै किसिमको अर्को ठाउँमा पनि विष्णुलाई शौर(२०क) सम्बोधन गरिएको प्रमाण उपलब्ध भएको छ।

नेपाली अभिलेखबाट प्राप्त माथिल्लो बेहोराबाट लिच्छविकालमै सौरसम्प्रदाय प्रशिद्ध भएको थियो भन्ने कुरा सिद्ध हुन्छ तथा लिच्छविकालको शिवदेवको बनेपामा रहेको अभिलेख(२१) द्वारा भारत जस्तै नेपालमा पनि उक्त सम्प्रदाय तथा सूर्यमूर्तिपूजालाई प्रचार गर्ने मार्गगोत्रीहरूनै हुन् कि भन्ने शंका प्रस्तुत गर्दछ। सूर्यसंगै लिच्छविकालमा चन्द्रमा अथवा सोमसम्प्रदायको पनि, खास गरी शिवका ललाटमाथि रहने चन्द्रमाका रूपमा, प्रचार भैसकेको थियो। उक्त तथ्य शिवविषयका अभिलेखहरू(२२) बाट प्रस्ट हुन आउँछ।

मध्यकालीन नेपालमा सूर्यको अनेक रूपमा वर्णन भएको तथा सौरसम्प्रदायसंग संबंधित विभिन्न रूपका मूर्तिहरू(२३) यहाँ बन्न थाले। सौरसम्प्रदायको उल्लेख प्रताप मल्लका दुइटा अभिलेखहरूमा(२४) पनि पाइन्छ। उक्त अभिलेखहरूद्वारा नेपालमा प्रचलित–कापालिक, श्रुतिमत, शाक्त, वैष्णव, सौगत (बौद्धधर्म) शैव, गणेश आदि सम्प्रदायका साथै सौरसम्प्रदायको पनि उल्लेख गरिएको छ। सूर्यका अनेक किसिमका मूर्ति मध्ये नवग्रहमूर्ति नेपालमा मध्यकालमा मात्र बन्न थाले। नवग्रहको उल्लेख पनि यस कालका अभिलेखहरूमा पाइएका छन्। भक्तपुर राजप्रासादमा अनेक वैष्णव तथा शैवमूर्तिहरूको स्थापनाका साथै ग्रह तथा नक्षत्रहरूका मूर्तिको पनि स्थापना भएको बेहोरा

---

२०. नोली, संख्या–२०

तस्मै सततम इह नमोस्त्व अर्घसौरीश्वराय ॥

(क) नोली, संख्या–५३, पूर्णिमा–संख्या ८:– भीमार्जुनदेव–जिष्णुगुप्तको संवत–५७ को थानकोट शिलालेख।

मायासुप्तोस्थितस्य जलधिजलक्षालितांगस्य शौरेः

२१. नोली, संख्या–३३

मार्ग गोत्र नक्षेत्र ...............

२२. नोली, संख्या–३३

दक्षिणेन एलन्ती नदी ............ पश्चिम चन्द्रेश्वर

२३. अभि.सं. २, पृ–१०, थापाहिटी सूर्यमूर्ति पादपीठलेख।

उक्त लेखमा सूर्यलाई 'मूलादित्य' भनिएको छ।

क. अभि. सं. ९, पृ. २७, ने.सं. ३८१, फर्पिङ्ग टुटेधाराको लेख।

ॐनमः शुन्याय मोहांधकारमग्नजनाणां ज्ञानरश्मिकृत मूधरन जेन तन्नमभि शिवभाष्करम्।

ख. अभि. सं. ७, क्वाछे भगवतीमंदिरको रणजित मल्लको ने.सं. ८५४ को अभिलेख।

मार्तण्डान्वयसंभवो

ग. अभि. सं ६, पृ. २१, पाटन मणिमंडपको ने.सं. ८२१ को अभिलेख।

सुंदरो रविरिव श्रीलोकनाथ प्रभु

घ. पूर्णिमा–३, पृ. १७, नक्साल नन्दिकेश्वर वहालको ने.सं. २७९ को सूर्यमूर्तिपादपीठ लेख।

रुद्रगनादित्य स्थापित

इन्द्रोनाम दिवाकर, सौरीश्वर, शिवभास्कर, मार्तण्डान्वय शंभु रविरिव लोकनाथ तथा रुद्रगनादित्य आदिद्वारा नेपालमा प्रचलित वैष्णव, शैव, सौर तथा बौद्धधर्महरूका बीच समन्वय स्थापित गर्ने प्रवृत्तिको परिचय दिन्छ।

२४. रेग्मी–भाग–४, संख्या–५४

काठमाडौं वसन्तपुर स्थित तलेजुको ढोकामाथिको लेख।

दैवेकापालिकादौ श्रुतिमतनिचये वैष्णवे सौगते वा शैवे सौरे गणेशप्रभृतिनिचये भक्तिभाजो

क. रेग्मी; भाग–४; संख्या–५७, ने.सं. ७७७ स्वयंभूमचैत्यको अमिताभमन्दिरनजीकको अभिलेख।

शैवे सौगात शाक्त वैष्णव सौर दर्शन कारणं सर्वकारण कारणान्ति कारणात्मक रूपिणं। वृद्ध शैव (श) व यौवनान्त वालकादिक संभवं, तं, नमामि परात्परं परशंभुधाममयं विभु।

त्यहींको एक अभिलेख(२५) द्वारा थाहा पाइएको छ। पनौतीबाट प्राप्त एउटा अर्को अभिलेखमा(२६) माथिकै विवरण दोहरिएको छ। हाल नेपाल म्यूजियममा रहेको एउटा अभिलेखमा एउटा देउताको मंदिरको चुचुरोमाथि सूर्य, सप्तर्षि, तथा ध्रुवताराहरुद्वारा माला लगाउने उपमा प्रस्तुत गरिएको छ(२७)। यसले त्यस अवस्थाको नेपालमा नक्षत्रबाहेक अरु ताराहरूको पनि ज्ञान नेपालीलाई भएको थियो भन्ने बोध हुन्छ। मध्यकालका दुइओटा अभिलेखहरुमा ग्रहणको वर्णनलाई चित्रण गरिएको पाइन्छ(२८)। एउटा अर्को अभिलेखमा चन्द्रग्रहण लागेको वेलामा एक जना नेपालीले कृष्णमंदिर बनाउने संकल्प गरेको उल्लेख पाइन्छ। (२९)। इन्द्रेश्वरी (पनौती) को ताम्रपत्रलेखमा (३०) सूर्यग्रहणको वेला सुवर्णतुलादानको उल्लेख गरिएको छ। यस्तो किसिमसँग पाटनको एउटा अभिलेखमा राजा सिद्धिनरसिंह मल्ललाई निष्कलंकित चन्द्रमासंग तुलना गरिएको बेहोरा पाइन्छ(३१)। उक्त किसिमसँग ग्रहण लागेको बखतमा किसिम-किसिमको दान गर्ने परम्परा भारतीय अभिलेखद्वारा पनि थाहा पाइन्छ(३२)। पाटनबाट प्राप्त एउटा अभिलेख(३३) मा शनिग्रहलाई परमेश्वर भनिएको छ तथा उक्त लेखमा गरिएको व्यवस्थानुरूप नगर्ने गुठियारलाई दशा लागोस् भनी श्राप दिइएको छ।

## नवग्रहमूर्तिको अध्ययन

याज्ञवल्क्यसूत्रअनुसार(३३क) ग्रहयज्ञ गर्नाले शान्ति, समृद्धि, पर्याप्त वर्षा, दीर्घायु र शत्रुको विनाश हुन्छ। लगभग प्रथम शताब्दी ई. का लेखक अश्वघोषले आफ्नो प्रसिद्ध

---

२५. अभि. सं. ७, पृ. २८, ने. सं. ८०५, डि.र. रेग्मी संख्या-९० (d)।
श्री भक्तपत्तनाभिधान नगरैकादशस्वर्ण कलशच्छत्र द्वारतोरण गवाक्षपटल स्वर्णमूर्ति राशिनक्षत्रादि नानाप्रकार विचित्रित स्वर्गादप्यधिकमनोहर प्रासाद निवासिनी सकलदेवता सेवित

२६. रेग्मी, संख्या-१२१, ने. सं. ८३६,
भक्तपट्टने...... हेमकलश छत्र तोरण गवाक्षपटल स्वर्ण्ण मूर्ति राशिनक्षेत्र नाना प्रकार विचित्रित स्वर्ग्ग दिप्य मनोहर प्रासाद निवासिनी श्री ३ स्वेष्टदेवता तल उल्लेख भएको ने. सं. ६८९, को अभिलेखद्वारा यो थाहा हुन्छ- चन्द्रमालाई नक्षत्रनाथ भनिन्थ्यो।

२७. रेग्मी संख्या-१९, ने. सं. ६८९, नेपाल म्यूजियममा रहेको।
कारिमठो सुवर्णशिखरो हेमाविवद्राजते,
यत्रोच्चैकलशेषु नाकतटिनी मालायते सर्व्वदा ॥
मार्तण्डो भ्रमते यदेक नक्षत्रनाथेन च
सप्तर्षि ध्रुव मण्डलानि विलसन्मेरुः सदा स्पर्द्धते।

२८. रेग्मी, संख्या-६५: अभि.सं. ६, पृ. ११: ने.सं. ७८६:
राहुप्राप्तपरामवो दिनमणिश्चन्द्रः कलङ्कीयतः
(क) रेग्मी संख्या ६१ (d)
शनिः खञ्जभूता ग्रहनाथ राहुविहीन शुकेतुर्भगण्याग्रहारो॥

२९. अभि. सं. भाग-२०, ने.सं. ८०३, फर्पिङ शिखरनारायणनजीक रहेको भगीरथ भैयाको अभि.
संकल्पितानि हरिभक्तपरायणेन,
चन्द्रोपरागसमये खलु धर्मबुद्ध्या॥

३० पूर्णिमा-१४, पृ.-१३१, इन्द्रेश्वरको ने.सं. ५२१ को ताम्रपत्र लेख।
ददन्तत्र स्वदेहतुल्यकनकं ग्रासे रवे राहुना।

३१. भगवानलाल संख्या-१६, राधाकृष्ण देवल, पाटन।
रजनीनायको निष्कलङ्कः

३२. लघुशातातपस्मृति; १५१:
लघुशातातपस्मृतिका स्मृतिकारले चन्द्र तथा सूर्यग्रहणको समयलाई दानका लागि अतिउपयुक्त हो भनी लेखेका छन्।
चन्द्रसूर्यपरागे च दत्तं भवति चाक्षयम्।
E.I. vol. 22; P. 166; एउटा चेदी अभिलेखमा पनि सर्वग्रासको अवसरमा दानको उल्लेख पाइन्छ।
श्रीमद्रत्न नरेश्वरस्य सदसि ज्योतिर्व्विदामग्रतः
सर्वग्रास मनुष्यगोः प्रवदता तीर्णा प्रतिज्ञा नदी।

३३. हेमराज शाक्य-तुलसीराम वैद्य-मध्यकालीन नेपाल, अभि. संख्या-४९, ने.सं. ८१०:
ध्वतेसन लोभमयास्य वर्षप्रति निस्त्रपैमाल, लोभैयाकेले ध्वते श्री ३ परमेश्वर सनिग्रह, लोभमैयाकाले उतोत्र जुलो॥
क J.N. Banerjee—Hihdu Iconography, P. 445

पुस्तक बुद्धचरितमा(३४) कपिलवस्तुका राजा शुद्धोदनले बालक सिद्धार्थको विघ्न नाश गर्नाका निमित्त बृहस्पतिलाई मुख्य देउता मानी ग्रहमण्डलको पूजा गरेका थिए भन्ने वर्णन गरेका छन् । नवग्रहको उल्लेख याज्ञवल्क्यसूत्र, भविष्य-पुराण, विष्णुधर्मोत्तरपुराण, अग्निपुराण, अंशुमद्भेदागम, प्रतिष्ठालक्षणसारसमुच्चय, शिल्परत्न आदि ग्रंथहरूका साथै अश्वघोष, आर्यभट्ट तथा वाराहमिहिर जस्ता ज्योतिषीहरूले पनि यिनका बारे उल्लेख गरेका छन् । उपरोक्त ग्रंथहरूमा नवग्रहको रूप, रंग, मुद्रा, आयुध, चिनो र वाहन आदिमा मतको विभिन्नता छ । माथिका उक्त विषयमा मतभिन्नता भए पनि, मुख्यरूपमा उनलाई उभिएको अथवा बसेको मुद्रा-मा दुइ अथवा चार हात भएको भन्ने उल्लेख पाइन्छ । प्राचीन नेपाल तथा भारतमा मूर्तिको निर्माण यिनै पुराण तथा आगमका आधारमा गरिएको हुनाले माथि उल्लेख भएका विभिन्नता मूर्तिहरूमा पनि पाइन्छन् । तर राहु मूर्तिलाई(३५) लगभग सबै ठाउँमा कुंडभित्र उभिएको तथा नाभिभन्दा माथिसम्म मात्र देखाउने चलन छ(३६) कुनै-कुनै ठाउँमा केतुमूर्तिको जीउको तल्लो भाग सर्पाकार बनाइएको हुन्छ । जहाँसम्म तिनका वाहन र आसनको सवाल छ, ती निम्नबमोजिमका छन् । सूर्यको वाहन सप्तअश्व तथा एउटा पांग्रा भएको रथ, चन्द्रमाको वाहन दशघोडा भएको रथ, मगलको एउटा बाखो अथवा मयूर, बुधको कुक्कुर अथवा सर्प, बृहस्पतिको हाँस, शुक्रको भ्यागु-तो, शनिको गधा, राहुको अग्निकुण्ड र केतुको जीउको तल्लोभाग सर्पाकार हुन्छ ।

नवग्रहमूर्तिको प्रचार सौरसम्प्रदायको ख्याति तथा ज्योतिषविद्यामा बढ्ता अभिरुचि पैदा भएकोले होला । सूर्य ग्रहमण्डलमा सर्वभन्दा प्रमुख सदस्य भएकोले एउटा नेपाली अभिलेखमा(३७) उनलाई ग्रहनाथ भनिएको छ । सूर्य नै अन्य सबै ग्रहहरूको केन्द्र हो र सूर्यविना शायद कसैको पनि अस्तित्व रहनेछैन । त्यसैले होला नवग्रहमण्ड-लको मूर्ति बनाउँदा सूर्यलाई पहिलो स्थान प्रदान गरिन्छ, त्यसपछि क्रमैसंग चन्द्रमा र अरू ग्रहहरूका मूर्ति बनाइएका हुन्छन् । ग्रहहरूका मूर्ति बनाउँदा केतुको लगभग दशौं शताब्दी ई. सन् पछि मात्र थपिएको हो । बौद्धधर्मको प्रभा-वग्रस्त केही सय वर्षसम्म कांतिहीन भएको हिन्दूधर्मलाई पुनर्जीवन दिने श्रेय जुन भारतीय प्रशासक शुङ्गवंशलाई छ त्यसभन्दा धेरै पछि गुप्तकालमा मात्र अनेक हिन्दू देव तथा देवी मूर्तिहरूका साथै नवग्रह मूर्ति बनाउने पहिलो प्रयास गरिएको थियो । भारतमा सबैभन्दा पुरानो नवग्रह-मूर्ति सारनाथबाट पाइएको छ । त्यस मूर्तिलाई हाल भार-तीय संग्रहालय, कलकत्तामा राखिएको छ । बलौटे ढुंगाबाट बनाइएको उक्त मूर्ति पूर्वगुप्तकालीन हो । यसमा बृहस्पति, शुक्र, शनि र राहुका मूर्ति मात्र छन् । उक्त ग्रह मूर्तिभन्दा अगाडिका सूर्य, चन्द्र मंगल तथा बुधका मूर्तिहरू भाँचिएर हराइसकेका छन् । सारनाथका उक्त मूर्ति तथा भुवनेश्वर-का शिव तथा अन्य मंदिरहरूमा रहेका ग्रहमूर्तिहरूको अध्य यनबाट यस निर्णयमा पुग्न सकिन्छ– त्यस कालसम्म अष्ट-ग्रह मात्र थिए र केतुमूर्तिको निर्माण भएको थिएन । सार-नाथका ग्रहमूर्तिहरू सौम्य मुद्रामा उभिइरहेका छन् र तिन-का दुइ हात मात्र छन् । राहुको मूर्तिलाई नाभिभन्दा माथि मात्र देखाइएको छ, तथा उसका ठुलठूला आँखा बाहिर निस्कनै आँटेका जस्ता डरलाग्दा छन् र घुमाउरो कपाल-लाई फित्ताले बाँधी टाउकामाथि सिंगारिएको छ । बृहस्पति शुक्र र शनिका टाउकापछाडि प्रभामंडल, दाहिना हातमा पुष्प र बायाँ हातमा कमण्डलु छन् । शनिको बायाँ हात भाँचिएको छ र राहुका दुवै हात तर्पण मुद्रामा छन् ।

बंगाल र भुवनेश्वरका पूर्वकालका नवग्रहमूर्तिहरूमध्ये बृहस्पति र शुक्रका जुंगा छैनन् तर पछिल्ला कालका मूर्ति-हरूमा जुंगासमेत थपिएका छन् । पूर्वभारतका, खास गरी

३४. विश्वनाथ शर्मा भट्टराई–बुद्धचरित (नेपाली अनुवाद) पृ.–३६:

सं. भासुरं चाङ्गिरसादिदेवं यथावदानर्च तदायुषे सः । जुहाव हव्यान्यकुशे कृशाना ददौ द्विजेभ्यः कृशनं च गाश्च ।

३५. नेपालमा राहुमूर्ति मानदेव प्रथमको ई. सन्. ४६७ को लाजिम्पाट तथा तिलगंगाको विष्णुविक्रांत मूर्तिका साथमा तथा चाँगुनारायणको आठौं शताब्दी ई.सन्को र फर्पिङ्गको चौधौं–पन्ध्रौं शताब्दी ईश्वीका विष्णुवि-क्रांतमूर्तिका साथमा राहुमूर्ति कुँदिएका छन् ।

३६. नेपालका लाजिम्पाट, तिलगंगा, चाँगुनारायण, फर्पिङ्ग तथा भारतका बादामीबाट प्राप्त विष्णुविक्रांत मूर्तिका साथमा राहुको चित्रण गर्दा आकाशभित्र उसको जीउ-को तल्लोभाग ढाकिएको देखाइएको छ ।

३७. रेग्मी–भाग ४, संख्या–६१ (b) ग्रहनाथ राहुविहीन

बंगालबाट प्राप्त (पाल-सेन कालका) नवग्रहमूर्तिअगाडि गणेशको मूर्ति पनि थपिएको पाइन्छ(३८)। यस्ता गणेश-मूर्तिसमेत भएका नवग्रहमूर्ति कनकवीथि र पश्चिम दिनाजपुर (बंगाल) बाट प्राप्त भएका छन्। (३९)। दक्षिण भारतको टँजोर जिल्लामा सूर्यनारकोयल नाउको गाउं छ। त्यहाँ एउटा नवग्रहमंदिर छ जसमा सूर्यलाई प्रमुख देउता तथा अन्य ग्रहलाई उनका पंछ कुंदिएको छ। यो मंदिर लगभग एघारहौं शताब्दी ई. को हो(४०)। प्रसिद्ध भारतीय विद्वान् जे. एन. बनर्जीको पुस्तकमा(४१) नवग्रहको एउटा यस्तो फोटो छ जसमा एउटा रथको पांग्राभित्र जम्मै ग्रहहरू चारैतिर देखाइएका छन् र सूर्यलाई रथको मांझमा प्रस्तुत गरिएको छ।

नवग्रहमूर्ति एउटा अलग मंदिरभित्र स्थापित गरिएको पाइन्छ अथवा सूर्यमंदिरको गर्भगृहभित्र स्थापित गरिन्छ। कहिलेकहीं वर्गाकार ढुंगामाथि कुंदिएका अथवा ढोका-बाहिरका दलिनमाथि पनि मंगलसूचक चिह्नका रूपमा कुंदिएका पाइन्छन्। मध्यकालमा शिवमंदिरका भित्तामा वर्गाकार ढुंगामाथि कुंदिएका नवग्रहमूर्ति जडान गरिराख्ने चलन खूब चलेको थियो। नवग्रहमण्डल जैन मूर्तिहरू-शान्तिनाथ र नेमिनाथका वरिपरि अथवा एउटा छेउमा कुंद्ने पनि चलन छ(४२)। शायद यो चलन विघ्ननाश गरी शान्ति ल्याउने उद्देश्यले चलेको होला। मंदिरमा नवग्रहमूर्ति जडान गर्ने रिवाज मंदिरलाई प्राकृतिक प्रकोप-बाट सुरक्षा प्रदान गर्ने दृष्टिकोणले शुरु गरिएको होला। हामीलाई यो विदितै छ- मध्ययुगमा भक्तिवादको प्रभाव ज्यादैनै थियो र मान्छेमा देउताप्रति अगाध भक्ति थियो। त्यसैले पनि होला, राजदरबार तथा घर-घरमा अनेक देव-देवीका मूर्तिहरू स्थापना गरी राख्ने चलन चलेको थियो। भक्तपुर दरबारबाट प्राप्त एउटा अभिलेखमा(४३) उक्त कुराको खूब राम्रो चित्रण गरिएको पाइन्छ। उक्त अभिलेखअनुसार राजा भूपतीन्द्र मल्लले आफ्ना राजप्रासादमा भैरव, हरिहर, लक्ष्मीनारायण, हनूमान्, नाग, गरुड, आदिको निर्माण तथा प्रतिष्ठा गराई आफ्नो घरलाईनै स्वर्ग बनाए। यही भावना भक्तपुरबाट प्राप्त ने. सं. ८०५ को तथा पनौती ब्रह्मायनी देवलबाट प्राप्त ने. सं. ८३६ को अभिलेखहरूद्वारा पनि व्यक्त गरिएको छ(४४)। केही विद्वान्का विचारमा नवग्रहमूर्तिलाई मंदिरमा राख्दा त्यस बखतका राशिचक्रअनुसार मिलाएर राख्ने चलन थियो। यो कुरा यदि सत्य हो भने त्यसबाट मंदिरको निर्माणकाल बारे थाहा पाउन सकिन्छ(४५)।

नेपालमा नवग्रहमूर्ति चार किसिमका पाइएका छन्। भक्तपुर न्यातपौ देवलभन्दा दक्षिण एउटा चोकभित्र सूर्यमूर्ति मांझमा ठूलो आकृतिमा कुंदिएका तथा उनका दुवैतिर लाइनमा चार-चार ओटा अन्य ग्रहमूर्ति कुंदिएका छन्।

३८. गणेशसमेत भएको नवग्रहमूर्ति भक्तपुर दरबारबाट दक्षिणतर्फ भएर न्यातपौ देवल जाने गल्लीमा रहेको एउटा पुरानो नृत्येश्वरको आगमघरको द्वारको दुवैतिर काठमा कुंदिएको छ। दायांतर्फको पांच ओटा ग्रहमूर्तिसंग मिलाउन खोज्दा बायांतर्फ चन्द्रमा तथा तीनओटा अन्य ग्रहमूर्तिपछि अन्तमा गणेशमूर्ति कुंदिएको छ। मध्यकालीन नेपाली मूर्तिमा सानो गणेशमूर्ति थप्ने चलन निकै प्रचलित भैसकेको रहेछ। यस्तो गणेशमूर्ति काठमाडौं महाङ्काल स्थानको दक्षिण छेउमा रहेको सरस्वतीमूर्तिको पादभागमा पनि विद्यमान छ।

39. Bulletin of the Directorate of Archaeology, West–Bengal, 1963, Fig. No—20:

40. Gopinath Rao Elements of Hindu Iconography, vol—I, P—II, P—300:

41. J. N. Banerjee—Hindu Iconography, I.P.—443:

42. Basudeva Upadhyaya—The socio-Religious condition of North India; P—267:

४३. अभि. सं. भाग ४, पृ-१०: ने.सं. ८१८, मालतीचोक भक्तपुर दरबारको अभिलेख।
मालती चतुरसं. (स्त्रं) वा उभयं दर्शनं विदुः। भूयो नवीनं भवनं, भूपतीन्द्रेण निर्मितं॥ भैरवं शिखयायुक्तं हरिशंकररूपिणं। लक्ष्मीनारायणं राज्ञा प्रणाल्योपरि निर्म्मितं। ग्रहम् हनुमन्तं च नागं गरुडमूर्द्धतः। द्वारि नारायण स्थाप्य वैकुण्ठं निर्म्मितं गृहम्॥

४४. अभि सं. ७ पृ. २८:
स्वर्ण मूर्तिराशिनक्षत्रादि नानाप्रकार विचित्रित स्वर्गादप्यधिकमनोहर
रेग्मी भाग ४; ने.सं. ८३६ को ब्रह्मायनी मंदिरको अभिलेख।
स्वर्ण्ण मूर्ति राशिनक्षेत्र नाना प्रकार विचित्रित स्वर्ग्ग दिव्य मनोहर

45. G. N. Rao—ibid:

उक्त मूर्तिको विशाल आकृतिलाई हेर्दा यो प्रष्ट हुन्छ– त्यस मूर्तिको आफ्नो अलग मंदिर थियो जो कालगतिले गर्दा लुप्त भयो तथा कसैले त्यसको पुनर्निर्माण गराउने प्रयत्न गरेन । अर्को किसिमको नवग्रहमण्डल जसको पाद पीठमा अभिलेखसमेत छ, पाटन चकबहीलटोलमा एउटा शिवमंदिरभित्र छ (४६) । उक्त नवग्रहमण्डलको विशेषता यो छ– त्यहाँ प्रमुख स्थान चन्द्रमूर्तिले ओगटेको छ तथा उनका चारैतिर सूर्य र अन्य ग्रहहरू कुँदिएका छन् । तेस्रो किसिमका नवग्रहमूर्ति पद्माकार नवोटा ढुंगाद्वारा बनाइएका अथवा घर तथा आगमघरको मूलढोकाबाहिर माथि चौकोसमा ललाट बिम्बको दुवैतिर कुँदिएका पाइन्छन् । पद्माकार ढुंगा नेपालमा जतातते पाइन्छन् तथा पद्माकार काठका नवग्रहपरिवार भक्तपुर दत्तात्रेयदेवलनजीकका आगमघरका ढोकामाथि चित्रित गरिएका छन् ।

अर्को किसिमका नवग्रहमूर्ति भक्तपुर न्यातपो देवलभन्दा पूर्वदक्षिण तथा भैरवमंदिरभन्दा दक्षिणमा रहेको एउटा ढुंगेधाराको प्राँगनभित्र टुटेधारामाथि छन् । उक्त नवग्रहमूर्ति एउटा लामो वर्गाकार ढुंगामाथि कुँदिएका छन् (४८) भक्तपुरको ढुंगाधाराको प्राँगनमा रहेको उक्त मूर्तिसमूहको यहाँ विस्तृत वर्णन प्रस्तुत गरिंदैछ (४९) । त्यहाँ रहेको नवग्रहपरिवारमा क्रमशः सूर्य, चन्द्र, मंगल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु एउटै लाइनमा बसेको मुद्रामा छन् । तिनका मुखाकृति शान्त र आत्मचिंतनाको भाव प्रकट गरिरहेका छन् । त्यस मूर्तिशृंखलाको प्रथम, सूर्यमूर्ति, खुट्टामाथि खुट्टा राखि योगासन मुद्रामा बसेका छन् । उनको दुवै हात छातीसम्म उठेको छ र तिनमा दुइओटा कमलका पूर्ण विकसित पुष्प छन् । उनले करण्ड मुकुट र लामो बूट लाएका छन् । उनी सोझो भएर आँखा चिम्ली, समभंग मुद्रामा बसेका छन् । यसपछि चन्द्रमूर्ति छ, उनको पनि दुवै हात सूर्य जस्तै छातीसम्म उठेका छन् र तिनमा दुइओटा नीलकमल (नीलोत्पल) (५०) का पूर्ण विकसित र एउटा कोपिला तथा पातसमेत भएका पुष्प छन् । उनका अरू जम्मै वस्तु र मुद्रा सूर्य जस्तै छन् । मंगलमूर्तिको दाहिना हात अभयमुद्रामा र बायाँ हातमा पताकासमेतको शूल छ । उनले किरीटमुकुट लाएका छन् र उनका कपाल हावामा फहराइरहेका छन् । बुधमूर्तिको दाहिना हात अभय मुद्रामा र बायाँ हातमा तारधनुष छन् । बृहस्पतिको दायाँ हातमा अक्षमाला र बाया हातमा किताब छन् । शुक्रले दाया हातमा अक्षमाला र बायामा दुइओटा लामालामा पत्र भएको र बिड नभएका कमण्डलु समातेका छन् । शनिको दाहिने हात अभय मुद्रामा र बायाँ हातमा तीनओटा हाँगा भएको दण्ड (लट्ठी) छ । राहुलाई कुण्डभित्र उभिएको नाभिभन्दा माथिसम्म मात्र देखाइएको छ । उनको जीउको चारैतिर अग्निज्वाला छ, कानमा गोलो कुण्डल, दुवै हातमा दुइओटा गोलो पदार्थ (सूर्य र चन्द्र ?) मुखमा जुंगा र दाढी छन् । उनको कपाल काँगियाले कोरी ठाउँकोमाथि लगी एउटा गहना भएको फित्ता (रत्नपट्ट) ले बाँधी राखिएका छन्, उनका जम्मै पिउरी परेका केशपुञ्जलाई टाउकोमाथि बडो राम्रोसंग सिंगारिएको छ । राहुको मुख डरलाग्दो किसिमको छ किनकि उनले ठूलठूला आँखाले हेरिरहेका छन् । केतुको दाहिना हातमा खड्ग छ जसलाई उनले उचालेर हान्ने मुद्रामा टाउकापछाडि लगेका छन् र बाया हातले उत्तरीय (ओढनी) समातेका छन् ।

माथिका मूर्तिहरूलाई ध्यानले हेर्दा विशेषता र मुद्रा समान छन् तिनको वर्णन तल गरिन्छ । जहाँ सम्मन् बस्ने मुद्राको सवाल छ– सूर्य, चन्द्र, बुध, बृहस्पति र शुक्र खुट्टा-

---

४६. हेमराज शाक्य तुलसीराम वैद्य–मध्यकालीन नेपाल, अभि. सं. १०:

सम्वत् ५४९ माघपूर्णिमास्याया तिथौ पुष्यप्रअश्लेश नक्षत्रे सौभाग्यजोगे बृहस्पतिवासरे पौर्ण्णमात्रत प्रतिष्ठा दिन

४७. नेपालमा प्रायः घरघरमा सूर्यको प्रतिरूप पद्माकार-ढुंगाको पूजा गर्ने चलनले पनि पद्माकारढुंगाद्वारा नवग्रह परिवारको प्रतिरूप पूजा अथवा उक्त रूपमा नवग्रह बनाउने चलनलाई प्रमाणित गर्दछ ।


४८. यिनका अलावा नेपालको तराईभाग त्रिवेणीनजीक रहेको फुलबरिया प्रहरी चौकीनजीक पनि एउटा मान्यदेव–हरिसिंहदेव कालीन कालो ढुंगामा कुँदिएका नवग्रहमूर्तिसमूह छन् । सूचना–श्री जनकलाल शर्मा, पुरातत्व विभाग ।

४९. फलक–१क ।


५०. नीलोत्पलको वर्णन मानदेवको चाँगुस्तंभमा निम्नबमोजिम गरिएको पाइन्छ ।

भगवानलाल इन्द्रजी संख्या-१, संवत्–३८६:

पीनांसो विकचासितोत्पलदलप्रस्पर्द्ध आयतेक्षणः



भक्तपुर न्यातपोल देवलनिरको ढुङ्गे धारामा रहेको नवग्रहमूर्ति



क, ललितपुर सौगल टोलमा रहेको सूर्यमूर्ति ।



ख, ललितपुर सौगल टोलमा रहेको चन्द्रमूर्ति ।

माथि खुट्टा राखी बसेका छन्, तर मंगल र शनिले बायाँ खुट्टा टेकी घुंडा उचालिराखेका छन् । केतुको दाहिना खुट्टा भाँचिएको छ र तिनौटैको एउटा एउटा खुट्टा पलेटीका मुद्रामा छन् । राहुबाहेक अरू जम्मै ग्रहका पछाडि प्रभामण्डल(३७) छन् र जम्मै साधा आसनमाथि बसेका र कसैको पनि वाहन छैन । सूर्य, चन्द्र, बृहस्पति, शनि र राहुका मुख र जीउ समभंगमुद्रामा छन् तर मंगल, शुक्र र केतुका टाउका अलि पछाडि झुकेका छन् । बुधको टाउको अगाडिनै झुकेको छ । यसरी मंगल, बुध, शुक्र र केतु बांगो, द्विभंगमुद्रामा छन् । फेरि सूर्य, चन्द्र, बृहस्पति र शुक्रका मुकुट एउटै किसिमका छन्, अर्थात् तिनका मुकुट धेरै खण्डमा विभाजित भएका र माथि क्रमशः सानो हुँदै गएका तथा अगाडि श्रीपेच लाएका लामा टोप जस्ता छन्, यसलाई करण्डमुकुट भनिन्छ । तर बुध, शनि र केतुका मुकुट अगाडि श्रीपेच भएका र टाउकामाथि गोलो पगडी जस्ता छन् । यो किरीटमुकुट हो । मंगलको शिरमा श्रीपेच छ तर माथि टोपी तथा पगडी छैन । यसै गरी राहुले पनि मुकुट लाएका छैनन् र उनको कपाल फीताले बाँधिएको छ, जसमाथि एउटा त्रिखण्डी गहना, रत्नपट्ट छ। सूर्य, चन्द्र र राहुबाहेक अरू जम्मै ग्रहहरूले द्विधर्के यज्ञोपवीत (जनै) लाएका छन् ।

भक्तपुरका नवग्रहमूर्तिमा प्राचीन मूर्तिकलाका केही विशेषताहरू छन्, उदाहरणस्वरूप निर्वस्त्र जीउ, सादा आसन, द्विओटा मात्र हात हुनु तथा राहुका सादा कुण्डल, घुमाउरो केश, केशलाई बांध्ने फीता, इत्यादि वस्तु लिच्छवि (अथवा भारतीय गुप्त) कालीन विशेषता हुन् । यिनमा माथिल्ला केही लिच्छविकालका विशेषता भए पनि ग्रहपरिवारमा केतुको चित्रण, गोलो मुख, शृंगारयुक्त बिड नभएको कलश र कलशलाई समात्ने तरीकाको चित्रण तथा कमल र नीलकमलका ठूलठूला पुष्प आदि विशेषता लिच्छविकालभन्दा पछाडि देखापर्दछन् । यसरी माथिका विशेषताहरूका आधारमा उपरोक्त नवग्रहपरिवार मूर्तिको काल लगभग तेह्रौं शताब्दी ई. सन् निर्धारित गर्न सकिन्छ(३८) किनकि उत्तरमध्यकालीन विशेषताहरू शृंगारको अत्यन्त प्रधानता, दुइभन्दा बढी हात बनाउने र कमलासन आदि यहाँ पाइंदैनन् ।

मूर्तिकलाको दृष्टिकोणबाट भक्तपुरका यी मूर्तिहरू अत्यन्त राम्रा र प्राचीन परम्पराका हुन् तथा यिनका आयुध र अनेक विशेषताहरू पुरातत्व विभागका बीर पुस्तकालयमा रहेका हस्तलिखित ग्रंथ "प्रतिमालक्षणसार समुच्चय" र त्यहींबाट प्रकाशित "देवताचित्रसंग्रह" ग्रंथहरूमा नवग्रहको वर्णन र चित्रणसंग ज्यादै मिल्दछन् ।

---

३७. भक्तपुरका नवग्रहमूर्ति पछाडिका प्रभामण्डल द्विभागमा विभाजित छन् । भित्रको खण्डमा मोतीमाला जस्तै शृंगार छ तथा बाहिर अग्निज्वाला छ ।

३८. यहाँ यो स्मरणीय छ– त्यहीं कुंगेधारानजीक यक्ष मल्लको एउटा अभिलेख छ । यद्यपि त्यस अभिलेखसंग उक्त मूर्तिको सोझै कुनै संबंध छैन तापनि त्यसबाट उक्त मूर्तिको कालको अनुमानमा सहायक हुन सक्दछ ।

# भक्तपुरको मल्लकालको ऐतिहासिक ताडपत्र

-शंकरमान राजवंशी

## वि. सं. १६१६ को मणिक जिव भारोको ताडपत्र

**परिचय**

वि.पु.च.नं. ३४७ को यो ताडपत्र हो। यसको लम्बाइ १ फुट पौने ५ इञ्च र चौडाइ साढे १ इञ्च छ। बीच बीचमा पाँचिएको छ। लेख ३ पंक्तिका छन्। छेउमा माटाको छाप छ। छापको बीचमा स्वस्तिक चिह्न र त्यसका वरिपरि अष्टमङ्गल अङ्कित छ। लिपि नेवारी छ। यो पत्र भीमराजलाई जिवराजले बारी वेची गरिदिएको हो।

**मूल भाग**

(१) ॐ श्रेयोस्तु ॥ सम्वत ६७९ श्रावण कृष्ण चतुर्दश्याम्तीथो। श्री खर्व्वं भुम्याम् श्री वान्दीमस्याने जेल टोलकाधिवासिने ग्राहृकं भिमराज भोरोकस्य नाम्ना सकासात अत्रेव स्थाने पूलटोलके वास्तव्यं धार्ण्णक मनिक जिव भारो कमला...

(२) भुमेन पश्चीमत गड प्राकार भुमेन उत्तरत पूर्व्वत मूर मार्गेण दक्षीणततश्च एतन मध्ये जेल टोलंटोल महावलि चोगडक्व वाटिका धार्ण्णकया अधिकारी दक्वस स्वरोछ दिवोपंथू प्राकारण सहित जूरो ततवेजन वारी (का)

(३) सुवर्ण मूलेमाद्दाय क्रयविक्रेय स्वाधिवेन क्रयन विक्रीयनम्भवतिः यध्यस्या देवीक रात्रिक व्याघात परेण तदा धार्णकेन स्वयं परिसोधनिय अत्रार्थे दृष्टश्रूत साखि स्वटोल मया भारो लिखितं कायस्थ शुभम्।

## वि.सं. १६१९ को गङ्गादेवी, त्रैलाक्य मल्ल, त्रिभुवन मल्लको ताडपत्र

**परिचय**

वि.पु.च.नं. ३४७ को यो ताडपत्र हो। यसको लम्वाइ १ फुट पौने ५ इञ्च छ। चौडाइ साढे १ इञ्च छ। लेखमा ४ पंक्ति छन्। छेउमा माटाको वाटुलो छाप छ। छापको बीचमा खड्ग, त्यसको दायांपट्टि श्री तथा चन्द्रमा र बायांपट्टि श्री तथा पूर्ण अङ्कित छन्। लिपि नेवारी छ। यो पत्र मुमा महारानी गंगादेवी, राजा त्रैलोक्य मल्ल र त्रैलोक्य मल्लका भाइ त्रिभुवन मल्ल भई चित्रकार जागी भन्नेलाई घरबार बेचो गरिदिएको हो। यसमा साक्षी उद्धवसिंह भारो छन्।

**मूल भाग**

(१) ॐ स्वस्ती ॥ श्री श्री जय गङ्गादेवि ठकुरिणि सन श्री श्री जय त्रैलोक्य मल्ल देव प्रभू ठाकुर सन श्री श्री जय त्रिभुवन मल्लदेव प्रभू ठाकुर सन प्रसादारपा गृह मंडले सिमन् निहेरकस्य गृहेण पश्चीमत ग्राहृकस्य गृहेण उत्तरत जय सिराज २ कसं

(२) ज्योति राज किताजकस्य गृहेण दक्षिणतश्च एतन मध्येयं छ टोल थंगा मननिया लिविछेछ खावोल कवो थं नक्व लिखिन सहित यो थ्व कें वान सहित जूरो तत्गृह मध्य उर्व्व वसि

द्वाराङ्गनस्य दनिका गवाक्ष स्थापन मार्ग धारा पू – – –

(३) गं तत् यथा देश काल प्रवर्तमावेन स्तथा संचारार्धेण सूवर्ण पुष्प मालार्घ प्रढौकित मादाय क्रयविक्रय स्वाधिवेन क्रयेन विक्रियतम् भवति । श्री स्वयंभूम्यां श्री शिवगल स्थाने यंछेटोल गृहाधिवासिन चंत्रकार जोगि नाम्नेन प्रसादीदिकृतं –

(४) अत्रार्थे दृष्ट साक्षी ।
उद्धव सिंह भारो लिखिति कायस्थ हरि सम्बत् ६८३ कार्तिक सुधि १२ शुभ

## वि.सं. १६१५ को र १६३९ को त्रैलोक्य मल्ल र त्रिभुवन मल्लको ताडपत्र

**परिचय,**

वी.पु.व.नं. ३४७ को यो ताडपत्र हो । यसको लम्बाइ १ फूट १० इन्च र चौडाइ सवा १ इन्च छ । लेखमा ४ पंक्ति छन् । छेउमा माटाको छाप छ । छापको बीचमा खड्ग, त्यसको दाँयापट्टि श्री तथा चन्द्रमा बायाँपट्टि श्री तथा सूर्य अङ्कित छन् । लिपि नेवारी छ । पछिल्तिर बक्टो लेखिएको छ । यो पत्र त्रैलोक्य मल्ल र त्रिभुवन मल्ल भई कुसुमचा दुवारलाई खेत जग्गा बेची गरिदिएको हो । साक्षी विश्वसिंह भारो छन् ।

**मूलभाग,**

(१) ॐ स्वस्ती ।। श्री श्री जय त्रैलोक्य मल्ल देव प्रभुठाकुरसन श्री श्री जय त्रीभुवन मल्ल देव प्रभुठाकुरसन प्रसादारपा स्थानस्य वायुव्य दिश प्रदेशे सोल्यमार्गेण पश्चिमत भिम केशदेवश्व क्षेत्रेण उतरत हर्षाजकस्य क्षेत्रेण पुर्वत जगत सिंहकस्य श्री श्री राजठाकुर कस्य क्षेत्रेण दक्षी णतस्य एतनमध्ये गमदव्व क्षत्र नाम संधेयं तस्य क्षेत्राङ्क

(२) त्रिरोपनिकं रोव ३ वयूवलन सहित जूरो तत् क्षेत्र यथा देशकाल प्रवर्तमानस्तथा संचारार्धेण सुवर्ण पुष्प मालार्धं प्रढौकृत मादाय क्रयविक्रय स्वाधिवेन क्रमेण विकृततम् भवति ।। श्री स्वयं भूम्यां श्री शिवगल स्थावे धाछेटोल गृहाधिवासिन कुसमचाज दुवार नाम्नेन प्रसादिकृतम् अत्र पत्रार्थे दृष्टसाक्षी

(३) विश्वसिंह भारो लिखिति कायस्थ हरि सम्वत् ६७९ पौख शुद्धी १ शुभ
भूमपन भाखा वंधू श्री श्री राजल्वेयेथू जयसिंराम संजयाल्वेयाथू जयसु पसिया ल्वयंथूलं एतन मध्ये दाशि टोखा ल्पनाम संध्येयं तस्य क्षेत्रा द्विरोपनिकं रो २ सिन्हा छल ल्वरोव छि १ सहित जूरो थ्वते श्र पतिसं ह्रास्यं प्रसन्न जूया जूरो थ्वतेया शाक्षी श्री लापालदेब लिखिति का

(४) यस्य हरि ।। सम्वत् ७०२ ज्येष्ठ शुदि ९ शुभम

# काठमाडौं मल्लकालको ऐतिहासिक पत्र

## वि.सं. १६२४ को महेन्द्र मल्लका पालामा पद्मनाथले राखेको तामापत्र

**परिचय**

यो तामापत्र काठमाडौं असनटोल बस्ने कंपनिका भन्ने कुसलेको हो । त्यसको छापा वीरपुस्तकालयको संग्रहमा रहेको छ । लम्वाइ ११ इन्च र चौडाइ पौने २ इन्च छ । लेख पंक्ति छन् । लिपि नेवारी छ । (यो पत्र पद्मनाथले दिवंगत भाइको नाममा सुवर्ण छत बनाई राखिदिएको हो) देवताको नाममा छापामा अस्पष्ट छ ।

**मूल भाग**

(१) स्वस्तीश्री मन्वेयाराधिप श्री महाराजाधिराज परमेश्वर परम भट्टारक श्री श्री जय महेन्द्र मल्ल देव प्रभु ठाकुलस विजये – – – –

(२) सम्वत् ६८८ कार्तिक मासे शुक्ल पक्ष चतुर्दश्याम् तिथौ रेवति नक्षत्र आयुष्मान् योग बथा कर्ण मुहुर्त्ते वृहस्पतिवासरे एतद्दिवे

(३) श्री रोषगाकुका समासे उपढौकृत दानपति पद्मनाथन दिवंगत भ्राता मयानाथन सुवर्णछेपदकूट दयकं तनौक

(४) श्री यदुनाथन तिपाररोव तहील दायकं दोहोर-पा जुरो थ्व दोहोरपा या पुण्यहुलन दिवंगत भ्राता ध.

(५) त्रुतर मोक्षेपद आरोग्यपद भवतु। दानपति जजमान समस्त परिवाराणां आयुआयोग्य जन-धन संतान वृद्धीरस्तु,

## वि.सं. १७८८ को जगज्जय मल्लको ताडपत्र

**परिचय**

यो ताडपत्र वीरपुस्तकालयमा बिक्रीका निमित्त आएको हो। यसको लम्बाइ १ फुट १० इन्च र चौडाइ एकापट्टि सवा १ इन्च तथा अर्कापट्टि डेढ इन्च छ। लेखमा ४ पंक्ति छन्। लिपि प्रचलित नेवारी छ। यसमा बाटुलो माटाको छाप छ। छापको बीचमा खड्ग अङ्कित छ। त्यसको वरि-परि "श्री २ जगज्जय मल्ल" लेखेको छ। (यो पत्र राजा जगज्जय मल्लले नघलका दैवज्ञ सिद्धिराजलाई जग्गा बेची गरिदिएको हो।) साक्षी जगज्जय मल्लका छोरा जयप्र-काश मल्ल छन्।

**मूल भाग**

(१) स्वस्ती ॥ श्री मत्पशुपति चरण कमल धुलि धूसरित शिरोरुह श्री मन्मानेश्वरीष्ट देवता वरलब्ध प्रसाद देदिप्यमान मानोन्नत श्री रघुवंसावतार रविकुल तिलक हनुमद्ध्वज नेपा-लेश्वर महाराजाधिराज राजेन्द्र सकल चक्रा-धिश्वर निजेष्ट देवदेवेश्वरि कृपा कटाक्ष वलित विक्रमोपार्ज्जीत वारणाकर समूद्भूत गजे

(२) द्रपति श्री श्री जय जगज्जय मल्लदेव परम भट्टारक देवानाम् सदा समर विजयिनां प्रभु ठाकुर सन श्रीमत्कान्तिपुर महानगरे यंबु भूमौ नवञ्चल तीलखल चूकननि एता छेमा दैवज्ञ सिद्धिराज नाम्ने प्रसादिकृतं स्थानस्य पूर्व्व दिशि प्रदेशे हिज्याषूसि दोखु क्षेत्र नाम संज्ञके धारणया क्षेत्रन पश्चीमतो उत्तरतो दक्षीणत,

(३) श्र एतेषां मध्ये थ्वते चात्रा घाटन लुषड्रोपनिकं क्षत्रायंकतोपि बुरो ६ ततः क्षेत्रस्य यथादेश-काल प्रवर्तमान संचालार्घेन सुवर्ण मूल्य चतु-र्पञ्च सताधिक त्रिशत जगज्जय मल्ली टंका ३५४ मादाय वतुकं न्यायेन क्रियन विक्रीतं भवति ॥ पतिग वोसधिनोकरं ७० योतिकाया ओयाकि

(४) माकुत बुथुल यातं विया। अत्रपट्टाथ इष्टसाक्षी श्री श्री श्री जयप्रकाश मल्ल देव सम्वत ८५१ आश्वीण शुदि १२ शुभम्

# नेपालमा कार्त्तिकेय एक अध्ययन

-हरिराम जोशी

वैदिक कालमा इन्द्र र शिव क्रमिक रूपले युद्धको देवता(१) भए तापनि महाकाव्य र पुराणकालमा कार्त्तिकेय युद्धको देवताको रूपमा रहेका थिए, जस्तो यूनानमा मार्स युद्धको देवता(२) थिए। यसरी वैदिक समयमा कार्त्तिकेय कुनै खास महत्वका देवता नभए तापनि महाकाव्य पुराणकालमा यी देवताको महत्वमा उल्लेख योग्य रूपले अभिवृद्धि भएको थियो। स्वयम् भगवान् कृष्ण र हरि कार्तिकेयको सेवकको रूपमा रहेको(३) तथा शिवले तिनको शिष्यको रूपमा रही ॐ अक्षरको ज्ञान हासिल गरेका थिए।(४) फेरि अष्टादश पुराणहरू मध्ये एक कार्त्तिकेयसितै सम्बन्ध राख्ने हुँदा पनि पौराणिक कालमा तिनको ख्याति यथेष्ट मात्रामा बढेको कुरा विदित हुन्छ।(५)

कार्त्तिकेयको जन्मबारे विभिन्न प्रकारका वर्णन उपाख्यानहरूमा भेट्टिन्छन्। कार्त्तिकेयलाई शिव, अग्नि, उमा, स्वाहा, गङ्गा, षटकृत्तिका आदि विभिन्न देवदेवीहरूका आफ्आफ्नै पुत्रको रूपमा वाल्मीकि रामायण, महाभारत, पुराण तथा अमरकोश, मेघदूत, रघुवंश औ कुमार सम्भव महाकाव्यहरूमा निश्चित गरिएका छन्।(९) जुन युक्तिप्रद लाग्दैन। किनभने एक व्यक्तिको भौतिक जन्म कुनै कुनै निर्णीत आमाबाबुका अतिरिक्त अनेकौं मातापिताहरूको अस्तित्व स्वीकार्न नसकिने कुरा प्रष्ट छ। तर, ती सबै वर्णनहरूको साथै कार्त्तिकेयको गहिरो अध्ययनमा यस तथ्यको छाप स्पष्टतया प्रतिविम्ब नभएकै परिलक्षित हुन्छ। कार्त्तिकेय कुनै एक देवताविशेषकै मात्र सन्तति नभएर अद्वैत त्यो विराट् परब्रह्मकै सिर्जना थियो, त्योनै साँचो मानेमा परब्रह्म पनि। कार्त्तिकेयको जन्मविषयक उक्त उपाख्यानहरूले मनुष्यले एक दोस्रोमा घृणा द्वेषको साटो प्रेम समर्पित गर्नुको अतिरिक्त स्वयं आफूनै विचार्नुपर्ने आवश्यकतातिर इङ्गित गरेका छन्। देखेमा धूल हो फूल, नदेखे फूल धूल हो। यसरी कार्त्तिकेयबारेका अनुश्रुतिहरू अनेकत्वको साटो एकत्वको भावना सिञ्चन गर्दै वैदिक समयदेखिनै प्रचलित हुँदै आएको अद्वैत सिद्धान्तको साकार स्वरूप बनेर मनुष्यलाई उक्त भावनानुकूल एक नयाँ जिन्दगी बसर गर्ने प्रेरणाश्रोत छन्।

कार्त्तिकेयको जन्मसित सम्बन्धित रामायण, महाभारत तथा पौराणिक उपाख्यानहरूमा शिवको वीर्यमा अग्निको प्रवेश तथा उक्त वीर्य छ दिनसम्म घडामा अवस्थित रही पछि मनुष्याकृतिमा कार्त्तिकेयको जन्म भएको(७) भन्ने कथनले आधुनिक विश्वमा विद्युत् उष्णको राम्रो संचालनद्वारा फुलबाट एक्काईस दिनमा मात्र काढ्ने चल्ला चौबीस घण्टामै निकाल्ने वैज्ञानिक उपलब्धि आजको विज्ञानको मात्र खास देन नरही हाम्रो प्राचीन मनीषीहरूद्वारा प्रतिपादित ज्ञानविज्ञानको पहिलो उद्घोष रहेको कुरा प्रकट हुन्छ। अर्को, ऋषिपत्नीहरूसित मोहित भएका आफ्नो प्रेमी अग्निको प्रेम आफूतिर आकर्षित गर्ने हेतुले दक्षकी छोरी स्वाहाले वशिष्ठकी पत्नी अरुन्धतीबाहेक अन्य छ ऋषिपत्नीहरूको अभिनयद्वारा अग्निलाई वशीभूत पारी आफ्नो यौनसन्तुष्टि लिएकी थिइन्।(८) उक्त ६ कृत्तिकाहरूको अभिनयद्वारा पाइएको हुंदा पनि कार्त्तिकेयलाई षाण्मातुरः, षडाननः भनिएको हुनु धेरै सम्भव छ। किनभने एक व्यक्तिको भौतिक शरीरको जन्म छ जना स्त्रीको शरीरबाट एकै चोटी भएको स्वीकार्नु व्यावहारिक लाग्दैन। बरु आमाको गर्भमा बसेको बेलादेखिनै मानिसलाई आमाको स्वभावले प्रभाव पार्ने हुँदा स्वाहाको अग्निसित ६ कृत्तिकाहरूको अभिनयसाथ गर्भाधान संस्कार सम्पन्न भएकोले कार्त्तिकेयमा पनि ती कृत्तिकाहरूको चारित्रिक छाप पर्नु विज्ञानसम्मत लाग्दछ। जसको कारण पनि कार्त्तिकेयलाई षाण्मातुरः, षडाननः को संज्ञा दिइनु प्रतीत हुन्छ।

वैदिक साहित्यमा कार्त्तिकेयको बारे कुनै उल्लेख आएको अहिलेसम्म नदेखे तापनि महाकाव्य एवं पौराणिक

कालमा तिनको ख्याति यथेष्ट मात्रामा बढेको कुरा माथि वर्णन भैसकेको छ । अष्टादश पुराणहरूमध्ये एक स्कन्दपुराण पनि रहेको छ जसको वर्तमान संस्करण अनुमानित चारौं शदी ईको प्राप्त भएको छ ।(९) नेपालको राष्ट्रिय अभिलेखालयमा रहेको ताडपत्रमा लिखित स्कन्दपुराण सातौं शदी ईको मानिन्छ ।(१०) फेरि कार्तिकेय द्वितीय शताब्दी ई. पू. मै. ज्यादै लोकप्रिय देवता भैसकेको कुरा पतञ्जलिकृत महाभाष्यद्धारा स्पष्टतया जानिन्छ ।(११) त्यसमा मौर्य सम्राट्हरूको समयमै शिव, स्कन्द आदि देवताका मूर्तिहरू राष्ट्रिय आम्दानीको अभिवृद्धि गर्ने ध्येयले बिक्रीको लागि निर्माण गरिने कुराको उल्लेखबाट चारौं शदी ई.पू.मै. कार्तिकेयका मूर्तिहरू निर्माण गरिन लागेको कुरा जानिनुका(१२) अतिरिक्त वर्तमान विश्वमा सर्वाधिक रूपले प्रचलित रहेको हस्तकला व्यवसायको प्राचीनता स्पष्टतया थाहा हुन्छ ।

साहित्यिक आधारमा कार्तिकेयको प्राचीनता महाकाव्य एवं पौराणिक कालदेखिनै भएको देखिए तापनि पुरातात्विक आधारमा कार्तिकेयबारे खृष्टाब्दको प्रारम्भदेखि मात्र हामीलाई ज्ञान हुन्छ । कुषाणसम्राट् हुविष्कका मुद्राहरूमा कार्तिकेयको मूर्ति उत्कीर्ण गरिनुको अतिरिक्त स्कन्द, कुमार, महासेन, विशाख आदि कार्तिकेयका विभिन्न नामहरू उत्कीर्ण गरिएका छन् ।(१३) हुविष्कका मुद्रामा उत्कीर्ण गरिएको उपरोक्त नामहरूको अध्ययनबाट ती तीनै नामहरूले तीन भिन्न भिन्न देवताहरूलाई बुझाएको कुरा चाल पाइन्छ । यसरी कुशाणसम्राट्का मुद्राहरूमा उत्कीर्ण गरिएका उक्त तीनै देवताहरू पछि आएर मात्र एउटै कार्त्तिकेयमा गणना गरिएको हो भन्ने कुरा स्पष्टतया थाहा लाग्छ ।(१४)

ई. को द्वितीय, तृतीय शताब्दीतिरका यौधेय गणका मुद्राहरूमा पनि कार्तिकेय तथा तिनकी शक्ति देवसेना (?) का मूर्तिहरू उत्कीर्ण गरिएका छन् । नेपाल खाल्डाको थानकोट भेकमा प्राप्त भएको यौधेय गणको एक मुद्रा यो लेखकको संग्रहमा छ । उक्त मुद्राको उर्ध्व भागमा शूल हातमा लिएर उभिइरहेको कार्तिकेय तथा तिनको वाहन मानिएको मयूरको आकृति अंकित गरिनुको अतिरिक्त यौधेय गण भनी स्पष्ट उल्लेख गरिएको छ त अधो भागमा हिड्न लागेकी देवसेनाको मूर्ति र एक कलशको आकृति अंकित गरिएको छ । यसबाट यौधेयहरू कार्तिकेयका उपासक रहेको कुरा जानिन्छ ।(१५) नेपालमा यौधेयगणको मुद्राप्राप्तिले साहित्यिक आधारमा नेपालको भारतसित व्यापारिक सम्बन्ध चारौं शताब्दी ई.पू.मै भएको(१६) देखिए तापनि पुरातात्विक आधारमा यसको पुष्टयाईं द्वितीय, तृतीय शताब्दी ई. देखि भएको कुरा प्रमाणित हुन्छ ।

पाँचौं, छैठौं शताब्दी ई.पू. का पाणिनिकृत अष्टाध्यायी ग्रन्थमा यौधेयगणको उल्लेख आउनु(१७) तथा छैठौं शताब्दी ई.पू. मा लिच्छविहरूको गणराज्य वैशालीमा कायम भएको कुरा बौद्ध एवं जैन ग्रन्थहरूबाट विदित हुन आएकोले(१८) ती दुवै जातिको बीच पूर्व प्राचीन कालदेखिनै सुसम्बन्ध स्थापित भएको कुरा अनुमान हुन्छ । जसको फलस्वरूप पछि लिच्छविहरूले नेपालमा गणतन्त्रमा आधारित राजतन्त्र स्थापित गरेको समयमा पनि ती दुई जातिको बीच प्राचीन सुसम्बन्धको कारण मैत्रीपूर्ण व्यापारसम्बन्ध स्थापित हुनु धेरै सम्भव छ । उत्तर प्राचीनकालीन लिच्छविराजाहरूका मुद्रामा यौधेयगणका मुद्राको प्रभाव स्पष्ट रूपमा देखिएबाट पनि ती दुई जातिका बीचको मैत्रीपूर्ण सम्बन्धको पत्तो हुन्छ ।(१९) यसरी नेपालमा उक्त यौधेयगणको मुद्राप्राप्तिले पुरातात्विक आधारमा द्वितीय, तृतीय शताब्दी ई. देखिनै नेपाल एक व्यापारिक मुलुकको रूपमा अवस्थित भइसकेको कुरा विदित हुन्छ ।

पाँचौं शताब्दी ई. का गुप्तसम्राट् कुमार गुप्तका गुप्त संवत् १२४ (४४३-४४ ई.) को रजतमुद्रामा कार्तिकेयको वाहन मयूरको आकृति उत्कीर्ण गरिएको पाइनुको(२०) साथै कुमार गुप्तले आफ्नो छोराको नामनै कार्तिकेयका विभिन्न नामहरू मध्ये एक स्कन्दको नामबाट स्कन्द गुप्त नाम राखेको देखिएकोले कुमार गुप्त कार्त्तिकेयका अनुयायी रहेको कुरा बोध हुन्छ । कुमार गुप्त प्रथमको भिलसद शिलास्तम्भलेखमा ध्रुव शर्म्माले भिलसदमा स्वामी महासेनको मन्दिर निर्माण गरेको कुरा वर्णित छ ।(२१) पाँचौं शताब्दी ई. का पुरु गुप्तको विहार शिलास्तम्भलेख तथा सोही शताब्दी ई. को शान्ति वर्म्मनको समयका ताल गुन्द शिलास्तम्भलेखहरूमा कार्तिकेयका क्रमशः स्कन्द औ खडानन नामहरू उत्कीर्ण गरिएका छन् ।(२२) संक्षिप्त शक संवत् १५९ (७३७ ई.) को जयदेव द्वितीयको पशुपतिको अभिलेख(२३) तथा अनुमानित आठौं शताब्दी ई.

को नक्साल नारायणचौरको अभिलेखमा (२४) कार्तिकेयका षण्मुख र स्वामिकार्तिक नामहरू कुँदिएका छन्। दोलाशिखरस्थित बाह्रौं शताब्दी ई. को एक पादपीठलेखमा विशाख (२५) (कार्तिकेयको एक नाम) आदि देवताहरू प्रातिष्ठापन गरिएको कुरा उल्लिखित छ।

भारतका एलोरा गुहा, ऐहोल, कुम्भकोनम्, मद्रास म्यूजियम, मदुरा आदि विभिन्न स्थानहरूमा कार्तिकेयका भिन्न–भिन्न प्रकारका मूर्तिहरू पाइएका छन्। (२६) मदुरा एवं ऐहोलका मूर्तिहरू क्रमशः कार्तिकेयको देवसेनासित सम्पन्न भएको विवाह तथा आफ्नो शक्त्यायुधद्वारा कार्तिकेयले तारकासुर वध गरेका घटनाहरूसित सम्बन्धित छन्। (२७) कुम्भकोणम्स्थित उभिइरहेको कार्तिकेयका मूर्तिको दायांबायां उनकी देवसेना र वल्ली दुवै शक्तिहरू उभिइरहेका देखिनुको अतिरिक्त कार्तिकेयका दुई हात कुखुरा र शक्त्यायुधले युत छन् त अर्का दुई हात वरद औ अभय मुद्रामा छन्। (२८) कार्तिकेयका मूर्तिहरू उत्तरभारतको अनुपातमा दक्षिणतिर अत्यधिक मात्रामा पाइएका छन्। यसरी भन्दैमा उत्तरतिर कार्तिकेयका मूर्ति एवं उल्लेख छंदैछैन भन्ने भने होइन। अनुमानित छैठौं, सातौं शदी ई. को कार्तिकेयको एक मूर्ति वाराणसीस्थित भारत कलाभवनमा राखिएको छ। (२९) वलभीका मैत्रककालीन कोटचर्कस्थित छैठौं शताब्दी ई. को एक मूर्तिमा उमा र नोकरनीको कांधमाथि चढेको बालक स्कन्द कुंदेको देखाइएको छ। (३०) यद्यपि उत्तर प्राचीनकालीन नेपालका कार्तिकेयका अलग मूर्तिहरू अहिलेसम्म कुनै प्राप्त नभए तापनि तत्समयका उमामहेश्वरका मूर्तिहरूमा कार्तिकेय पनि गौणदेवताको रूपमा उत्कीर्ण गरिएका छन्। सांखुस्थित एक मूर्तिमा कार्तिकेयको मूर्ति पनि उत्कीर्ण छ। (३१) कुमारसम्भव महाकाव्यको आधारमा कुंदिएको अनुमानित पांचौं, छैठौं शताब्दी ई. को काठमाडौं नःघल टोलस्थित शिलाखण्डमा महादेव र पार्वतीको बीच बालक कुमारको आकृति उत्कीर्ण गरिएको छ। (३२) मध्यकालीन नेपालको शुरु–शुरुमा पनि कार्तिकेयका मूर्तिहरू उमामहेश्वरका मूर्तिहरूमा उत्कीर्ण गरिने चलन रहेको कुरा ने.सं. १०७ तथा ने.सं. १३२ का ल.पु. कुम्भेश्वर धायबु तथा ल.पु. टंगाल गंचाननीस्थित उमा–महेश्वरका मूर्तिहरूको अध्ययनमा स्पष्टतया थाहा पाउन सकिन्छ। (३३) अनुमानित एघारौं, बाह्रौं शताब्दी ई. को कार्तिकेयको एक अलग मूर्ति ल.पु. सुन्धारामा प्रतिष्ठापित गरिएको छ। (३४) पूर्व १ नंबर धूलिखेलस्थित पन्ध्रौं शताब्दी ई. तिरको गौरीमूर्तिको काखमा ६ शिरयुत कार्तिकेय तथा गणेशका मूर्तिहरू उत्कीर्ण छन्।

फेरि, नेपालमा कुनै पनि देवताको पूजा गर्ने क्रममा अद्यापि सर्वप्रथम कार्तिकेयको नाममा घरको मूलढोकाबाहिर पूजा गर्ने चलन चलेको पाइनु, कार्तिक पूर्णिमाको भोलिपल्ट परेवाको दिन पशुपतिमा कार्तिकेयको दर्शन गर्न जाने जस्ता चलन चल्नु आदिको अतिरिक्त नेपालमा प्रचलित विभिन्न चाडहरू मध्ये एउटा कार्तिकेयको नाममा अद्यापि चलेको छ जसलाई कुमार षष्ठीको संज्ञा दिइएको छ। अर्को नेपालका घर, मन्दिरहरूको निर्माण गर्दा दुष्टात्माहरूको प्रवेश हुन नपाओस् भन्नाखातिर छानामा मयूरकृतिका कुंपा राख्ने चलन मध्यकालीन नेपालदेखि चल्दै आएर आजसम्म पनि प्रचलित नै रहेको देखिन्छ। प्रताप मल्लद्वारा निर्मित तथा संस्कारित हनूमान्ढोकाद्वारको ठीक माथिको तीनतल्ले मन्दिरमा उक्त आकारको कुंपा अझै देख्न सकिन्छ। दुष्ट प्रकृतिको उदाहरण दिंदा सर्पलाई प्रस्तुत गरिने चलन छ। नारद परिव्राजक उपनिषद्मा स्त्रीलाई सर्पसित तुलना गरिएको छ।

> "···वस्त्रमुच्छिष्टपात्रमिव .. स्त्रियमहिमिव सुवर्णं
> कालकूटमिव ... परित्यज्य स्वदेशमुत्सृज्य...
> स्वशरीरं शवमिव हेयमुपगम्य ... वसेत्।" (७) (३५)
>
> नारदपरिव्राजकोपनिषद्

मयूरको आहारा सर्प मानिएको छ औ मयूर कार्तिकेयको वाहन पनि हुंदा कार्तिकेय दुष्टात्माहरूको दलनद्वारा त्रिलोकमा शान्ति एवं ऐश्वर्य स्थापन गर्ने महत्वशाली देवता रहेको कुरा जानिन्छ। यसरी प्राचीन कालदेखि आजसम्मन् अविच्छिन्न रूपले उज्वल भविष्यको प्रतीकस्वरूप कार्तिकेयको उपासना चल्दै आएको कुराको पत्तो हुन्छ।

दक्षिण भारतमा कार्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिइन्छ। तिनलाई सुब्रह्मण्य किन भनियो भन्ने बारे निश्चित रूपले यथार्थ कुरो थाहा पाउन सकिएको छैन। कुमार र ब्रह्माका छोरा सनत्कुमार एउटै रहेको विश्वासमै विद्वान्हरूले कार्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिएको हुनु

धेरै सम्भव छ(३६) तर कार्त्तिकेय र सनत्कुमार एउटै हो भन्ने कुरा कुनै पनि साहित्यिक तथा पुरातात्विक आधारहरूबाट पुष्टि हुँदैन । अमरकोशले कार्त्तिकेयका जम्मा १७ नाम नै दिएको छ जसमा सनत्कुमार नामको सर्वथा अभाव छ ।

> "कार्तिकेयो महासेनः शरजन्मा षडाननः ।।४१।।
> पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः ।
> बाहुलेयस्तारकजिद्विशाखः शिखिवाहनः ।।४२।।
> षाण्मातुरःशक्तिधरः कुमारः क्रौञ्चदारणः ।"
>
> —अमरकोशः, प्रथमकाण्डम्, स्वर्गवर्गः

यी कारणहरूले गर्दा कार्त्तिकेयलाई उपरोक्त आधारबमोजिम सुब्रह्मण्यको संज्ञा दिइनु उपयुक्त होला जस्तो लाग्दैन । बरु ब्रह्माद्वारा निर्दिष्ट मार्गको अनुसरणमै कार्त्तिकेयको जन्म सम्भव भएको कुरा रामायणमा वर्णन भएको छ ।(३७) जसले कार्त्तिकेयलाईं सुब्रह्मण्यको संज्ञा किन दिइयो भन्ने तथ्यलाई बुझ्न सुगम गराएको छ ।

फेरि, कार्तिकेयलाई सुब्रह्मण्यको संज्ञा दिइएको बारे विचार गर्नाको लागि यिनको जन्म सूर्यबाट भएको उपाख्यान सहायक बन्न सकिने कुरा प्रस्टछ । सूर्य ब्रह्माका पनाति मानिएको छ । संक्षिप्त शक संवत् १५९ को पशुपतिको अभिलेखका "सूर्याद ब्रह्मप्रपौत्रान्..." पंक्तिले उक्त तथ्यको खुलासा गरेको छ ।(३८) अनि, मार्कण्डेय पुराणअनुसार कार्त्तिकेयको शक्त्यायुध सूर्यको शक्तिका अंशहरूबाट विश्वकर्माद्वारा निर्मित हतियार थियो ।(३९) सूर्यको केही अंश कार्त्तिकेयमा सारिएको हुंदा नै उनी लडाईंको वेला सूर्यको समीपमा बस्ने गरेको कुरा भविष्यपुराणमा वर्णित भएको हुनु धेरै सम्भव छ ।(४०) उक्त पुराणअनुसार कार्त्तिकेयका द्वारपालको रूपमा सूर्य र शिव राज्ञ तथा स्रौषको रूपमा रहेका हुन्छन् ।(४१) फेरि, कार्तिकेय विभिन्न ६ कृत्तिकाहरूको अभिनयसाथ स्वाहा र अग्निको समागमद्वारा षष्ठी तिथिको दिन जन्मेको कुरा महाभारतमा वर्णित छ । वैदिक अनुश्रुतिअनुसार अग्नि र शिव रुद्रमा कुनै भेद छैन औ महाभारतमा अग्नि सूर्यबाटै निस्केको भन्ने कुरा उल्लेख भएकोले सूर्य र अग्निमा पनि कुनै भेद नभएको सिद्ध छ ।(४२) कार्तिकेयका छ शिरले सम्भव छ ऋतुको, बाह्र हातले बाह्र महीनाको, कुखुराले अरुणोदयको अगुवाको औ रङ्गबिरंग प्वांख युक्त मयूरले सूर्यको शुभ्रप्रभाको प्रतिनिधित्व गरेका छन् ।(४३) कार्त्तिकेयको शक्त्यायुध पनि सूर्यकै शक्तिद्वारा निर्मित छ । यी सबै कुराहरूले कार्त्तिकेयको जन्म सूर्यबाटै भएको तथ्यतिर निर्दिष्ट गर्दछ । दक्षिण भारतमा प्रचलित एक ध्यानश्लोकमा कार्त्तिकेय सूर्यकै रूपमा वर्णित छ । यसरी कार्त्तिकेयलाई सुब्रह्मण्य भनिनाको वास्तविक तात्पर्य खुलस्त हुन आएको प्रतीत हुन्छ ।

उपरोक्त सबै आधारहरूबाट कार्त्तिकेय वैदिक देवता नभए तापनि यसले पछि गएर ठूलो ख्याति आर्जित गर्न सकेको कुरो जानिन्छ । तारकासुरसितको युद्धमा यिनले देवसैन्यको सफल संचालनद्वारा तारकासुरलाई बध गरी दानवहरूबाट देवलोकको रक्षा गरेका थिए । जसको कारण पनि तिनको एक नाम सेनापति रहन गएको हो । कार्त्तिकेयका विभिन्न नामहरू तिनको जीवनसित बढी मात्रामा सम्बन्धित छन् । तर कार्त्तिकेयकी पत्नीलाई देवसेनाको संज्ञा किन दिइयो भन्ने कुरा विचारणीय छ । तारकासुरसितको संग्राममा सम्पूर्ण देवताहरूले कार्त्तिकेयको अधीनता स्वीकार गरी तिनकै सेनापतित्वमा देवसैन्यले तारकासुरमाथि विजय हासिल गरेका थिए । दैत्यसेनाको अगाडि केही नलागी निर्बल भैरहेको देवसैन्यले तारकारसुरसितको युद्धमा कार्त्तिकेयको पत्नीरूपमै तिनको आधिपत्य स्वीकार गरेको तथा ती सेनाकै शक्तिले दैत्यसेनामाथि कार्त्तिकेयले विजय हासिल गरेको हुँदा तिनकी शक्तिको नाम नै देवसेना भएको कुराको अनुमान हुन्छ । कार्तिकेय देवसेनापति (देव सेनाको प्रमुख बा देवसेनाको खसम) पनि भएको हुनाले उक्त अनुमानको अरु बढी पुष्टि हुन्छ ।

कार्त्तिकेयको अतिरिक्त देवसेना पनि प्राणिमात्रको लागि मातृवत् पूजनीया मानिएकी छन् । षोडश मातृकाहरूमा देवसेना पनि एक मानिएकी छन् ।(४५) यसरी कार्त्तिकेय तथा तिनकी पत्नी देवसेना प्राचीनकालदेखिनै हाम्रो यहाँ आराध्यदेवी, देवको रूपमा रहेको कुरा निर्णित भै सत् चित् आनन्दको द्योतकस्वरूप रहेको यो त्रिलोकलाई दुष्ट मनोबृति हुनेहरूको चङ्गुलबाट उन्मुक्त गराई अरु बढी आनन्दमय गराउंदै लैजाने कार्यमा तिनीद्वारा प्रदर्शित आदर्श नै प्रेरणाश्रोत बनून्, अज्ञानान्धकारलाई हटाई ज्ञान रश्मि सिञ्चन गर्ने कार्यमा तिनको आदर्श दीपमालिका बनी प्रज्वलित होऊन् । बस, हामीले इच्छा गरेको कुरो यतिकै छ ।

# टिप्पणी

१. 'सूर उपाके तन्वं दधानो वियत्ते चेत्यमृतस्य वर्पः ।
मृगो न हस्ती तविषीमुषाणः सिंहो न भीम आयुधानि बिभ्रत् ।।१४।।"

ऋग्वेद ४।१६

"त्वं महां इन्द्र तुभ्यं रुक्षा अनुक्षत्रं मंहना मन्यत द्यौः।
त्वं वृत्रं शवसा जघन्वान्त्सृजः सिन्धुरहिना जग्रसानान् ।।१।।"

–ऋग्वेद ४।१७

"इमा रुद्राय स्थिरधन्वने शिरः क्षिप्रेषवे देवाय स्वधाम्वे ।
अषाह्लाय सहमानाय वेधसे तिग्मायुधाय भरता शृणोतु नः ।।१।।"

ऋग्वेद ७।४६

हेर्नुहोस् राहुल साँकृत्यायन रचित 'ऋग्वैदिक आर्य' १९५७ इ., पृ. ४६८, ४७०, ४९०

२. डायोमिडिस रण–तांडव कर रहा था। उसके सामने से जीवित बचकर कोई नहीं जाता था। एक स्थान पर वह युद्ध के देवता मार्स से जा भिडा। उस समय मार्स हेक्टर के पास खडा था और उसकी रक्षा कर रहा था।'

हेर्नुहोस्- डा. रांगेय राघव लिखित "प्राचीन यूनानी कहानियां", किताब महल, पृष्ठ १५०–१५१

3. "And even though Sectarianism made Krishna and Hari Servants of Skanda, he never gained the position of either; nor did he retain his eminence for long in the estimation of men, even though his worship did not disappear altogether, as has been the Case with Some other gods of antiquity."

हेर्नुहोस- आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई, पृ, ४६९

4. "Desika—Subrahmanya: This is the aspect in which Subrahmanya taught Siva, his own father, the Significance of the Sacred Syllable Om."

हेर्नुहोस्- गोपीनाथ रावद्वारा लिखित "इलेमेण्टस अव हिन्दू आइकनोग्राफी" भोल २, पार्ट २, मोतीलाल बनारसीदास, पृ, ४४३

५. "ब्राह्मं पाद्मं वैष्णवं च शैवं भागवतं तथा ।
तथान्यन्नारदीयं च मार्कंडेयं च सप्तमम् ।।
आग्नेयमष्टकं प्रोक्तं भविष्यन्नवमं तथा ।
दशमं ब्रह्मवैवर्तं लिंगमेकादशं तथा ।।
वाराहं द्वादशं प्रोक्तं स्कांदं चात्र त्रयोदशं ।
चतुर्दशं वामनं च कौर्मं पंचदशं तथा ।।
मात्स्यं च गारुडं चैव ब्रह्मांडाष्टादशं तथा ।।"

हेर्नुहोस्–वी. एस. एसे लिखित "संस्कृत इङ्गलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ इ., पृ.६७

६. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्टस अव हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतीलाल बनारसीदास, पृ. ४१५–२०–३०–३१,

"तत्र स्कन्दं नियतवसतिं पुष्पमेघीकृतात्मा
पुष्पासारैः स्नपयतु भवान्व्योमगङ्गाजलार्द्रैः ।
रक्षाहेतोर्नवशशिभृता वासवीनां चमूना
मत्यादित्यं हुतवहमुखे सम्भृतं तद्धि तेजः ।।४३।।
ज्योतिर्लेखावलयिगलितं यस्य बर्हं भवानी
पुत्रप्रेम्णा कुवलयदलप्रापि कर्णे करोति ।
धौतापांगं हरशशिरुचा पावकेस्तं मयूरं
पश्चाद्रिग्रहणगुरुभिर्गर्जितैर्नर्तयेथाः ।।४४।।
आराध्यैनं शरवणभवं देवमुल्लंघिताध्वा
सिद्धद्वन्द्वैर्जलकणभयाद्वीणिभिर्मुक्तमार्गः ।
व्यालम्बेथाः सुरभितनयालम्भजां मानयिष्य
न्स्रोतोमूर्त्या भुवि परिणतां रन्तिदेवस्य कीर्तिम् ।।४५।।"

–कालिदास विरचित "मेघदूतम्", पूर्वमेघ

हेर्नुहोस्–महाकवि कालिदास प्रणीतं 'मेघदूतम्', पण्डित पुस्तकालय, काशी, २०११, पृ. ४६-४८;

"देवि त्वमेवास्य निदानमास्से
सर्गे जगन्मङ्गलगानहेतोः ।
सत्यं त्वमेवेति विचारयस्व
रत्नाकरे युज्यत एव रत्नम् ।।११।।

अतः शृणुत्वावहितेन वृत्तं
बीजं यदग्नौ निहितं मया तत् ।
संक्रान्तमन्तस्त्रिदशापगायां
ततोऽवगाहे सति कृत्तिकासु ॥१२॥
गर्भत्वमासं तदमोघमेत
त्ताभिः शरस्तम्बमधि न्यधायि ।
बभूव यत्रायमभूतपूर्वो
महोत्सवोऽशेषचराचरस्य ॥१३॥

—कुमार सम्भवे एकादशः सर्गः ।

हेर्नुहोस्-महाकवि कालिदास विरचितं "कुमारसम्भवम्" पण्डित पुस्तकालय, काशी, १९५९ ई., पृ.१५९-१६०;

"अमुं पुरः पश्यसि देवदारुम् ?
पुत्रीकृतोसौ वृषभध्वजेन ।
यो हेमकुम्भस्तननिःसृतानाम्
स्कन्दस्य मातुः पयसां रसज्ञः ॥३६॥
कण्डूयमानेन कटं कदाचित्
वन्यद्विपेनोन्मथिता त्वगस्य ।
अथैनमद्रेस्तनया शुशोच
सेनान्यमालीढमिवासुरास्त्रैः ॥ ३८॥

—रघुवंशम् । द्वितीयः सर्गः ।

हेर्नुहोस्-महाकवि कालिदास विरचित 'रघुवंशम्';

"कार्तिकेयो महासेनः शरजन्मा षडाननः ॥४१॥
पार्वतीनन्दनः स्कन्दः सेनानीरग्निभूर्गुहः ।
बाहुलेयस्तारकजिद्विशाखः शिखिवाहनः ॥४२॥
षाण्मातुरः शक्तिधरः कुमारः क्रौञ्चदारणः ।"

—अमरकोशः प्रथमकाण्डम्, व्योमवर्गः

हेर्नुहोस्-विद्वद्वरामरसिंहविरचितः 'अमरकोशः' नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२६ वि.सं., पृ. ११

७. हेर्नुहोस्-गोपीनाथद्वारा लिखित "इलेमेण्ट्स अव हिन्दू आइकनोग्राफी' भोल २ पार्ट २, मोतीलाल बनारसी दास, पृ. ४१९

८. हेर्नुहोस् " " पृ, ४१८-१९ "
आर सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

9. Skanda Purana has the most ancient air about it. It takes the grim of the face of the researchers. Its reputation as one of the oldest complete manuscript in the world is Secure (4th Century A.D.)"

—King Mahendra of Nepal by Y.G. Krishnamurti. P. 126;

हेर्नुहोस्-हरिनन्दन ठाकुर रचित "नेपालः देश और संस्कृति", बिहार राष्ट्रभाषा परिषद्, पटना, १९६९ई. पृ. ७

१०. "नेपाल के ताडपत्र के पुस्तक संग्रह में ई. स. की. ७ वी. शताब्दीका लिखा हुआ 'स्कंदपुराण', कैंब्रिज के संग्रह में हर्ष संवत् २५२ (ई. स. ८५९) का लिखा हुआ 'परमेश्वरतंत्र' और नेपाल के संग्रह में नेवार सं. २८ (ई. स. ९०६-७) का लिखा हुआ 'लंकावतार' नामक पुस्तक है",

हेर्नुहोस्- गौरीशंकर हीराचंद ओझा लिखित 'भारतीय प्राचीन लिपिमाला' दूसरा संस्करण, वि. सं. १९७५, पृ. १४३

11. "Unknown to the vedas, he bears in a full-fledged form in the epics, and the Mahabhasya of patanjali bears testimony to his popularity as a god."

हेर्नुहोस्-आर.सी. मजुमदारद्वारा संपादित 'द एज अव इम्पेरियल यूनिटी", भारतीय विद्या भवन, १९५३ई., पृ. ४६७

12. "Some of these names are important in as much as they became independent cult—objects, as is proved by literary and numismatic data. Thus Patanjali gives the interesting information that the Mauryas, in order to replenish their treasury, began to sell images of gods like Siva, Skanda and Visakha, the most curious element in this information being that none of these, whose images were sold to the public, were genuine vedic gods."

हेर्नुहोस्-आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी', भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

13. "This is the sikhi-dhvaja of Karttikeya. The bird is evidently a peacock. On some specimens, we have Skando-komaro (Skando-kumara), Maaseno, (mahasena), and Bizago (Visakha), conceived as three different deities whose figures appear on the coins.

A group of two gods, viz, Skando koma-

ro (Skanda-Kumara) and Bizaro (Visakha); is represented on some coins while others have the group of three, viz. Skanda—Kumara, Visakha and maachno (mahasena). These were originally different divinities later identified with Karttikeya."

हेर्नुहोस्-डी.सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ई., पृ.१६०, १६१

"It appears also as if Skanda and Visakha were treated as different deities unless we are to believe that they were two forms of the same god differently named and worshipped for different purposes. Accidental confirmation of this dissociation of forms comes from the coins of Huvishka, on which the figures of Skanda, mahasena, Kumara and Visakha, with their names in Greek letters, are to be found. It appears, therefore, that not only Visakha but also Kumara and mahasena were independently conceived and figured, just as many of the vedic gods were worshipped under different names according to their diverse functions."

हेर्नुहोस्- आर.सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय विद्या भवन, १९५३ ई., पृ. ४६८

१४. हेर्नुहोस्-टिप्पणी नं. १३

१५. हेर्नुहोस्-फलक नं. ३क

१६. "अष्टप्लोतिसङ्घात्या कृष्णा भिङ्गिसी वर्षवारणम् अवसारक इति नैपालकम् ।"

—कौटिल्य अर्थशास्त्र, २ अधिकरण, ११ अध्याय; २९ प्रकरण

हेर्नुहोस्-हरिराम जोशी लिखित "नेपाली संस्कृति" २०२८ वि.सं.; पृ. १५

17. "In the Mahabharata, yaudheya appears as the name of a son of yudhishthira, and it is not improbable that the yaudheya people claimed descent from the Pandava king. They are mentioned Panini's Ashtadhyayi and are often classed with the Trigarttas and other peoples amongst the ayudha-jivi Kshatriyas."

हेर्नुहोस्-आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी"; भारतीय विद्या भवन; १९५३ई.; पृ. १६५

18. "The ruling clan of the Lichchhavis was firmly established during the days of Mahavira and Gautama Buddha, and the latter gave eloquent expression to his great admiration for their unity, strength, noble bearing and republican constitution."

हेर्नुहोस्- आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी"; भारतीय विद्या भवन; १९५३ई.; पृ. ७

१९. "यौधेय मुद्राहरू अनुरूप उत्तर प्राचीन कालीन नेपालका मुद्राहरू गोलाकार हुनुका अतिरिक्त त्यसको चारैतिर विन्दुयुक्त घेरा छन् । अनुमानित द्वितीय, तृतीय शताब्दी ई. का यौधेय गणको एक प्रकारको मुद्राको पृष्ठ भागको कार्तिकेयको पत्नी देवसेना (?) को आकृतिमा पनि मानाङ्क भौतिनी मुद्राको कमलासनमा अवस्थित लक्ष्मी मूर्तिको अनुरूप एक हात कम्मरमा अड्याई दोस्रो हात केही उठाइएको अङ्कित छ ।"
तुलनाको लागि हेर्नुस्–फलक नं. ३क

२०. हेर्नुहोस्-डी.सी. सरकारद्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स", कलकत्ता विश्वविद्यालय, १९६५ई. पृ २९६

२१. हेर्नुहोस्- " " " पृ २८६

२२. हेर्नुहोस्- " " " पृ ३२७, ४७७

२३. हेर्नुहोस्-"संस्कृत-सन्देश" मासिक पत्रम् प्रथमे वर्षे १ प्रथमोङ्क १

२४. हेर्नुहोस्-संशोधन मण्डलद्वारा प्रकाशित "पूर्णिमा" १६ पूर्णाङ्क, पृ. ३६४

२५. हेर्नुहोस्-संशोधन मण्डलद्वारा प्रकाशित "अभिलेख संग्रह" दशौ भाग, पृ. १३

२६. हेर्नुहोस्-गोपीनाथ रावद्वारा लिखित "इलेमेण्टस अव आइकनोग्राफी", भोल २ पार्ट २, मोतीलाल बनारसीदास

२७. " " " " "
प्लेट CXXIX व प्लेट CXXVIIIa

२८. हेर्नुहोस्– " " " "
प्लेट CXXV

२९. हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा सम्पादित "द क्लासिकल एज", भारतीय विद्या भवन, १९६२ई. प्लेट XX फिगर ४४

३०. हेर्नुहोस्–सी. शिवराम मूर्तिद्वारा लिखित 'इण्डियन स्कल्पचर" एलाइड पब्लिशर्स, १९६१ई. प्लेट नं. २०

31. "At Sankhu itself there is yet another unfinished specimen following closely upon the one described without any attendant figures above or below, but with Kumara astride the bull on the right and a two handed female attendants plying the fly whisk."

हेर्नुहोस्–पुरातत्व बिभागबाट प्रकाशित "प्राचीन नेपाल", आश्विन २०२४ पृ २६

३२. हेर्नुहोस्-पुरातत्व विभागबाट प्रकाशित ' प्राचीन नेपाल" माघ २०२४, प्लेट VII

३३: हेर्नुहोस्–पुरातत्व बिभागबाट प्रकाशित "प्राचीन नेपाल" आश्विन २०२४, पृ. २७, २८

३४. हेर्नुहोस्–फलक नं ३ख

३५. हेर्नुहोस्–डा. मङ्गलदेव शास्त्रीद्वारा लिखित "भारतीय संस्कृतिका विकास" औपनिषदधारा, भारतीय विद्या प्रकाशन, बाराणसी, १९६६ ई., पृ. २८४

३६. "छान्दोग्योपनिषदको सप्तम अध्यायमा ब्रह्माका छोरा सनत्कुमारले नारदलाई ब्रह्मोपासनाको उपदेश दिएको छ। यसै तथ्यलाई लिई श्री पाउल ट्रायसन तथा श्री ए. बी. कीथले सनत्कुमारलाई युद्ध देवताको रूपमा "द फिलासाफी अव द उपनिषद्स", पृ. १८ औं द "रेलिजन एण्ड फिलासाफी अव द वेद एण्ड-उपनिषदस", पृ. ४९३ ग्रन्थहरूमा वर्णन गरेका छन्। स्पष्टतया उहाँहरूको यहाँनिर सनत्कुमार, कुमार कार्तिकेय नाम साजञ्जस्यताको कारण भ्रम भएको हुन सम्भव छ।"

हेर्नुहोस्–डा. मङ्गलदेव शास्त्री लिखित "भारतीय संस्कृतिका बिकास" औपनिषदधारा, भारतीय विद्या प्रकाशन, बाराणसी, १९६६ ई. पृ. १४९;

हेर्नुहोस्–आर. सी. मजुमदारद्वारा संपादित "द एज अव इम्पेरियल यूनिटी" भारतीय बिद्या भवन, १९५३ ई., पृ. ४६८

३७. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्टस अब हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतिलाल बनारसीदास, पृ. ४१६

३८. हेर्नुहोस्–संस्कृत सन्देश: "मासिक पत्रम्, प्रथमे वर्षे। प्रथमोऽङ्क।

३९. हेर्नुहोस्–गोपीनाथ रावद्वारा लिखित "इलेमेण्टस अब हिन्दू आइकनोग्राफी" भोल २ पार्ट २, मोतिलाल बनारसीदास, पृ, ४३०–३१

४०. हेर्नुहोस्– " " " पृ. ४३१


४१. हेर्नुहोस्– " " " "

४२. हेर्नुहोस्– " " " पृ. ४२०, ४३१

४३. हेर्नुहोस्– " " " पृ. ४३२

४४. हेर्नुहोस्–महाकवि कालिदास प्रणीत "कुमार सम्भवम्" १३,५०, १८.५०

४५. "गौरी पद्मा शची मेधा सावित्री विजया जया।
देवसेना स्वधा स्वाहा मातरो लोकमातर:
शांति: पुष्टिर्धृतिस्तुष्टि: कुलदेवात्मदेवता:"
हेर्नुहोस्–वी. एस. एसे कृत "संस्कृत इङ्गलिश डिक्शनरी" मोतीलाल बनारसीदास, १९६८ ई.. पृ. ५७०



क, एकातिर कार्तिकेय र अर्कातिर देबसेनाको मूर्ति अङ्कित यौधेयमुद्रा ।



ख, ललितपुर सुनधारामा रहेको कार्तिकेयमूर्ति ।

# Newar Marriage Customs

-Purna Harsha Bajracharya

Professor Christoph Furer-Haimendorf of London University writes to his article entitled **Elements of Newar social structure**[1], "There is every reason to believe that the bulk of the Newar people has been settled in the Nepal valley since pre-historic times".

The majority of the Newars live in the valley of Kathmandu where they form the numerically eminent ethic element in the capital city of Kathmandu and other towns like Lalitpur, Bhaktapur, Thimi, Sankhu, Banepa and Kirtipur. From the point of view of religious following some are Buddhist and otheis Hindu.

The three main cities of Nepal Valley owe their unique artistic achievements to the Newars, whose fine worksmanship has found full expression in temples and other buildings of historic interest. They have utilised such different media as stone, clay, metal, and wood. This innate love for artistic grace has also stamped Newari social life in a large measure. Newars have been acclaimed for their strong community spirit, for the Newari community is a very well knit society concentrated in a small locality.

Among the Newars the responsibility for marriage arrangement depends wholly on the parents, although parental control is slowly diminishing among the younger generation as a result of modern habits, western education, political liberation, and economic cunsiderations as well. In a traditional manner of arranged marriage, however, the father employs friends to search for suitable girl for his son, and when found, he sends an intimate of the girl's parents as a **Lami** or go-between to commence negotiation with her family. If two families agree to negotiation, the girl's parents send their daughter's horoscope to the boy's parents through the same **Lami.** This horoscope along with the boy's horoscope is taken to an astrologer to determine whether they compatable, upon which only depends the possibility of marriage.

As the first step of marriage rituals, **"gue-biye"** ten betel nuts and a rupee in a silver pot (lampicha) are sent to the girl's house through the **lami.** The marriage is confirmed only when these gifts are accepted by the brides family. On the otherhand after some fifteen days the bridegroom's parents send a gift of seasonal fruits and peanuts to the girl. This is called in native language as **sisa fusa nake chhoye**, which continues upto the month of marriage.

During the month prior to the marriage,

1. Journal Royal Anthropological Institute, vol. 86 pt. 2. pp 15—38., 1956, p. 15

a gift of sweets is sent to the girl's house, a practice called **lakha-biye**. The Sweets (lakha-madhi), used solety for matrimoniel ceremonies, are made of tlour and pulse, boiled in ghee and dipped in liquid sugar, these sweets are more than a foot in diameter and more than three inches thick. Along with the sweets it is necessary to send some dried fish. Each time the fruits and the sweets are sent through the **lami**, he is served with wine and eggs by both parties. The sweets and fruits are not eaten by the members of the girl's family alone, but also distributed among her close relatives and friends.

Eight days before the marriage ceremony the boy's parent send **nika** to the girl's family, which is another kind of matrimonial sweet shaped like a ball. Sixty-four pieces of nika are placed in a pitcher—shaped clay pot (madhi—nang), the month of which is covered with a piece of paper which is opened by the prospective bride. On the side of the pot is placed a piece of paper on which is written the auspicious time for the marriage ceremony, as fixed by the **Joshi** (astrolager). Along with this are sent three **pathis** of beaten rice, one dish of sweets. five or six plates of different kinds of fruits, one plate of fried fruits and a plate full of pieces of crystallized molasses, called **nika khyaye chhoye** (baggi—chhoye).

Four days before the marriage ceremony the boy's family sends three persons to the girls's house with gifts and food. One of the three is a Bare or Taba [2] depending on caste status, who gives a golden bracelet, called Kalya, to the bride; the second is a Jyapu (a member of the Newar cultivator caste), who carry good and gifts to the girl; and the third is lami who introduces the Bare or taba to the girl and also gives to the girl food sent by the boy's family. on this day the girl must eat this food only. The emissaries are feastee in the house of the girl, and her fumily sends gifts of food to the bridegroom through the same jyapu. The bridegroom also takes only that food on this day, and therefore bride and bridegroom exchange food with each other. This called Kalya nhyake chhoye.

Just after the Kalya, the bride's near relatives and friends send invitation to her to pay visits at their houses, which occupies, her for the four days preceding the wedding. whenever she goes she is feasted. This ceremony (payena Ja nake) is a fare well to the girl before her entrance into a new family.

On this day before the marriage ceremony one Pathi (approximately one gallon) of milk with some molasses and cordamoms is sent to the girl's house by the boy's family. This called durdai, is a ceremonial repayment to the girl's mother for suckling her.

On that evening a big feast (payena biye bhoye) is held in the girl's house only the relatives and friends of the girl and the girl's family are invited. The guests Present the girl with different kinds of household untesils as dowry which are called Kosa. The maternal uncle usually gives a she-goat; the mother gives a metal vermillian Pot called **sinhamoo**; and the father gives a bronze mirror called **Jwala Nhayekang**.

On the same evening a marriage procession of the male guests preceded by musicians goes from the groom's house to the girl's just

2. The **Tabas**, by profession, area metal heating group while the **Bares** that of silver and gold.
3. The "doli" is a means of conveyance consistaing of a pole with a cloth in the form of a hammock attached to it. It is carried by two men. Now a days, under socalled modern influence, some Newars have begun to use automobiles instead of traditional doli.

before this is sent a traditional musical band called **Pancha bajan,** along with a jyapu dressed like a Tibetan, a torch bearer and several dolis carriers as an advance party. The presence of a Tibetan in the marriage procesion is meant to indicate that the boy's parents have a business establishment in Lhass, since in earlier days, anyman of wealth had trade in Tibet: All the guests and musicians are welcomed by the girl's family with the presention of different kinds of dried fruits and betel leaves. Now a days cigarettes are also added. All the guests. except a few near relatives who must stay over night in the girl's house, go back to their respective house after having received the fruits and betel leaves. The name of this ceremony is **loswo onegu** or **janta onegu**.

At midnight a farewell party is given to the girl by her parents after which the girl's mother hands over the daughter to the **lami.** At this moment the bridegroom's father gives the girl a pair of foot ornaments made of silver called **tuti baggi** (which literally means a carriage for the feet) and some small brocade purses containing betel nuts. She puts the ornaments herself on her feet and the purses she gives to her parents and near relatives as a token signifying that the hour of her departure is at hand. This is the signal for a general outbreak of weeping and lamentation. The girl then brought downstairs and is put into the **doli.** The bride's father-in-law puts a brocade shawl over the **doli**; and takes her to a friend's house. Along the way, a witty exchange takes place in front of a local shrine between priests representing the bride's and the groom's parties in which the girl becomes the responsibility of her father in law with the presiding diety as witness. This is called **bhaumacha khan lhaye.** The girl spends the rest of the night in her father in law's friend's house along with the ladies who had accompanied her. This, called **sisitaye,** is done in order to insure the performance of the traditional rites at the exact moment fixed by the **Joshi (astrologer).**

To be continued

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Shri Mohan Prasad Khanal | Anusandhata, Dumakhal Kathmandu. |
| Shri Taranand Mishra | Pravidhik Adhikari, Puratattva Vibhag. |
| Shri Shankar Man Rajvanshi | Sampadak, Rashtriya Abhilekhalaya. |
| Shri Hari Ram Joshi | Shakha Adhikrit, Sanchar Mantralaya. |
| Shri Purna Harsha Bajracharya | Pradhan Anuṣandhan Adhikari, Puratattva Vibhag. |

*K N-75-5
15PC
15.

'प्राचीन नेपाल'का निमित्त प्राग्-इतिहास तथा पुरातत्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तर प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएका भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ ।

निर्देशक
पुरातत्व विभाग
सिंहदरबार
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to Ancient Nepal.

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretaion of already known evidence.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:—

**The Director**
Department of Archaeology
Singha Darbar,
Kathmandu, Nepal.